नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

# तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७)

अर्थ मन्त्रालय
सिंहदरबार, नेपाल

## विषय सूची


१. परिचय........................................................................................................१

१.१ रणनीतिको उद्देश्य........................................................................................१

१.२ रणनीति तर्जुमा प्रक्रिया....................................................................................२

२. तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति तर्जुमाको सन्दर्भ..................................३

२.१ सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको परिदृश्य..........................................................३

२.२ तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको आवश्यकता दर्शाउने अर्थ-राजनीति..........................४

२.३ सिकिएका पाठहरू..........................................................................................६

२.४ स्थिति विश्लेषण............................................................................................७

३. दीर्घकालीन सोच, ध्येय, लक्ष्य, परिवर्तनको सिद्धान्त र रणनीतिक उद्देश्यहरू.................१८

३.१ दीर्घकालीन सोच..........................................................................................१८

३.२ ध्येय..........................................................................................................१८

३.३ मूल मान्यता र मार्गदर्शक सिद्धान्तहरू..........................................................१८

३.४ परिवर्तनको सिद्धान्त......................................................................................१९

३.५ रणनीतिक उद्देश्यः समग्र ढाँचा..........................................................................२२

४. सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका प्राथमिकता र नतिजाहरू....................................२४

स्तम्भ १: बजेटको विश्वसनीयता............................................................................२४

स्तम्भ २: बजेटको कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन................................................३८

स्तम्भ ३: राजस्व व्यवस्थापन................................................................................६०

स्तम्भ ४: अन्तरसरकारी वित्त व्यवस्थापन..................................................................७२

स्तम्भ ५: ऋण तथा वित्त जोखिम व्यवस्थापन............................................................८०

स्तम्भ ६: सम्पत्ति व्यवस्थापन................................................................................८८

स्तम्भ ७: बाह्य निगरानी, पारदर्शिता र जवाफदेहिता....................................................१००

अन्तरसम्बन्धित क्षेत्रहरू......................................................................................११५

५. कार्यान्वयन व्यवस्था.......................................................................................१२१

५.१ संस्थागत व्यवस्था........................................................................................१२१

५.२. स्रोतको व्यवस्था.........................................................................................१२१

५.३. अनुगमन र मूल्याङ्कन.....................................................................................१२२

६. अनुसूचीहरू...................................................................................................१२५

अनुसूची १......................................................................................................१२५

तेस्रो सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता मूल्याङ्कन अङ्क.......................................१२५

अनुसूची २......................................................................................................१२७

अनुगमन, मूल्याङ्कन र सिकाइ योजनाका मुख्य विशेषताहरू..............................................१२७


नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

## Abbreviations (संक्षिप्त शब्दावलीहरू)

| | |
|---|---|
| ADB | एसियाली विकास बैंक |
| BPRS | बजेट तयारी तथा प्रतिवेदन प्रणाली |
| CBMS | केन्द्रीय बीजक अनुगमन प्रणाली |
| CGAS | केन्द्रीकृत सरकारी लेखा प्रणाली |
| CPA | नागरिक सहभागितामूलक लेखापरीक्षण |
| CRPFM | जलवायु अनुकूलन सार्वजनिक वित्तीय व्यवस्थापन |
| CSOs | नागरिक समाज संगठनहरू |
| DOC | भन्सार विभाग |
| DOMS | ऋण सञ्चालन तथा व्यवस्थापन प्रणाली |
| DTCO | जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय |
| EBUs | गैर बजेटरी निकायहरू |
| EFT | विद्युतीय कोष स्थानान्तरण |
| EMIS | शिक्षा व्यवस्थापन सूचना प्रणाली |
| FCGO | महालेखा नियन्त्रक कार्यालय |
| FFCD | वित्तीय संघीयता समन्वय महाशाखा |
| FPFAA | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन |
| GDP | कुल गार्हस्थ उत्पादन |
| GRB | लैङ्गिक उत्तरदायी बजेटिङ |
| GRPFM | लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन |
| HMIS | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| ICT | सूचना तथा सञ्चार प्रविधि |
| ICAN | नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था नेपाल |
| IGFT | अन्तरसरकारी वित्तीय हस्तान्तरण |
| IMF | अन्तर्राष्ट्रिय मुद्रा कोष |
| IPFMS | एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सेवा |
| IRD | आन्तरिक राजस्व विभाग |
| ISO | अन्तर्राष्ट्रिय मानदण्ड सम्बन्धी संगठन |
| ITS | एकीकृत कर प्रणाली |
| M&E | अनुगमन तथा मूल्याङ्कन |
| MDAC | मन्त्रालयस्तरीय विकास समस्या सामाधान समिति |
| MEL | अनुगमन, मूल्याङ्कन र सिकाइ |
| MTEF | मध्यमकालीन खर्च संरचना |
| NAMS | नेपाल लेखा व्यवस्थापन प्रणाली |
| NCHL | नेपाल क्लियरिङ हाउस लिमिटेड |
| NGAS | नेपाल सरकार लेखापरीक्षणमान |

| | |
|---|---|
| NID | राष्ट्रिय परिचयपत्र |
| NNRFC | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| NPC | राष्ट्रिय योजना आयोग |
| NPSAS | नेपाल सार्वजनिक क्षेत्र लेखामान |
| NPB-MIS | राष्ट्रिय परियोजना बैंक व्यवस्थापन सूचना प्रणाली |
| OAGN | महालेखापरीक्षकको कार्यालय, नेपाल |
| O&M | संगठन तथा व्यवस्थापन सर्वेक्षण |
| PAC | सार्वजनिक लेखा समिति |
| PAMS | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली |
| PDMO | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय |
| PEFA | सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व |
| PFM | सार्वजनिक वित्तीय व्यवस्थापन |
| PFMRS | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति |
| PFMTC | सार्वजनिक वित्तीय व्यवस्थापन तालिम केन्द्र |
| PIMA | सार्वजनिक लगानी व्यवस्थापन मूल्याङ्कन |
| PLGs | प्रदेश तथा स्थानीय तह |
| PPMO | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| PPP | सार्वजनिक-निजी साझेदारी |
| RMIS | राजस्व व्यवस्थापन सूचना प्रणाली |
| SOPs | सञ्चालन कार्यविधि |
| SPFM | नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको सुदृढीकरण |
| SuTRA | स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली |
| TNA | तालिमको आवश्यकता मूल्याङ्कन |
| TSA | एकल कोष खाता प्रणाली |

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

# १. परिचय

## १.१ रणनीतिको उद्देश्य

तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) ले स्रोत विनियोजनमा प्रभावकारिता अभिवृद्धि गर्ने, आर्थिक अनुशासन कायम राख्ने र सार्वजनिक सेवा प्रवाह प्रवर्धन गर्ने लक्ष्य राखेको छ। जसले नेपालको सङ्घीय संरचनाको दिगोपनालाई टेवा दिनेछ। नेपालमा सङ्घीय शासन प्रणाली कार्यान्वयनपछि ल्याइएको पहिलो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति भएकोले यसले सङ्घीय शासनको सन्दर्भमा राष्ट्रका दायित्व तथा सामाजिक-आर्थिक लक्ष्यहरू हासिल गर्नका लागि वित्तीय स्रोतहरू रणनीतिक रूपमा विनियोजन तथा उपयोग गर्न सरकारलाई मद्दत गर्नेछ।

यस रणनीतिले निम्न उद्देश्यहरू हासिल गर्ने लक्ष्य लिएको छः

- विश्वसनीय, प्रमाणमा आधारित बजेट तथा दिगो आर्थिक अनुशासन।
- कार्यसम्पादनमा आधारित बजेट प्रणालीको माध्यमबाट नतिजातर्फ उन्मुख हुने।
- राजस्व सङ्कलन तथा प्रतिवेदनका लागि आधुनिक, सरल, र प्रभावकारी प्रणालीहरूको संचालन।
- प्रभावकारी खरिद प्रक्रिया तथा स्थिर परियोजना प्रशासन संयन्त्र।
- दिगो सार्वजनिक ऋण व्यवस्थापन तथा वित्त जोखिमको न्यूनीकरण।
- अन्तरसरकारी तथा अन्तरनिकायबीच सुदृढ समन्वय तथा स्वचालित आर्थिक हस्तान्तरण।
- नागरिकले पहुँच पाउन सक्ने र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सूचना प्रविधि प्रणालीहरूको विकास।
- नागरिक संलग्नतामार्फत सहभागितामूलक लेखापरीक्षण प्रक्रिया।
- वित्त खाकाहरूमा जलवायु तथा लैङ्गिक प्राथमिकताहरूको समायोजन।
- पारदर्शी, समावेशी शासन प्रणालीमार्फत विश्वास र जवाफदेहिता प्रवर्धन।

यस रणनीतिले वित्त नीति, राजस्व परिचालन, बजेट निर्माण, खर्च, आन्तरिक नियन्त्रण, ऋण, सम्पत्ति, लेखापालन र लेखापरीक्षणलगायतका क्षेत्रहरूको सुधारलाई मार्गनिर्देशित गर्दछ। दिगो सुधारका लागि सूचना प्रविधि प्रणालीको विकास तथा सबै क्षेत्र र तहहरूमा क्षमता विकास अपरिहार्य हुन्छन्। यो रणनीतिले अन्ततः पारदर्शिता, सुशासन, र तीनवटै तहका सरकारहरूबीच समन्वित प्रयासलाई प्रवर्धन गर्ने सशक्त सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई संस्थागत गर्ने लक्ष्य राखेको छ। देशमा वित्तीय सङ्घीयताको अभ्यासलाई आवश्यक परिमार्जन र थप सुधारमार्फत सुदृढीकरण गर्ने सरकारको प्रयासमा पनि सहयोग पुऱ्याउने उद्देश्य यसले राखेको छ। रणनीतिले नागरिक संलग्नता, जलवायु तथा लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन अभ्यासलाई सबै तहका सरकारहरूको प्राथमिकताका रूपमा राख्दै दिगो सुधार प्रक्रियालाई अगाडि बढाउने कुरामा जोड दिएको छ।

यो रणनीति संघ, प्रदेश र स्थानीय तहलाई खर्च तथा राजस्वको स्रोतहरू सुनिश्चित गर्ने वित्तीय सङ्घीयतासम्बन्धी संवैधानिक प्रावधानहरू अनुकूल हुने गरी तयार पारिएको छ। यो रणनीति १६औं पञ्चवर्षीय योजना (२०२५– २०२९), तेस्रो सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) मूल्याङ्कन (२०२२), र महालेखा परीक्षकको कार्यालय, संसदीय समितिहरू, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय सतर्कता केन्द्र, र सार्वजनिक खरिद अनुगमन कार्यालय जस्ता विभिन्न निगरानी निकायहरूका प्रतिवेदनहरू लगायतका प्रमुख राष्ट्रिय नीतिगत मार्गदर्शन एवं मूल्याङ्कनहरुबाट निर्देशित छ। यसका साथै, रणनीतिमा आन्तरिक राजस्व परिचालन रणनीति, सार्वजनिक लगानी व्यवस्थापन, कर प्रशासन लेखाजोखासम्बन्धी निदानात्मक उपकरण (टाडाट), ऋण व्यवस्थापन कार्यसम्पादन मूल्याङ्कन, मध्यमकालीन ऋण रणनीति तथा सार्वजनिक वित्तीय व्यवस्थापन चक्रसँग सम्बन्धित अन्य क्षेत्रीय रणनीतिहरूबाट प्राप्त सुझाव र सन्दर्भहरू समेत समावेश गरिएका छन्।

## १.२ रणनीति तर्जुमा प्रक्रिया

राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति समावेशी र सहभागितामूलक प्रक्रियाबाट तर्जुमा गरिएको छ। रणनीति निर्माणको आधार तेस्रो सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) मूल्याङ्कन रहेको छ। संस्थागत तहमा गरिएको परामर्शमार्फत सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी चुनौतीहरू र अवसरहरूबारे प्रारम्भिक सुझावहरू सङ्कलन गरिएको थियो। सङ्घीय सरकारका प्रमुख मन्त्रालय र विभागहरूले सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा विद्यमान चुनौतीहरू, सुधारको प्राथमिकता, र अवसरहरूबारे सुझाव प्रदान गरेका थिए। यसलाई मधेश, गण्डकी र कोशी प्रदेशहरूमा गरिएको स्थलगत भ्रमण तथा छलफलले थप सघाएको छ, जसले स्थानीय सन्दर्भ र प्राथमिकतालाई उजागर गर्न सहयोग पुऱ्याएको साथै राष्ट्रिय तथा प्रदेश एवं स्थानीय तहका सरोकारवालाबिचको एकरूपता सुनिश्चित गरेको थियो। रणनीति निर्माणको क्रममा १८ भन्दा बढी संस्थागत प्रस्तुतीकरण तथा परामर्श सत्रहरू सञ्चालन भएका थिए। त्यससँगै, प्रदेश तथा स्थानीय तहका ७०० भन्दा बढी निर्णयकर्ताको सहभागितामा ३४ वटा परामर्श सत्रहरू सम्पन्न गरिएको थियो।

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल र नेपाल नगरपालिका सङ्घलगायतका नागरिक समाज सङ्गठनहरूसँगको सहकार्यले सुधार रणनीति निर्माण प्रक्रियामा पारदर्शिता र समावेशिता सुनिश्चित गरेको, साथै रणनीतिको सामग्रीलाई परिष्कृत गर्न सहयोग पुऱ्याएको छ। मन्त्रालयअन्तर्गतको वित्तीय सङ्घीयता समन्वय महाशाखामा गठित एक कार्यदलले विशेषज्ञहरूको संलग्नतामा रणनीति निर्माण प्रक्रियाको नेतृत्व गरेको थियो। प्राविधिक विज्ञ तथा विकास साझेदारहरूसँगको सहकार्यले रणनीतिमा प्राविधिक विज्ञता तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरू समावेश गर्न सकिएको छ।

राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिलाई अन्तिम रूप दिने क्रममा अपनाइएको बृहत्तर र सहभागितामूलक पद्धतिले व्यापक सरोकारवालाको संलग्नता सुनिश्चित गराउनुका साथै रणनीतिलाई नेपालको विकास प्राथमिकतासँग एकाकार पनि बनाएको छ। यस प्रक्रियाको समापन उच्चस्तरीय राष्ट्रिय परामर्श बैठकमार्फत गरिएको थियो, जसमा नीति निर्माणकर्ता, सरकारका विभिन्न तहका प्रतिनिधिहरू तथा विकास साझेदारहरू लगायतका प्रमुख सरोकारवालाहरूले प्रारम्भिक मस्यौदामा सुझाव प्रदान गरेका थिए। रणनीतिको अन्तिम मस्यौदामा सार्वजनिक सुझाव

सङ्कलन गर्न उक्त मस्यौदालाई अर्थ मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएको थियो। त्यसका साथै, विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैङ्क, विदेश, राष्ट्रमण्डल तथा विकास कार्यालय (एफसिडिओ), नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा सार्वजनिक वित्तीय व्यवस्थापन विज्ञहरू लगायतका सरोकारवालाहरूबाट लिखित सुझावहरू प्राप्त गरिएको छ। रणनीतिलाई अन्तिम रूप दिने प्रक्रियामा अङ्ग्रेजी संस्करणलाई नेपालीमा अनुवाद गरी मन्त्रिपरिषद्मा अन्तिम स्वीकृतिको लागि पेश गरिएको छ। यस समावेशी प्रक्रियाले राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिलाई नेपालको विकास लक्ष्यहरूसँग मेल खाने बनाएको छ, यसले सरकारका सबै तहमा सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी चुनौतीहरू र अवसरहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्नेछ।

## २. तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति तर्जुमाको सन्दर्भ

### २.१ सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको परिदृश्य

नेपालले सन् १९९० को दशकदेखि नै सुशासन सुदृढ गर्न, राजस्व तथा खर्चमा अनुशासन कायम राख्न, र सेवा प्रवाहमा सुधार ल्याउन सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका कार्यहरु अघि बढाउँदै आएको छ। सन् २००५ मा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) खाका अङ्गीकार गरिएपछि त्यसले सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीहरूको मूल्याङ्कन र सुधार गर्नका लागि एउटा व्यवस्थित पद्धति प्रदान गरेको छ। सन् २००८ मा सम्पन्न पहिलो पेफा मूल्याङ्कनले बजेटको विश्वसनीयता, कर नीतिहरू तथा वित्तीय प्रतिवेदन प्रणालीमा रहेका चुनौतीहरू पहिचान गरी पछिल्ला सुधार चरणहरूको लागि आधार तयार गरेको थियो।

यसको आधारमा सरकारले पहिलो एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति २००९– २०१५ लागु गर्‍यो। दोस्रो रणनीति सन् २०१६ मा सुरु भई २०१६/१७ देखि २०२५/२६ सम्म लागु हुने गरी अघि सारिएको थियो। यस रणनीतिको कार्यान्वयनलाई सहज बनाउन अर्थ सचिवको अध्यक्षतामा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समिति गठन गरियो, साथै अर्थ मन्त्रालय अन्तर्गत सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालय स्थापना गरियो। यसका महत्त्वपूर्ण उपलब्धिहरूमा एकल कोष खाता प्रणाली, राजस्व व्यवस्थापन सूचना प्रणाली, तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र), विद्युतीय सरकारी लेखा प्रणाली (सिगास), नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली जस्ता विविध डिजिटल उपकरणहरूको कार्यान्वयन समावेश छन्। यी प्रयासहरूले वित्तीय अनुशासन र वित्तीय कार्यक्षमतामा सुधार ल्याउनुका साथै वित्तीय व्यवस्थापन प्रणालीहरूको आधुनिकीकरणमा योगदान गरेका छन्।

नेपालले सार्वजनिक वित्तीय व्यवस्थापनका लागि आफ्नो कानुनी तथा नियामक खाका पनि सुदृढ बनाएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा त्यससँग सम्बन्धित नियमावली, २०७७, साथै लैङ्गिक तथा जलवायु उत्तरदायी बजेट निर्देशिका, अन्तर्राष्ट्रिय मापदण्डहरू बमोजिमको राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को अनुकूल हुनेगरी तर्जुमा भएका छन्। सन् २०१७ देखि २०२३ सम्मको अवधिमा सरकारले विभिन्न सार्वजनिक वित्तीय

व्यवस्थापन सम्बन्धी कानुन तथा नीतिहरू पारित गरेको छ, जसले सङ्घीय संरचनाभित्र सार्वजनिक वित्तको व्यवस्थापनका लागि एक सुदृढ ढाँचा तयार गर्न मद्दत गरेको छ।

सन् २०२४ मा नेपालले तेस्रो सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्याङ्कन सम्पन्न गरी (२०२२ सम्मको) प्रकाशित गरेको थियो, जुनसँगै पहिलोपटक लैङ्गिक उत्तरदायी र जलवायु उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन मूल्याङ्कन पनि सार्वजनिक गरियो। यी मूल्याङ्कनहरूले सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसम्पादनमा भएको प्रगति उजागर गरेतापनि सुधार आवश्यक रहेका केही क्षेत्रहरू पनि पहिचान भएका छन्। चुनौतीहरूमा बजेटको विश्वसनीयतामा कमी, सार्वजनिक सम्पत्तिको एकीकृत व्यवस्थापनको अभाव, र खर्च तथा राजस्व पूर्वानुमानमा रहेको कार्यक्षमता अभाव समावेश छन्। सन् २०२२ मा मूल्याङ्कन गरिएका ९४ वटा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) आयाममध्ये २७ ले "D" अङ्क प्राप्त गरे, जसले व्यापक सुधारको आवश्यकता दर्शाउँछ। त्यसैगरी, ९ वटा लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन सूचकहरूमध्ये एउटाले मात्र "B" अङ्क प्राप्त गऱ्यो भने अधिकांश सूचकहरूले "D" अङ्क प्राप्त गरे। जलवायु उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापनको सन्दर्भमा १४ सूचकहरूमध्ये २ वटाले "B", ४ वटाले "C" र ६ वटाले "D" अङ्क प्राप्त गरे। दक्षिणपूर्वी एसियामा भुटानपछि नेपाल लैङ्गिक तथा जलवायु उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन मूल्याङ्कन गर्ने दोस्रो देश हो।
नेपालको हाल सञ्चालित सुधारका प्रयासहरुले यी कमजोरीहरूलाई सम्बोधन गर्दै डिजिटल प्रणालीहरूलाई अन्तरआवद्ध, अन्तरसरकारी समन्वयमा सुधार, र जलवायु तथा लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन अभ्यासको अनुसरणमा जोड दिएको छ। नेपाल सरकारको आफ्नै स्रोतका साथै विकास साझेदारहरूले पनि सुधार पहलहरूमा महत्त्वपूर्ण सहयोग प्रदान गरिरहेका छन्। उल्लेखनीय प्रगतिका बाबजुद संघ, प्रदेश र स्थानीय तहबीचको आर्थिक जिम्मेवारीको समायोजन तथा अनुपालनाको कार्यान्वयनमा रहेका चुनौतीहरू अझै कायम छन्। यी सुधार प्रयासहरूलाई नेपालको दीर्घकालीन आर्थिक र विकास लक्ष्यहरूसँग मेल खाने गरी अघि बढाउन एक समन्वित राष्ट्रिय रणनीति आवश्यक देखिएको छ।

## २.२ तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको आवश्यकता दर्शाउने अर्थ-राजनीति

नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति देशको समग्र शासन प्रणालीको रूपान्तरण विशेषतः सङ्घीय शासनतर्फको संक्रमणबाट प्रभावित छ। सन् २००६ मा दशवर्षे द्वन्द्वको अन्त्य र सन् २००८ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनालगायत नेपालले विभिन्न महत्त्वपूर्ण राजनीतिक संक्रमणहरू पार गरेको छ। सन् २०१५ मा भएको सङ्घीयतातर्फको रूपान्तरणले शासन प्रणालीमा व्यापक संरचनागत परिवर्तन ल्यायो जसले उल्लेखनीय मात्रामा वित्तीय र प्रशासनिक अधिकारहरू प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गऱ्यो। राजनीतिक तथा आर्थिक पक्षहरूले पनि सार्वजनिक वित्तीय व्यवस्थापन सुधारहरूको प्रभावकारितामा असर पार्ने गर्छन्। बजेट विनियोजनमा राजनीतिक परिस्थितिको प्रभाव अझै पनि देखिन्छ जसले गर्दा बजेटमा अल्पकालीन निर्वाचनमुखी प्राथमिकताहरूलाई दीर्घकालीन आर्थिक दिगोपनभन्दा माथि राखिने गरिएको छ। राजनीतिक अस्थिरता, बारम्बार सरकार परिवर्तन र नीतिगत निरन्तरताको अभावले दीर्घकालीन सुधार पहलहरूलाई कमजोर बनाउने गरेका छन्। अल्पकालीन राजनीतिक लाभको खोजीले कहिलेकाहीं वित्तीय अनुशासन र स्रोतहरूको प्रभावकारी

उपयोगलाई बेवास्ता गर्ने गरेको छ। तथापि, नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार यात्राले वित्तीय पारदर्शिता, जवाफदेहिता, र विकेन्द्रित शासनप्रतिको प्रतिबद्धता दर्शाउछ। राजनीतिक इच्छाशक्ति र सरोकारवालाबीचको सहकार्य निरन्तर रहन सकेमा, यस सुधार रणनीतिले नेपालको दीर्घकालीन वित्तीय तथा विकास लक्ष्यहरू हासिल गर्न निर्णायक भूमिका खेल्नेछ।

नेपालको अर्थतन्त्र मूलतः वैदेशिक रोजगारबाट पठाइने विप्रेषणमा निर्भर छ, जुन कुल गार्हस्थ उत्पादनको करिब २५ प्रतिशत रहेको छ (आ.व. सन् २०२३।०२४)। यस्तो निर्भरताले विश्वव्यापी आर्थिक मन्दी वा श्रमिकका गन्तव्य देशहरूको नीतिमा हुने परिवर्तन जस्ता बाह्य झट्काहरूले नेपाललाई प्रभावित बनाउँछ। साथै, नेपालको करको आधार साँघुरो र अनौपचारिक क्षेत्र ठूलो रहेकोले राजस्व परिचालनको दायरा सीमित छ। हाल कुल राजस्व सङ्कलन कुल गार्हस्थ उत्पादनको १८.३ प्रतिशतमा सीमित छ। गरिबी अझै पनि व्यापक रहेको छ। करिब १७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि जीवन यापन गरिरहेका छन् (विश्व बैङ्क, २०२३)। यस अवस्थाले सामाजिक सेवामा पर्याप्त सार्वजनिक खर्चको आवश्यकता औंल्याउँछ। तथापि, पुँजीगत खर्चको न्यून उपयोग दर (कुल विनियोजित बजेटको औसत ७०-८० प्रतिशत मात्र खर्च हुने), प्रक्रिया-केन्द्रित खरिद प्रणालीहरू जस्ता सार्वजनिक वित्तीय व्यवस्थापनमा रहेका कमजोरीहरूले स्रोतको प्रभावकारी उपयोगमा बाधा पुऱ्याइरहेका छन्।

संरचनात्मक आर्थिक चुनौतीहरूले नेपालको दीर्घकालीन आर्थिक वृद्धिको सम्भावनालाई अझ सीमित बनाइरहेका छन्। कमजोर औद्योगिक आधार र पूर्वाधारको न्यून विकासले बेरोजगारी तथा अल्परोजगारीलाई बढावा दिइरहेको छ। देशमा युवा बेरोजगारी दर करिब २० प्रतिशत रहेको छ (अन्तर्राष्ट्रिय श्रम सङ्गठन, २०२३)। भूकम्प, बाढी जस्ता प्राकृतिक विपद्हरू बारम्बार आउनाले सार्वजनिक वित्तमा अतिरिक्त दबाब पर्नुका साथै आर्थिक गतिविधि अवरुद्ध हुने गरेको छ। नेपालले पछिल्ला केही वर्षहरूमा कुल गार्हस्थ उत्पादनको ४-५ प्रतिशत हाराहारीमा लगातार वित्तीय घाटा व्यहोर्दै आएको छ (अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२३)। यस्ता घाटाहरू प्रायः आन्तरिक ऋण र बाह्य ऋणबाट पूर्ति गरिन्छ, जसले गर्दा सार्वजनिक ऋणको मात्रा बढ्दै गएको छ। हाल सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको करिब ४० प्रतिशत पुगेको छ। यसबाहेक, राजस्व बाँडफाँटको संयन्त्र र अन्तर-सरकारी वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्था अझै पनि विवाद रहित छैनन्। सङ्घीय अनुदानमा अत्यधिक निर्भरता रहेकोले प्रदेश तथा स्थानीय तहको ६० प्रतिशतभन्दा बढी बजेट सङ्घीय हस्तान्तरणबाट पूर्ति हुने गरेको छ। यसले उनीहरूको आन्तरिक राजस्व सङ्कलनको सीमित क्षमतालाई झल्काउँछ। दिगो विकास लक्ष्यहरू तथा १६औं आवधिक योजनाका लक्ष्यहरू लगायतका विकास लक्ष्यहरू हासिल गर्नका लागि नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउनु अत्यन्त आवश्यक छ।

यी राजनीतिक तथा आर्थिक चुनौतीहरूका बाबजुद, विशेषतः सङ्घीय संरचनासँग वित्तीय नीतिहरूको समायोजनका सन्दर्भमा नेपालले आफ्नो सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली सुदृढ गर्न उल्लेखनीय प्रगति हासिल गरेको छ। मुख्य उपलब्धिहरूमा अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐनमार्फत वित्तीय शासनको विकेन्द्रीकरण एक हो, जसले प्रदेश र स्थानीय तहमा वित्तीय स्वायत्तता बढाएको छ। यसैगरी एकीकृत वित्तीय व्यवस्थापन प्रणालीहरूको अङ्गीकरणद्वारा बजेट पारदर्शिता सुधार; तथा बजेटको विश्वसनीयता र खर्च अनुगमन जस्ता पहलहरू समावेश छन्।

त्यसैगरी, स्रोत साधनको न्यायसङ्गत वितरण गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जस्ता सशक्त संवैधानिक संस्थाहरूको स्थापना गरिएको छ। यस्ता सुधारहरूले आफ्नो वित्तीय व्यवस्थापन अभ्यासलाई आधुनिक बनाउने नेपालको प्रतिबद्धतालाई इङ्गित गर्दछन्। तथापि, राजनीतिक तथा आर्थिक परिवेश निरन्तर परिवर्तन भइरहेको सन्दर्भमा यी उपलब्धिहरूलाई दिगो बनाइराख्न तथा अझ सशक्त पार्न रणनीतिक हस्तक्षेप अपरिहार्य हुन्छ। प्रमाणमा आधारित बजेट योजनालाई संस्थागत गरी स्वतन्त्र लेखापरीक्षण संयन्त्रलाई थप सुदृढ गर्दा वित्तीय नीतिहरूलाई राष्ट्रिय विकास प्राथमिकतासँग एकाकार गरी परिचालन गर्न सकिन्छ। साथै, विकास साझेदारहरूको सहयोगले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारमा महत्त्वपूर्ण भूमिका खेलेको भए तापनि, यस्तो सहयोग राष्ट्रिय प्राथमिकतासँग मेल खाने गरी सुनिश्चित गर्नु दिगो प्रगतिका लागि अत्यावश्यक छ। विकास साझेदारहरूसँगको समन्वय सुदृढ गर्दै सुधारका उद्देश्यहरूलाई नेपालको समग्र विकास रणनीतिमा सुधारको प्रभावकारिता अभिवृद्धि गर्दछ। आगामी दिनमा, कानुनी सुधारमार्फत राजस्व तथा खर्च सम्बन्धी जिम्मेवारीहरू स्पष्ट पार्ने, बजेट योजनामा नागरिक सहभागिता प्रोत्साहन गर्ने, र प्रविधिको प्रयोगमार्फत बजेट कार्यान्वयनको वास्तविक समयमा अनुगमन गर्ने अभ्यासहरू नेपालका सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली सुदृढ पार्ने महत्त्वपूर्ण कदम हुनेछन्।

## २.३ सिकिएका पाठहरू

दोस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (आ.व.२०७३/७४– २०८२/८३) को प्रमुख सिकाइ सुधारको कार्यान्वयनमा अनुकूलताको आवश्यकता, अझ विशेष गरी संक्रमणकालीन अवधिमा र सङ्घीय संरचनाको कार्यान्वयनको क्रममा भन्ने रहेको छ। प्रारम्भमा १० वर्षे बृहत्तर रणनीतिका रूपमा तर्जुमा गरिएको यस रणनीतिले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका प्रणालीगत सुधारहरू अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। सरकारी स्रोत र विकास साझेदारहरूको सहकार्यमा विभिन्न सुधार कार्यक्रमहरूको सफल कार्यान्वयनले अर्थपूर्ण प्रगतिका लागि साझा प्रयासको महत्त्वलाई झल्काउँछ। सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी प्रणाली र संरचनात्मक रूपरेखा सुदृढ गर्न नवप्रवर्तन, क्षमता विकास, र निरन्तर सुधार आवश्यक पर्दछन्।

अर्को महत्त्वपूर्ण पाठ प्रविधि र नागरिक सहभागिताले सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली सुदृढ गर्न खेलेको भूमिकासँग सम्बन्धित छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र), नेपाल सार्वजनिक क्षेत्र लेखामान र प्रादेशिक विषयगत मन्त्रालय बजेट सूचना प्रणालीको विकास, साथै सबै तहका सरकारहरूमा एकीकृत आर्थिक संकेतहरूको कार्यान्वयनले वित्तीय व्यवस्थापन सुधारमा डिजिटल प्रणालीहरू प्रभावकारी हुने देखाएको छ। यसका साथै, नेपाल सार्वजनिक क्षेत्र लेखामान मानदण्डहरूको पुनरावलोकन, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रारम्भ र नागरिक सहभागितात्मक सरकारी लेखापरीक्षण जस्ता पहलहरूले शासनमा पारदर्शिता र जनसहभागिताको महत्त्व झनै स्पष्ट पारेका छन्। यस्ता अनुभवहरूले सुधार रणनीतिहरूलाई व्यापक संस्थागत संरचनामा समावेश गर्नुपर्ने आवश्यकता औंल्याउँछन्, जसले दीर्घकालीन प्रतिबद्धता सुनिश्चित गर्न, निरन्तर सिकाइको संस्कार प्रवर्धन गर्न, र आगामी सार्वजनिक वित्तीय व्यवस्थापन सुधारहरूको प्रभावकारिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछन्।

रणनीति कार्यान्वयनबाट प्राप्त अर्को महत्त्वपूर्ण पाठ भनेको विकसित हुँदै गएको सार्वजनिक वित्तीय व्यवस्थापन प्रक्रिया र शासन संरचनासँग अवधारणा निर्माण र कार्यान्वयनलाई समन्वयमा राख्नुपर्ने आवश्यकता हो। तेस्रो पेफा मूल्याङ्कनले नीतिगत समन्वय, संरचनागत डिजाइन, कार्यान्वयन र अनुगमनमा प्रमुख कमजोरीहरू रहेको देखाएको छ। उक्त मूल्याङ्कनको एउटा मुख्य निष्कर्ष सुधार रणनीतिहरू सङ्घीय शासन प्रणालीको गतिशील प्रकृतिसँग अनुकूल हुन सक्नुपर्छ र सार्वजनिक वित्तीय व्यवस्थापनमाथि उक्त प्रक्रियाले पार्ने प्रभावको स्पष्ट बुझाइ हुनुपर्छ भन्ने हो। साथै, नीतिगत समन्वय र कार्यान्वयनको प्रभावकारिता बढाउन सरकारका नीतिहरू र स्रोतहरूबीच अझ बलियो समन्वय हुन जरुरी छ।

यसै गरी अर्को महत्त्वपूर्ण पाठ भनेको सुधारहरूको कार्यान्वयन तथा नेतृत्व तह दुवैमा उच्च स्वामित्व आवश्यक हुन्छ भन्ने हो। उक्त रणनीतिलाई समग्र राजनीतिक तथा संस्थागत रूपान्तरणको रूपमा भन्दा पनि प्रायः प्राविधिक पहलको रूपमा बुझिने गरिन्थ्यो। दीर्घकालीन र अर्थपूर्ण परिवर्तनका लागि भविष्यमा हुने सुधारहरूले सबै सरोकारवालाहरूबीच साझा उत्तरदायित्वको भावना विकास गर्नुका साथै सार्वजनिक वित्तीय व्यवस्थापन सुधारले ल्याउने बृहत्तर प्रभावहरूमा जोड दिनु आवश्यक छ। दीर्घकालीन सफलताको सुनिश्चितताका लागि सञ्चालन योजनाहरू सुदृढ बनाउनु, अन्तरक्षेत्रीय समन्वय बढाउनु, र सुधारहरूलाई व्यापक शासन संरचनाभित्र समेट्नु अत्यावश्यक हुनेछ।

एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन कार्यक्रमले उत्कृष्ट पद्धति अपनाइएको भए तापनि रणनीतिको कार्यान्वयनको दौरानमा जटिल कार्यान्वयन संयन्त्र, अपर्याप्त कर्मचारी परिचालन र परिवर्तन व्यवस्थापनका सिद्धान्तहरूको न्यून प्रथामिकीकरणलगायतका विभिन्न चुनौतीहरू देखा परे। पर्याप्त प्राविधिक क्षमताको कमी, पटक पटक भएको कर्मचारी फेरबदल तथा बाह्य परामर्श सेवामाथिको अत्यधिक निर्भरता जस्ता कुराले कार्यान्वयनलाई थप चुनौतीपूर्ण बनाएको थियो। यस किसिमको बृहत्तर रणनीतिका लागि विद्यमान सरकारी अनुगमन संयन्त्रहरू अपर्याप्त थिए। कार्यान्वयनमा आएका यी चुनौतीहरूका बाबजुद दोस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका लागि ठोस रणनीतिक दिशाको खाँचो रहेको देखाएको थियो।

## २.४ स्थिति विश्लेषण

सार्वजनिक वित्तीय व्यवस्थापन शासनप्रणालीको एउटा प्रमुख पक्ष हो जसले सार्वजनिक स्रोतको कुशल तथा प्रभावकारी उपयोग सुनिश्चित गर्छ। नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन अन्तर्गत बजेट तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तथा निगरानीलगायतका विभिन्न अवयवहरू पर्दछन्। यस खण्डमा सन् २०२४ को तेस्रो पेफा मूल्याङ्कनमा आधारित रहेर नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको वर्तमान अवस्थालाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ र प्रमुख सबल पक्ष, चुनौती तथा सुधार गर्नुपर्ने क्षेत्रहरू प्रकाश पारिएको छ। सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती (SWOC) विश्लेषणमार्फत रणनीतिक हस्तक्षेप आवश्यक पर्ने क्षेत्रहरूको समेत पहिचान गरिएको छ।

तालिका १: सबल पक्ष, कमजोरी, अवसर र चुनौती (SWOC) विश्लेषण

| सबल पक्ष | दुर्बल पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| **बजेटको विश्वसनीयता** | | | |
| ▪ समष्टिगत आर्थिक तथ्याङ्क विश्लेषण प्रणालीहरू अभ्यासमा रहेको।<br>▪ स्पष्ट बजेट निर्देशिका र पर्याप्त परिपत्रहरू जारी गरिएका छन्।<br>▪ स्रोत उपलब्धताको पूर्वानुमानयोग्यता उच्च छ। | ▪ समष्टिगत आर्थिक तथ्याङ्कलाई पर्याप्त मात्रामा विश्लेषण गरिएको छैन।<br>▪ स्रोत पूर्वानुमानमा प्रमाण र तथ्याङ्कमा आधारित विधिहरूको प्रयोग सीमित छ। | ▪ अझ यथार्थपरक बजेटका लागि बजेटसम्बन्धी मार्गदर्शनहरू संशोधन गर्ने।<br>▪ नवप्रवर्तनशील उपकरणहरू तथा सूचना प्रविधि प्रणालीमार्फत योजना निर्माण प्रक्रियालाई थप सरल र प्रभावकारी बनाउन सकिन्छ। | ▪ समष्टिगत आर्थिक पूर्वानुमानमा ब्याजदरको पूर्वानुमान जस्ता प्रमुख तत्वहरू छुटेका छन्।<br>▪ सरकारका विभिन्न तहहरूको संस्थागत क्षमता समान छैन।<br>▪ विश्वसनीय बजेट निर्माणका लागि राजनीतिक नेतृत्वको समर्थन अपरिहार्य छ। |
| ▪ अन्तर्राष्ट्रिय मापदण्डहरू (GFSM) तथा (COFOG) को अनुपालनाले पारदर्शिता सुनिश्चित गरेको छ। | ▪ अवास्तविक बजेट तथा राजस्व पूर्वानुमान र नीतिगत तथा बजेटीय प्रक्रियाबिच समन्वयको कमी रहेको छ। | ▪ सरकारी कर्मचारीहरूका लागि बजेट तर्जुमासम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरू रहेका छन्। | ▪ सरकारका सबै तहहरूमा राजनीतिक प्रतिबद्धताको अभाव। |
| **बजेट कार्यान्वयन, लेखा तथा प्रतिवेदन** | | | |
| ▪ बजेटहरू सूचना प्रविधि प्रणालीमार्फत सञ्चालन गरिन्छन्। | ▪ बजेट यथार्थपरकता कमजोर छ, बजेटको औसत खर्च ८५% भन्दा कम छ। | ▪ वार्षिक कार्ययोजना तथा कार्यान्वयन योजनालाई अनुगमन प्रणालीमार्फत पछ्याउन (ट्र्याक गर्न) सकिने। | ▪ पुँजीगत खर्चको स्तर न्यून छ।<br>▪ गुणात्मक वित्तीय प्रतिवेदनहरूका लागि पर्याप्त विवरण सार्वजनिकीकरण गर्नु |

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं
सचिव

| सबल पक्ष | दुर्बल पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| ▪ सार्वजनिक खरीदसम्बन्धी संस्थागत र कानुनी संरचना विद्यमान छन्।<br>▪ लेखा प्रणाली नेपाल सार्वजनिक क्षेत्र लेखामानका मानदण्डहरू अनुसार सञ्चालित छ। | ▪ सार्वजनिक खरिद प्रक्रियामुखी छ र पारदर्शिता सीमित छ। | ▪ वित्तीय प्रतिवेदन र खरिद प्रणाली सुधार गर्न सूचना प्रविधि प्रणालीहरू अद्यावधिक गर्ने। | आवश्यक छ। |
| ▪ विस्तृत आन्तरिक नियन्त्रण पद्धतिहरू छन् र सम्बन्धित मार्गदर्शनहरु जारी गरिएका छन्।<br>▪ आन्तरिक लेखापरीक्षणहरू भै रहेका छन्। | ▪ आन्तरिक नियन्त्रणका संयन्त्रहरू पर्याप्त रूपमा सक्रिय बनाइएका छैनन्।<br>▪ आन्तरिक लेखा परीक्षण कार्यलाई अझ स्वतन्त्र र व्यावसायिक बनाउनुपर्ने आवश्यकता छ। | ▪ आन्तरिक लेखा परीक्षण समुहलाई तीनवटै तहमा छुट्टै संरचना दिई थप व्यावसायिक बनाउन सकिन्छ। | ▪ आन्तरिक नियन्त्रण कर्मचारीहरुको लागि नियमित कार्यहरू बाहेकको अतिरिक्त प्रोत्साहनको व्यवस्था विनाको अतिरिक्त जिम्मेवारी बन्न सक्छ। |
| ▪ नगद प्रवाहको पूर्वानुमान र अनुगमन प्रणालीहरू विकास गरिएका छन्। | ▪ करार व्यवस्थापन प्रणाली अझै कागजी प्रणालीमा आधारित छ, जसले सार्वजनिक खरिदको गुणस्तरमा असर पारिरहेको छ। | ▪ e-GP (विद्युतीय खरिद) प्रणाली क्रमिक रूपमा स्तरोन्नति हुँदैछ। | ▪ प्रभावकारी बजेट कार्यान्वयनको समय सीमित हुने भएकाले आर्थिक वर्षको अन्त्यमा खर्च हतारमा हुने गर्छ।<br>▪ ऋण योजनालाई राज्यकोष र नगद प्रवाह पूर्वानुमानसँग विश्लेषण गरिएको छैन। |
| राजस्व व्यवस्थापन | | | |
| ▪ राजस्व व्यवस्थापन सूचना | ▪ महत्त्वाकांक्षी लक्ष्य र | ▪ आधुनिक कर सुधारहरू तथा | ▪ अप्रत्यक्ष करमा अत्यधिक निर्भरता छ र |

| सबल पक्ष | दुर्बल पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| प्रणालीले राजस्व संकलनमा सहजीकरण गरेको छ।<br>▪ आन्तरिक राजस्व परिचालन रणनीति तर्जुमा गरिएको छ। | संरचनात्मक समस्याका कारण राजस्व प्राप्ति अपेक्षा अनुसार हुन सकेको छैन।<br>▪ अन्तरसरकारी र अन्तरसंस्थागत समन्वय कमजोर छ। | डिजिटल प्रणालीहरूले राजस्व सङ्कलनमा सुधार गरिरहेका छन्।<br>▪ राजस्व सम्बद्ध सूचना प्रणालीहरू आपसमा जडान गर्रिंदै छन् र एकीकृत बनाइँदै छन्। | कार्यान्वयन संयन्त्रहरू कमजोर छन्।<br>▪ कर तिर्ने विषयमा करदाताहरूको सोचाइ तथा संस्कार प्रतिकूल छ। |
| ▪ कर अपिल प्रक्रिया पारदर्शी छ र करदातासम्बन्धी विश्वसनीय जानकारी उपलब्ध छ। | ▪ राजस्व स्रोतहरूको विविधिकरण सीमित छ। | ▪ कर प्रणालीलाई डिजिटलाइज र आधुनिकीकरण गर्ने प्रयासहरू भइरहेका छन्। | ▪ कर प्रणाली जटिल छ भन्ने दृष्टिकोण र शिक्षाको अभावले गर्दा स्वेच्छिक अनुपालन न्यून छ। |
| **अन्तरसरकारी वित्त व्यवस्थापन** | | | |
| ▪ वित्त हस्तान्तरण प्रणाली पारदर्शी र नियममा आधारित छ।<br>▪ अन्तरसरकारी संयन्त्रहरू स्थापित गरिएका छन्। | ▪ रोयल्टी र प्राकृतिक स्रोतहरूको प्रकृतिमा थप स्पष्टता आवश्यक छ। | ▪ तीनै तहका सरकारहरू सहकार्यपूर्ण तरिकाले काम गरिरहेका छन्। | ▪ प्रदेश तथा स्थानीय तहको सार्वजनिक ऋण दिनानुदिन बढ्दै गएको छ र आन्तरिक स्रोतबाट आउने आम्दानी सीमित छ। |
| ▪ वित्तीय हस्तान्तरणहरू सुदृढ संवैधानिक र कानुनी ढाँचाबाट सञ्चालित छन्। | ▪ सशर्त अनुदानको प्रवृत्ति बढ्दो छ। | ▪ स्वचालित र एकीकृत वित्तीय हस्तान्तरण व्यवस्थापन प्रणाली विकास गर्न सकिन्छ। | ▪ सङ्घीय सरकारमा स्रोतहरूको अभाव रहेको छ। |
| **ऋण तथा वित्तीय जोखिम व्यवस्थापन** | | | |
| ▪ विविधीकृत ऋण पोर्टफोलियोसहितको सुदृढ ऋण व्यवस्थापन संरचना रहेको छ। | ▪ ऋण सेवा (ब्याज भुक्तानी) अनुपात (राजस्व र ऋणको अनुपात) उच्च रहेको छ। | ▪ सार्वजनिक संस्थानहरूको सुशासन र वित्तीय निगरानीलाई सुदृढ गर्न सकिने अवसर छ। | ▪ तीनै तहमा पूर्वाधार र सामाजिक खर्च आवश्यकताका कारण सार्वजनिक ऋण वृद्धि हुँदै गएको छ। |

| सबल पक्ष | दुर्बल पक्ष | अवसर | चुनौती |
| --- | --- | --- | --- |
| ▪ ऋण लिने अभ्यास विवेकी रहेको र विदेशी विनिमयको जोखिम न्यून रहेको छ। | ▪ सार्वजनिक संस्थानहरूले ऋण र ग्यारेन्टीमार्फत वित्तीय जोखिमहरू सिर्जना गरिरहेका छन्। | ▪ राम्रो ऋण व्यवस्थापन रणनीतिमार्फत वित्तीय जोखिमहरू घटाउने प्रयासहरू भइरहेका छन्। | ▪ ऋण परिचालनको आर्थिक प्रभावले चुनौति थप्न सक्दछ। |
| **सम्पत्ति व्यवस्थापन** | | | |
| ▪ सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली सञ्चालनमा छ । | ▪ अचल सम्पत्तिको अभिलेख अपूर्ण छ, यसमा प्रमुख पूर्वाधार तथा प्राकृतिक स्रोतहरू समावेश गरिएका छैनन्। | ▪ पारदर्शिता वढाउन सार्वजनिक सम्पत्ति विवरणहरू एकत्रित गरी प्रकाशित गर्ने।<br>▪ सम्पत्ति व्यवस्थापनका लागि अलग्गै इकाई स्थापना गर्ने। | ▪ सम्पत्ति व्यवस्थापनका लागि बृहत्तर कानुनी तथा नीतिगत खाकाको अभाव छ।<br>▪ प्राविधिक दर्ता र मूल्याङ्कन मापदण्डहरू अझै विकास हुन बाँकी छन्। |
| ▪ सार्वजनिक सम्पत्ति प्रतिवेदनहरू एकीकृत गरी प्रकाशन गर्न हालै पहलहरू भएका छन्। | ▪ नियमित मर्मतसम्भार गर्ने परिपाटी नभएकाले सम्पत्तिमा ह्रास आएको छ। | ▪ सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई समग्र वित्तीय व्यवस्थापन प्रणालीसँग समायोजन गर्ने।<br>▪ वित्तीय सम्पत्तिहरूलाई पनि समेटेर सम्पत्ति दायरालाई विस्तार गर्ने। | ▪ कम मूल्याङ्कन गरिएको वा अभिलेखमा नराखिएको सम्पत्तिका कारण वित्तीय जोखिम छ।<br>▪ प्रत्येक संस्थाभित्र सम्पत्तिको जीवनचक्र व्यवस्थापन भएको देखिदैन। |
| **बाह्य निगरानी, पारदर्शिता र जवाफदेहिता** | | | |
| ▪ सरकारी वित्त तथ्याङ्क मार्गनिर्देशिका (जिएफएसएम) र सरकारका कामहरूको वर्गीकरण (कोफोग) लगायतका | ▪ लेखा परीक्षण प्रतिवेदनहरूको व्यवस्थापिकाबाट हुने समीक्षा ढिलो हुने गरेको छ, जसका कारण धेरै प्रतिवेदनहरू | ▪ पारदर्शिता र जवाफदेहिता सुधार गर्न सार्वजनिक वित्तीय व्यवस्थापनमा नागरिक संलग्नता बढाउने रणनीति अवलम्बन गरिएको छ। | ▪ व्यवस्थापिका तथा सर्वोच्च लेखा परीक्षक संस्थाबाट सीमित अनुगमन। |

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं सचिव

| सबल पक्ष | दुर्बल पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| मापदण्डहरू अनुरूप सार्वजनिक वित्तीय व्यवस्थापनको विवरणहरू सार्वजनिकीकरण गर्ने गरिएको। | थन्किएर बसेका छन्। | | |
| ▪ बाह्य लेखापरीक्षणको पहुँच र गुणस्तर राम्रो छ र प्रतिवेदनहरू सार्वजनिक रूपमा उपलब्ध छन्। | ▪ खरिद, लैङ्गिक, जलवायु जानकारी र तथ्याङ्क जस्ता अन्य पक्षहरू पूर्ण रूपमा खुलासा गरिदैन वा ढिलो गरिन्छ। | ▪ जनसहभागिता बढाउन नागरिक सहभागी लेखा परीक्षणको प्रारम्भ गरिएको छ। | ▪ लेखा परीक्षणपश्चात् बेरूजुहरूको अनुगमनको कमी। |

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं
सचिव

## बजेटको विश्वसनीयता

परिष्कृत बजेट खाका तथा बजेट तर्जुमा प्रक्रियाको सुदृढीकरणद्वारा बजेट विश्वसनीयतामा उल्लेखनीय प्रगति भएको छ। सरकारले सफलतापूर्वक मध्यमकालीन खर्च संरचना लागु गरेको छ जसले बहुवर्षीय बजेट योजना बनाउन व्यवस्थित खाका प्रदान गर्दछ। यसलाई सन् २०२३ को राष्ट्रिय परियोजना बैङ्क निर्देशिका र सन् २०२० को परियोजना विकास, छनोट, र प्राथमिकता निर्धारण एकीकृत मापदण्ड, २०२३ ले थप टेवा पुऱ्याएका छन्। अर्थ मन्त्रालयले २०६४ सालमा सङ्घीय सरकारका लागि लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन जारी गऱ्यो भने, २०७७ मा प्रदेश र स्थानीय तहका लागि नमुना लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन पनि जारी गऱ्यो। यी निर्देशिकाले परियोजना पहिचान, मूल्याङ्कन र छनोटका लागि स्पष्ट विधिहरू स्थापना गर्दै आयोजना तैयारी र बजेट प्रक्रियामा ठूलो सुधार ल्याएका छन्। यसका अतिरिक्त समष्टिगत अर्थतन्त्र तथा वित्त पूर्वानुमानसम्बन्धी खाकाहरूमा भइरहेको निरन्तर विकासले पनि थप तथ्यपरक बजेट निर्णयहरू गर्न मद्दत गरिरहेको छ। यसले बजेटको विश्वसनीयता सुधार गर्ने सरकारको प्रतिबद्धता झल्काउँछ। यस्ता पहलहरूका बाबजुद, राजस्व प्रक्षेपण र खर्चको प्राथमिकतासम्बन्धी चुनौतीहरू बजेट निर्माण प्रक्रियामा निरन्तर देखिँदै आएका छन्। सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता मूल्याङ्कन (पेफा), २०२४ अनुसार सरकारको खर्च औसतमा वार्षिक बजेट विनियोजनको ८५ प्रतिशतभन्दा कम हुने गरेको छ र पूँजीगत खर्चको उपयोग केवल करिब ६० प्रतिशतमा सीमित रहेको देखिन्छ। आवधिक योजना, क्षेत्रीय योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच स्पष्ट अन्तरसम्बन्ध आवश्यक रहेको देखिन्छ। त्यसैगरी, समष्टिगत आर्थिक पूर्वानुमानको विश्वसनीयता अझै पनि स्रोत अनुमान र पूर्वानुमानको क्रममा एक महत्त्वपूर्ण चुनौती बनिरहेको छ।

## बजेट कार्यान्वयन तथा प्रतिवेदन

नेपालले सूचना प्रविधि प्रणालीको प्रयोगमार्फत बजेट कार्यान्वयन र प्रतिवेदन प्रस्तुतिमा उल्लेखनीय प्रगति गरेको छ। विद्युतीय सार्वजनिक खरीद प्रणाली (E-GP) ले सार्वजनिक खरीद प्रक्रियालाई आधुनिकीकरण गर्दै पारदर्शिता र कार्यक्षमतामा सुधार ल्याएको छ। सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले खरिद गतिविधिहरूका लागि एक समग्र रूपरेखा प्रदान गर्दै जवाफदेहिताको सुनिश्चितता गरेको। आन्तरिक नियन्त्रणहरू स्पष्ट कार्यविभाजनका माध्यमबाट सुदृढ गरिएको छ र तिनलाई बजेट निर्माण, लेखा, प्रतिवेदन प्रस्तुति र कोष व्यवस्थापनमा प्रयोग हुने सूचना प्रविधि प्रणालीहरूमा प्रभावकारी रूपमा समावेश गरिएको छ। प्राप्त केही उपलब्धिहरूमा अलग्गै आन्तरिक लेखा परीक्षण टोलीको स्थापना, आन्तरिक लेखा परीक्षण हातेपुस्तिका तर्जुमा र आचारसंहिताको अनुपालना, र बृहत्तर कवरेजको सुनिश्चितता जस्ता विषयहरु पर्दछन्। वित्तीय प्रतिवेदन प्रणाली राम्रोसँग कार्यान्वयनमा रहेको छ, जसअनुसार बजेटरी एकाइहरूले वर्षभरि बजेट कार्यान्वयन सम्बन्धी प्रतिवेदनहरू यथासमयमा र सही रूपमा तयार गर्छन्। नेपाल सार्वजनिक क्षेत्र लेखामान मानदण्डहरू (NPSAS) को कार्यान्वयनले वित्तीय प्रतिवेदनलाई एकरूपता दिएको छ, जुन सार्वजनिक वित्तीय व्यवस्थापन सुधारतर्फको एक महत्त्वपूर्ण कोशेढुङ्गा हो। हाल प्रारम्भिक स्तरमा भएको भए तापनि नगद पूर्वानुमान प्रणालीले

वित्तीय योजनाका लागि आधार तयार गरेको छ जसले गर्दा प्रत्येक खर्च गर्ने इकाईहरूले विषयगत मन्त्रालयको बजेट सूचना प्रणालीमार्फत त्रैमासिक बजेट तयार गर्दछन्।

यद्यपि, बजेट कार्यान्वयन र प्रतिवेदनका केही पक्षहरूमा सुधारको आवश्यकता छ। वार्षिक बजेट कार्यान्वयन र अपेक्षित नतिजाको ट्र्याकिङ प्रणाली तथा माइलस्टोन ट्र्याकिङ प्रभावकारी छैन। विद्युतीय खरीद प्रणालीको आंशिक प्रयोगले खरीद प्रक्रियाको पारदर्शितामा असर पारेको छ। कर्मचारीहरूको बारम्बार सरुवा हुनाले बजेट कार्यान्वयन र उनीहरूको पेशागत विकासमा असर पारेको छ। त्यसैगरी, नगद प्रवाह व्यवस्थापनको सीमित अभ्यासले राज्यकोषको अवस्थामा प्रत्यक्ष असर पुऱ्याएको छ। अनुगमन तथा मूल्याङ्कन प्रणाली अपेक्षाकृत मात्रामा सुदृढ नरहेकोले विकास आयोजनाहरूको भौतिक र वित्तीय प्रगति प्रभावकारी रूपमा हुन सकिरहेको छैन।

### राजस्व व्यवस्थापन

नेपालको राजस्व व्यवस्थापन प्रणालीमा उल्लेखनीय आधुनिकीकरण र सुधार आएको छ। कर प्रशासनले एकीकृत कर प्रणालीसहित आधुनिक उपकरण र प्लेटफर्महरूको कार्यान्वयनमा महत्त्वपूर्ण प्रगति गरेको छ। आधुनिक कर सुधारहरू र डिजिटल प्रणालीहरूको कार्यान्वयनले राजस्व सङ्कलनको कार्यदक्षता र करदाता सेवा प्रवाहको गुणस्तर बढाएको छ। एउटा प्रमुख उपलब्धिको रूपमा राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) कार्यान्वयन रहेको छ जसले विना अअवरोध राजस्व सङ्कलन र प्रतिवेदनको तयारी कार्यलाई सघाएको छ। आन्तरिक राजस्व विभाग र भन्सार विभागले करदाताहरूलाई आफ्नो कर्तव्य र अधिकारबारे जानकारी दिन विस्तृत सार्वजनिक सूचना प्रणाली स्थापना गरेका छन्, जसले स्वेच्छिक कर अनुपालनालाई प्रोत्साहन गरेको छ। साथै, हालै प्रारम्भ गरिएको आन्तरिक राजस्व परिचालन रणनीतिले आन्तरिक राजस्वमा सुधारका नवीनतम् उपायहरू समेटेको छ।

नेपालमा तीनै तहका सरकारहरूमा प्रभावकारी राजस्व प्रशासन सुनिश्चित गर्नका लागि रणनीतिक सुधारहरू आवश्यक छन्, विशेषगरी अझैसम्म प्राथमिकता नपाएको गैरकर राजस्वको क्षेत्रमा। छाता कानुनहरूको अभाव र प्राकृतिक स्रोतहरूको अदक्षतापूर्वक प्रयोगले यस क्षेत्रको सम्भावनालाई कमजोर बनाएको छ। संविधानले निर्दिष्ट क्षेत्रहरुमा राजस्व अधिकार दिएको भए तापनि, प्रदेश र स्थानीय तहको राजस्व क्षमतामा कमी देखिन्छ, जसले प्रणालीगत सुधारको आवश्यकता औँल्याउँछ। डिजिटल उपकरणहरूको प्रभावकारी प्रयोग र अनुकूलनले करदाताको अनुपालनास्तर अझै बढाउन सक्छ। बिजनेस इन्टेलिजेन्स, एकीकृत प्रणाली तथा स्वतः सिर्जना हुने कर विवरणहरू जस्ता नवीन उपकरणहरूले कर प्रणालीलाई अझै आधुनिक बनाउन सक्छन्। कर प्रणाली सुधारका मुख्य क्षेत्रहरूमा केन्द्रीय बिलिङ तथा अनुगमन प्रणाली (CBMS) को सुदृढीकरण र बक्यौता व्यवस्थापन सुधार जस्ता विषयहरु पर्दछन्। साथै, राजस्व जोखिम व्यवस्थापनका लागि पारदर्शी कर बिवाद व्यवस्थापन प्रक्रियाले निष्पक्ष र प्रभावकारी राजस्व प्रशासनप्रतिको सरकारको प्रतिबद्धता झल्काउँछ।

### अन्तरसरकारी वित्त व्यवस्थापन

नेपालमा वित्तीय सङ्घीयता कार्यान्वयन सार्वजनिक वित्तीय व्यवस्थापन सुधारतर्फको महत्त्वपूर्ण उपलब्धि हो। सुदृढ संवैधानिक प्रावधानहरू र कानुनी खाकाबाट निर्देशित रहेर वित्तीय

हस्तान्तरण प्रणाली धेरै हदसम्म पारदर्शी र नियममा आधारित रहेको छ। स्रोतहरूको न्यायसङ्गत र समान वितरण सुनिश्चित गर्नेगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय हस्तान्तरणका लागि मापदण्डहरू तय गरेको छ। एकल कोष खाता (TSA) तथा विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) जस्ता आधुनिक सूचना प्रणालीहरूले कोष हस्तान्तरण र वित्तीय प्रतिवेदन प्रक्रियालाई अझ कार्यकुशल बनाउन मद्दत गरेका छन्। सङ्घीय सरकारले प्रदेश तथा स्थानीय तहलाई उनीहरूको बजेट प्रस्ताव सम्बन्धित सभामा पेश गर्नुभन्दा कम्तीमा छ हप्ता अगाडि हस्तान्तरण हुने अनुदान र राजस्व बाडफाँटको जानकारी उपलब्ध गराउने कानुनी प्रावधान रहेको छ, जसले प्रभावकारी बजेट तर्जुमाप्रति सरकारको प्रतिबद्धता दर्शाउँछ।

सरकारले आर्थिक साधन र कार्यबीचको एकरूपता सुधार गर्ने, वित्तीय हस्तान्तरणको संरचना समायोजन गर्ने, र स्थानीय आवश्यकताहरू तथा सेवाको स्तर सुनिश्चित गर्ने प्रयासलाई निरन्तरता दिएको छ। नेपालले वित्तीय स्थिरता कायम राख्दै सङ्घीय शासनतर्फको रूपान्तरणलाई सफलतापूर्वक व्यवस्थापन गरेको छ र विद्यमान चुनौतीहरूका बाबजुद वित्तीय सङ्घीयताको लागि सबल आधार तयार पारेको छ। यी उल्लेखनीय उपलब्धिहरूका बाबजुद केही चुनौतीहरू भने कायम छन्, जस्तै वित्तीय हस्तान्तरण समयमै र स्वचालित रूपमा नहुनु। त्यसैगरी, सशर्त अनुदानको बढ्दो परिमाणले प्रदेश र स्थानीय तहको स्वायत्तताप्रति चिन्ता उत्पन्न गराएको छ। यसका साथै, सशर्त अनुदानमा अझ प्रभावकारी समन्वय तथा सङ्घीय र प्रदेश एवं स्थानीय तहबीच राजस्व र खर्चको जिम्मेवारीमा थप स्पष्टता आवश्यक देखिएको छ।

### ऋण तथा वित्तीय जोखिम व्यवस्थापन

बृहत्तर कानुनी तथा संस्थागत संरचना र विशिष्टकृत ऋण व्यवस्थापन कार्यालयले नेपालको सार्वजनिक ऋण व्यवस्थापन प्रकृयालाई सुदृढ बनाउन मद्दत गरेको छ। सरकारले वित्त र मौद्रिक नीतिका उद्देश्यहरूसँग तादाम्यता कायम हुनेगरी स्पष्ट ऋण व्यवस्थापन रणनीति कार्यान्वयन गरेको छ। यस रणनीतिको एक उल्लेखनीय उपलब्धि भनेको सहुलियत तथा आन्तरिक ऋणको पर्याप्त हिस्सासहितको विविधीकृत ऋण पोर्टफोलियोको व्यवस्थापन हो। यस पद्धतिले विदेशी विनिमय र ब्याजदरको जोखिमलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याएको छ र आर्थिक स्थायित्व सुनिश्चित गर्न मद्दत गरेको छ। त्यस्तै, निगरानी र सुशासनका संरचनाहरूको स्तरोन्नतिमार्फत सार्वजनिक संस्थानहरूको व्यवस्थापन पनि सुधारिएको छ। बढ्दो सार्वजनिक ऋणका बाबजुद, नेपालले समष्टिगत आर्थिक स्थायित्वमा असर नपर्ने गरी वित्त नियमहरूको पालना गर्दै आएको छ।

सरकारले माथि उल्लिखित कमजोरीहरू सम्बोधन गर्न सार्वजनिक संस्थान (PEs) हरू र गैर बजेट निकायहरू (EBUs) को वित्तीय अनुगमन र सुशासन संरचना सुदृढीकरणमा केन्द्रित रहेर विभिन्न सक्रिय कदम चालेको छ। तथापि, ३५ गैर-वित्तीय र ९ वित्तीय सार्वजनिक संस्थानहरू साथै १३५ गैर बजेट निकायहरूलाई अनुगमन गर्नु अझै चुनौतीपूर्ण छ। प्रादेशिक तथा स्थानीय तहको वित्तीय आवश्यकताहरू पूरा गर्नका लागि ऋण सञ्चालन तथा व्यवस्थापन प्रणाली (DOMS) लाई उल्लेखनीय रूपमा स्तरोन्नति गर्नु आवश्यक छ। त्यस्तै, सरकारी धितोपत्र संयन्त्रहरु पूर्ण रूपमा क्रियाशील हुन अझ बाँकी नै छ। यी सीमितताहरू हुँदाहुँदै पनि, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सरकारी ऋण, जमानत र सम्भावित दायित्वहरूको अभिलेखीकरणमा उल्लेखनीय प्रगति गरेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

## सार्वजनिक सम्पत्ति व्यवस्थापन

सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(PAMS) को कार्यान्वयनले नेपालको सम्पत्ति व्यवस्थापन अभ्यासलाई आधुनिकीकरण गर्दै सुदृढ बनाउने दिशामा महत्त्वपूर्ण कदम चालेको छ। सार्वजनिक सम्पत्ति सम्बन्धी प्रतिवेदनहरू एकीकृत गरी प्रतिवेदन प्रकाशित गर्ने हालका पहलहरूले सरकारको पारदर्शिता र जवाफदेहिताप्रतिको प्रतिबद्धता झल्काउँछ। यस प्रणालीले चल र अचल दुवै किसिमका सम्पत्तिको व्यवस्थापनका लागि खाका प्रदान गर्नुका साथै बृहत्तर सम्पत्ति अनुगमन तथा निगरानीको व्यवस्था गरेको छ। यी प्रयासहरूले सम्पत्ति व्यवस्थापन अभ्यास सुधार्ने र सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली सुदृढ गर्ने दृढ प्रतिबद्धतालाई सङ्केत गर्छन्।

तथापि, वित्तीय सम्पत्तिमा पर्याप्त ध्यान नदिइनाले समग्र सम्पत्ति व्यवस्थापनको मर्मअनुसार काम हुनसकेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले वित्तीय सम्पत्तिहरू अभिलेखीकरण र प्रतिवेदनको कार्य प्रारम्भ गरेको भए तापनि सम्पत्ति व्यवस्थापनको दायरा विस्तार गर्नका लागि बृहत्तर सार्वजनिक सम्पत्ति व्यवस्थापनसम्बन्धी खाका तथा मूल्याङ्कन मापदण्डहरूको टड्कारो आवश्यकता रहेको छ। हालको प्रणालीले गैरवित्तीय सम्पत्तिहरू समेटे पनि प्रमुख पूर्वाधार, प्राकृतिक स्रोतहरू र सांस्कृतिक सम्पत्तिहरूलाई समेत समावेश गर्न यसको विस्तार आवश्यक छ। सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापनका लागि, विशेषगरी सङ्घ, प्रदेश र स्थानीय तहमा विद्यमान खण्डीकृत अभ्यासहरूलाई सम्बोधन गर्न थप बृहत्तर कानुनी तथा नीतिगत खाकाको खाँचो रहेको कुरा सरकारले पहिचान गरेको छ।

## बाह्य निगरानी, पारदर्शिता र जवाफदेहिता

नेपालले सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहितालाई प्रवर्धन गर्ने क्रममा महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। नेपालले खुला बजेट सर्वेक्षण २०२३ मा १२५ देशहरूमध्ये ५८औं स्थान हासिल गर्नुले बजेट पारदर्शिताप्रति सरकारको प्रतिबद्धता प्रष्ट झल्किन्छ। सरकारले सार्वजनिक वित्तीय व्यवस्थापन सञ्चालनका विविध पक्षहरूमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार बजेट वर्गीकरणसहित विस्तृत जानकारी उपलब्ध गराउँदै आएको छ। नागरिक सहभागितामूलक लेखापरीक्षण प्रणालीको कार्यान्वयनले वित्तीय निगरानीमा सार्वजनिक सहभागिता सुदृढ बनाएको छ। महालेखापरीक्षकको कार्यालयको नेतृत्वमा सञ्चालन हुने बाह्य लेखापरीक्षण प्रणाली अन्तर्राष्ट्रिय मापदण्डअनुसार सञ्चालन हुन्छ, जसले गुणस्तर र वृहत दायरा समेटेको हुन्छ। व्यवस्थापिकामार्फत बजेट समीक्षा हुने अभ्यास रहेको भए तापनि बजेट निगरानीसम्बन्धी कार्यविधि र दायराका केही पक्षहरू अझ सुधार गर्नुपर्ने देखिन्छ। सङ्घीय संसदको सार्वजनिक लेखा समितिले लेखापरीक्षणका निष्कर्षहरू सम्बोधन गर्ने क्रममा सक्रिय भूमिका खेल्ने गरेको छ र समग्र जवाफदेहिता प्रणालीमा योगदान पुऱ्याउँदै आएको छ। नागरिक सहभागिता र संलग्नताको क्रमिक अभ्यासले पारदर्शिता र जवाफदेहितातर्फको सरकारको बढ्दो प्रतिबद्धता प्रतिबिम्बित गर्दछ।

यी उपलब्धिहरूका बाबजुद पनि महालेखा परीक्षकको कार्यालयका कर्मचारीहरूको क्षमता अभिवृद्धि र व्यावसायिकता विकासको कार्य अझै अपरिहार्य छ। अहिलेको प्रविधिमैत्री युगमा

फेसलेस र रिमोट अडिट (प्रत्यक्ष सम्पर्कविहीन र दूर लेखापरीक्षण) जस्ता विधिहरु आवश्यक बन्दै गइरहेका छन्। जननिर्वाचित निकायबाट हुने निगरानी प्रति उच्च अपेक्षा रहन्छ। अकाउन्टेबिलिटी मिटर (जवाफदेहिता मापक) र डिजिटल गभर्नेन्स एप्लिकेसन (डिजिटल सुशासन प्रणाली) जस्ता नवीन उपकरणहरू विश्वव्यापी रूपमा व्यापक प्रयोग भइरहेका छन्। त्यसैगरी, बेरुजू फछ्र्यौट (आर्थिक अनियमितताको फछ्र्यौट) सम्बन्धी कानुनी स्पष्टता र सार्वजनिक खरिद सूचना प्रणाली (प्रोक्युरमेन्ट इन्फर्मेसन सिस्टम) मार्फत खरिदको पूर्ण स्थितिको सार्वजनिक पहुँच अझै चुनौतीका रूपमा रहेका छन्।

### जलवायु उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन

नेपाल सार्वजनिक वित्तीय व्यवस्थापनमा जलवायुसम्बन्धी अवधारणाहरूलाई समायोजन गर्ने सन्दर्भमा अग्रणीको रूपमा उभिएको छ। जलवायु सार्वजनिक खर्च तथा संस्थागत समीक्षा (CPEIR) प्रारम्भ गर्ने पहिलो देशहरूमध्ये नेपाल पनि हो, नेपालले वातावरणीय दिगोपनका लक्ष्यहरूसँग मेल खाने गरी जलवायु परिवर्तनसम्बन्धी खर्चहरूलाई बजेटमा समावेश गर्ने र ट्र्याक गर्ने प्रणालीहरू लागु गरेको छ।

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले रणनीतिहरू तथा क्षेत्रगत योजनाहरू जलवायु लक्ष्यहरूसँग अनुकूल भएको र सोहीअनुसार उपयुक्त बजेट विनियोजनमको माग गर्दछ। जलवायु बजेटिङ्गका लागि छुट्टै बजेट कोड, बजेट परिपत्र, र बजेट तर्जुमा निर्देशिकाले जलवायु परिवर्तनसम्बन्धी खर्चहरू ट्र्याक गर्न र बजेट प्रस्तावहरूमा जलवायुसम्बन्धी मुद्दाहरू समावेश गर्नका लागि महत्त्वपूर्ण मार्गदर्शन प्रदान गर्दछ। यद्यपि, अझ राम्रो नतिजा प्राप्त गर्नका लागि जलवायु बजेटको गुणस्तरमा थप सुधारको आवश्यकता छ। हरित खरिद अभ्यासहरू अझै अपनाइएका छैनन् र यो आगामी दिनमा ध्यान दिनुपर्ने एउटा प्रमुख क्षेत्र हुनसक्छ। सार्वजनिक लगानी व्यवस्थापन र खरिद प्रक्रियाहरूमा जलवायुसम्बन्धी मुद्दाहरूलाई एकीकृत गर्ने सरकारी प्रयासहरूले वातावरणीय चुनौतीहरूलाई सम्बोधन गर्नका लागि दूरगामी सोचको प्रतिनिधित्व गर्छन्।

### लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन

नेपालले सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमार्फत लैङ्गिक समानता प्रवर्धन गर्ने कार्यमा उल्लेखनीय प्रगति हासिल गरेको छ। वि.स. २०६४ देखि सरकारको लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शनले सरकारी बजेटलाई लैङ्गिक सम्बन्धी खर्चका लागि प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ भनेर वर्गीकृत गर्ने व्यवस्था गरी आएको छ। सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा लैङ्गिक मुद्दाहरू समावेश गर्ने कार्यमा नेपाल दक्षिणपूर्वी एशियाका अग्रणी मुलुकहरूमध्ये एक हो। लैङ्गिक उत्तरदायी बजेटिङको कार्यान्वयन एक महत्त्वपूर्ण उपलब्धि हो, जसअन्तर्गत बजेट विनियोजनहरू महिलाहरू र अन्य लैङ्गिक अल्पसङ्ख्यक समूहहरूमा पर्ने प्रभावका आधारमा वर्गीकृत गरिन्छ। महालेखा नियन्त्रकको कार्यालयले वार्षिक एकीकृत वित्तीय विवरणमा लैङ्गिक उत्तरदायी खर्चहरूको प्रतिवेदन दिने अभ्यासलाई निरन्तरता दिँदै आएको छ, जसले लैङ्गिक सम्बन्धी खर्चमा पारदर्शिता सुनिश्चित गर्दछ। सन् २०१३ देखि मन्त्रालयगत बजेट सूचना प्रणालीले लैङ्गिक उत्तरदायी खर्चको प्रभावकारी रूपमा अनुगमन गर्दै आएको छ र यसले

लैङ्गिकसम्बन्धी खर्च ट्र्याक र व्यवस्थापन गर्ने सरकारको प्रतिबद्धता दर्शाउँछ। बजेट वक्तव्यका अनुसूचीहरूमा समेत सबै क्षेत्रहरूमा गरिएको लैङ्गिक उत्तरदायी विनियोजन स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ, जसले उक्त प्रतिबद्धतालाई थप बल दिन्छ। सन् २०२० मा अर्थ मन्त्रालयले स्थानीय तहले पनि लैङ्गिक उत्तरदायी बजेटिङ प्रक्रियाअनुसार आफ्नो बजेट तयार गर्न सकून् भनेर नमूना लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन जारी गरेको थियो।

यी उपलब्धिहरूका अतिरिक्त, लैङ्गिक उत्तरदायी खर्चको उचित वर्गीकरण र ट्यागिङ अझै एक चुनौतीका रूपमा रहेको छ। वार्षिक बजेटमा लैङ्गिक उद्देश्यहरू समेट्ने तथा लैङ्गिक समानताका लागि समर्पित परियोजनाहरू छुट्याउने सरकारको पहलले लैङ्गिक न्यायप्रति राष्ट्रको प्रतिबद्धता दर्शाउँछ। बजेट योजना तथा कार्यान्वयन प्रक्रियामा लैङ्गिक दृष्टिकोणको समायोजनले समावेशी सार्वजनिक वित्तीय व्यवस्थापनप्रति सरकारको प्रगतिशील दृष्टिकोण झल्काउँछ।
सार्वजनिक वित्तीय व्यवस्थापनका विभिन्न क्षेत्रहरूमा गरिएका यी विविध पहल र सुधारहरूमार्फत नेपालले आधुनिक, दक्ष, पारदर्शी र जवाफदेही वित्तीय व्यवस्थापन प्रणाली निर्माणप्रति आफ्नो प्रतिबद्धता देखाएको मान्नु पर्दछ। प्रत्येक क्षेत्रमा हासिल गरिएका उपलब्धिहरूले मुलुकको समग्र सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई मजबुत बनाउने काममा योगदान पुऱ्याएका छन्, यसले सुशासन प्रवर्धन गर्नुका साथै सार्वजनिक स्रोतहरूको प्रभावकारी उपयोगमा सहयोग पुऱ्याएको छ।

## ३. दीर्घकालीन सोच, ध्येय, लक्ष्य, परिवर्तनको सिद्धान्त र रणनीतिक उद्देश्यहरू

### ३.१ दीर्घकालीन सोच

"विश्वसनीय सार्वजनिक वित्तीय व्यवस्थापन।"

### ३.२ ध्येय

तीनै तहका सरकारमा बृहत्तर कानूनी, संस्थागत, प्रणालीगत र प्रक्रियागत सुधारमार्फत विश्वसनीय र एकिकृत वित्तीय व्यवस्थापन प्रणाली निर्माण गर्नु ।

### ३.३ मूल मान्यता र मार्गदर्शक सिद्धान्तहरू

- **निष्ठा (Integrity):** सार्वजनिक कोषको व्यवस्थापनमा उच्च नैतिक आचरण पालना गर्दै पारदर्शिता र जवाफदेहीताको अभ्यास मार्फत जनविश्वास आर्जन गर्नु निष्ठा हो। यसमा नीति, कानून र नैतिक आचरणप्रति प्रतिबद्ध हुनु आवश्यक हुन्छ, जसबाट स्रोतको पूर्ण सदुपयोग हुने र वित्तीय क्षेत्रका निर्णयहरू नागरिकका पक्षमा भई जवाफदेहिता सुनिश्चित भएको हुन्छ।
- **निष्पक्षता (Impartiality):** पक्षपात नगरी पूर्वाग्रह विना, निष्पक्ष र तटस्थ भएर वित्तीय क्षेत्रका प्रक्रिया तथा निर्णयहरू भएको सुनिश्चित गर्नु निष्पक्षता हो। यसमा सबै सरोकारवालाहरूसँगको समतामूलक व्यवहार, नियमहरूको निष्पक्ष पालना, र वस्तुनिष्ठ

मूल्यांकन तथा मापदण्डहरूको पालना गरिन्छ, जसले वित्तीय स्रोतहरू न्यायसंगत रूपमा वितरण र व्यवस्थापन गरिएको सुनिश्चित गर्छ।

- **वस्तुनिष्ठता (Objectivity):** निष्पक्ष विश्लेषण, तथ्यगत प्रमाण र गहन तथा सूक्ष्म मूल्याङ्कनका आधारमा वित्तीय निर्णय लिनु वस्तुनिष्ठता हो। यस अन्तर्गत तर्कसङ्गत, प्रभावकारी र परिणाममुखी वित्तीय व्यवस्थापन हासिल गर्नका लागि व्यक्तिगत आग्रहपूर्वाग्रह, बाह्य दबाव र व्यक्तिगत निष्कर्षबाट विमुख हुने विषयहरू पर्दछन् । वस्तुनिष्ठ भई गरेको निर्णयबाट निर्धारित लक्ष्य प्राप्त गर्न सहज बनाउँछ र सार्वजनिक क्षेत्रकालागि अधिकतम लाभ प्राप्त हुने सुनिश्चित गराउँछ।
- **समावेशिता (Inclusion):** वित्तीय सम्बन्धी निर्णय र स्रोतको विनियोजनमा विविध क्षेत्रको दृष्टिकोण तथा धारणाहरू सुनिश्चित गर्नु समावेशिता हो। यसले सीमान्तकृत तथा अल्पप्रतिनिधित्व भएका समूह/क्षेत्रलाई सहभागी गराउँदै वित्तीय अवसर र लाभमा समतामूलक पहुँचको प्रवर्धन गर्दछ, जसबाट सार्वजनिक वित्तीय व्यवस्थापनमा निष्पक्ष र समावेशीमूलक दृष्टिकोणको विकासमा टेवा पुग्छ।
- **व्यावसायिकता (Professionalism):** सार्वजनिक वित्तीय व्यवस्थापनमा संलग्न व्यक्तिहरूको व्यवहार, कार्यदक्षता तथा नैतिकता उच्चस्तरको हुनुपर्छ। यस अन्तर्गत निरन्तर सिकाइ, प्रभावकारी सञ्चार र उत्तरदायित्व पर्दछन् जसबाट सार्वजनिक वित्तीय व्यवस्थापकहरूले निष्ठावान भई कुशलतापूर्वक, इमान्दारिताका साथ प्रतिफलमूखी कार्यसम्पादनको सुनिश्चितता गर्दछ।
- **जलवायु उत्थानशीलता (Climate Resilience):** वित्तीय योजना निर्माण तथा निर्णय प्रक्रियामा वातावरणीय दिगोपनाको आन्तरिकीकरण जलवायु उत्थानशीलता हो। यसमा जलवायु परिवर्तनको न्यूनीकरण तथा प्राकृतिक स्रोतहरूको संरक्षणका लागि पर्यावरणीय प्रभावको विवेचना, हरित लगानीको प्रवर्धन र दिगोपनाको अभ्यासहरूको कार्यान्वयन पर्दछ। दीर्घकालिन विश्वव्यापी जलवायु परिवर्तन व्यवस्थापनका लक्ष्यहरू हासिल गर्न सार्वजनिक वित्तीय व्यवस्थापनले मद्दत पुऱ्याउनु समेत जलवायु उत्थानशीलता हो।

## ३.४ परिवर्तनको सिद्धान्त

नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा तथ्याङ्कको गुणस्तर, सरकारका तहबीच स्रोतको दोहोरोपना, बजेटको कमजोर कार्यान्वयन र प्रक्रियामुखी खरिद प्रणाली सम्बन्धी चुनौतीहरू रहेका छन्। यी चुनौतीको सम्बोधनका लागि, सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिले नीतिगत तथा कानूनी सुधार, प्रणालीगत समायोजन, प्रमाणमा आधारित निर्णय प्रक्रिया तथा सुदृढ संयन्त्रसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकतामा राखेको छ । यसले प्रक्रियाहरूलाई स्तरीकरण गर्ने, नागरिकको सहभागिता बढाउने, उत्तरदायित्वको प्रवर्धन गर्ने तथा कार्यकुशलता बढाउने संस्थागत प्रबन्धहरूलाई जोड दिएको छ । यी सुधारहरूलाई क्षमता विकास, प्रविधिको लाभ लिने तथा जलवायु र लैङ्गिक संवेदनशीलतालाई अंगिकार गर्ने लगायतका अन्तरसम्बन्धित (cross-cutting) विषयहरूले सहयोग गर्नेछन्।

यस रणनीतिले पारदर्शिता, संस्थागत नागरिक सहभागिता, सार्वजनिक सम्पत्तिको कुशल व्यवस्थापन, आर्थिक जोखिमको न्यूनीकरण, स्रोतको अधिकतम उपयोग तथा विश्वसनीय वार्षिक तथा मध्यमकालीन बजेटमार्फत उच्चतम प्रतिफल हासिल गर्ने सोच राखेको छ । यी प्रतिफलहरू स्थिर नीतिगत वातावरण र प्रतिबद्ध नेतृत्वजस्ता पूर्वशर्तहरूमा निर्भर हुन्छन् । यो रूपान्तरणलाई अगाडि बढाउनका लागि अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, तथा प्रदेश र स्थानीय तहसहितका प्रमुख सरोकारवालाहरूको विशेष भूमिका रहन्छ।

यसको दीर्घकालीन लक्ष्य सरकारका सबै तहमा स्रोतको कुशल विनियोजन, पारदर्शिता तथा उत्तरदायित्वको सुनिश्चितता गरी विश्वसनीय सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको स्थापना गर्नु हो। यस रणनीतिले शासन प्रणालीमा नियमित र उत्कृष्ट सेवा प्रवाहको अपेक्षा गरेको छ, जसबाट सेवाप्रवाहको गुणस्तर तथा वित्तीय व्यवस्थापनका प्रक्रियामा जनविश्वास बढाउन सहयोग पुग्नेछ । अपेक्षित प्रतिफलहरूको प्राप्ति नीतिगत वातावरण, प्रतिबद्ध नेतृत्व तथा व्यावसायिकता जस्ता महत्त्वपूर्ण अनुमानहरू पूरा हुने अवस्था परिकल्पना गरिएको छ।

# परिवर्तनको सिद्धान्तको चित्रण



### ३.५ रणनीतिक उद्देश्यः समग्र ढाँचा

सार्वजनिक वित्तीय व्यवस्थापन सुधार(२०२५-२०३०) का उद्देश्य र प्रमुख रणनीतिहरू निम्न रहेका छन्:

| रणनीतिक स्तम्भहरू | रणनीतिक उद्देश्यहरू |
|---|---|
| **स्तम्भ १: बजेटको विश्वसनीयता**<br>यर्थाथपरक वित्त प्रक्षेपणमार्फत वार्षिक तथा मध्यमकालीन बजेटहरूको विश्वसनीयता सुधार गर्ने | १.१ प्रमाणमा आधारित समष्टिगत आर्थिक तथा वित्त प्रक्षेपणलाई सुदृढ बनाउने<br>१.२ तथ्याङ्कमा आधारित स्रोत प्रक्षेपण प्रणालीको अभिवृद्धि गर्ने<br>१.३. स्रोतको अधिकतम उपयोगका लागि विनियोजन कुशलता सुनिश्चितता गर्ने<br>१.४. आयोजना व्यवस्थापन तथा बजेट राष्ट्रिय नीतिसँग सामञ्जस्य बनाउने |
| **स्तम्भ २: बजेटको कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन**<br>स्रोतको अधिकतम प्रयोग, लेखाप्रणाली तथा गुणस्तरीय वित्तीय प्रतिवेदनको सुनिश्चितताका लागि सुदृढ मापदण्ड तथा प्रक्रियाहरूसहित बजेट कार्यान्यवन गर्ने | २.१ बजेट कार्यान्वयनको प्रभावकारिता वृद्धि गर्ने<br>२.२ खरिद प्रक्रियालाई थप कुशल, पहुँचयोग्य र पारदर्शी बनाउने<br>२.३ आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई सुदृढ बनाउने<br>२.४ प्रभावकारी नगद प्रवाह व्यवस्थापनको सुनिश्चितता गर्ने<br>२.५ लगानीको प्रभावकारिता मूल्याङ्कनका लागि बृहत अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्ने<br>२.६ लेखा प्रणालीको दायरा विस्तार गर्दै लेखाङ्कन र वित्तीय प्रतिवेदनको गुणस्तर वृद्धि गर्ने |
| **स्तम्भ ३: राजस्व व्यवस्थापन**<br>राजस्व सङ्कलन तथा अनुपालनलाई प्रभावकारी बनाउन आधुनिक र कुशल राजस्व व्यवस्थापन गर्ने । | ३.१ कुल राजस्व र यसको संरचनागत प्राप्तिमा सुधार ल्याउने<br>३.२ राजस्व नीतिको डिजाइन तथा कार्यान्वयनका लागि अन्तरसरकारी तथा अन्तरनिकाय समन्वय तथा सहकार्य सुदृढ बनाउने<br>३.३ करसम्बन्धी कानून तथा कार्यसञ्चालनप्रति करदाताको स्वेच्छिक अनुपालनमा वृद्धि गर्ने |
| **स्तम्भ ४: अन्तरसरकारी वित्त व्यवस्थापन**<br>तीन तहको प्रतिवेदन प्रणालीसँग पूर्णरूपमा अन्तरआवद्ध पारदर्शी, | ४.१ अन्तरसरकारी सन्तुलनलाई सशक्त बनाउन वित्तीय हस्तान्तरणलाई थप पूर्वानुमानयोग्य, समतामूलक तथा नतिजामुखी बनाउने<br>४.२ एकीकृत वित्तीय हस्तान्तरण प्रणाली विकास गर्ने |

| रणनीतिक स्तम्भहरू | रणनीतिक उद्देश्यहरू |
|---|---|
| सामयिक, र नियममा आधारित अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणाली निर्माण गर्ने। | |
| **स्तम्भ ५: ऋण तथा वित्त जोखिम व्यवस्थापन**<br>वित्त जोखिम तथा सार्वजनिक ऋणको दिगोपन व्यवस्थापन | ५.१ नीतिगत सुधार, सुदृढ प्रणाली, र बलियो संस्थागत क्षमतामार्फत दिगो ऋण व्यवस्थापन कायम गर्ने<br>५.२ समग्र वित्त जोखिम व्यवस्थापन तथा न्यूनीकरणका रणनीतिहरूलाई अघि बढाउने। |
| **स्तम्भ ६: सम्पत्ति व्यवस्थापन**<br>सुशासनका लागि कुशल र उत्तरदायी सम्पत्ति व्यवस्थापनलाई सुदृढ बनाउने। | ६.१ सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि नीतिगत खाकालाई सुदृढ बनाउने<br>६.२ वित्तीय सम्पत्ति व्यवस्थापनलाई संस्थागत बनाउने<br>६.३ जोखिम व्यवस्थापनलाई सुदृढ बनाउन तथा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि वित्तीय कार्यकुशलतामा सुधार ल्याउने<br>६.४ सार्वजनिक सम्पत्तिको बृहत्तर व्यवस्थापन तथा लेखापरिक्षण प्रणाली मार्फत जवाफदेहिता अभिवृद्धि गर्ने |
| **स्तम्भ ७: बाह्य निगरानी, पारदर्शिता र जवाफदेहिता**<br>प्रभावकारी बाह्य निगरानी तथा सार्वजनिक वित्तीय प्रणालीमा नागरिक सहभागितामार्फत पारदर्शिता तथा जवाफदेहिताको प्रवर्धन गर्ने | ७.१ सार्वजनिक वित्तीय व्यवस्थापन चक्रमा नागरिक सहभागिता प्रवर्धन गर्ने।<br>७.२ लेखापरीक्षणको गुणस्तर र प्रभावलाई सुदृढ गर्ने।<br>७.३ वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन र सिफारिसहरूको कार्यान्वयनमा प्रभावकारी संसदीय निगरानी सुनिश्चित गर्ने। |
| **अन्तरसम्बन्धित क्षेत्रहरू**<br>१. क्षमता विकास<br>२. सूचना प्रविधि<br>३. जलवायु तथा लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन | |

सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिले सार्वजनिक वित्तीय व्यवस्थापन प्रक्रियामा संलग्न निकायहरूले विकास गरेका क्षेत्रगत रणनीतिहरूसँग तादत्म्य कायम गरेको छ । यी प्रयासहरूलाई दोहोऱ्याउने नभई, यस रणनीतिले ती सबै प्रयासहरूलाई एउटै समग्र राष्ट्रिय ढाँचामा समेटेको छ । यस पद्धतिले मध्यमकालीन ऋण व्यवस्थापन रणनीति, आन्तरिक राजस्व परिचालन रणनीति, भन्सार सुधार तथा आधुनिकीकरण योजना, तथा सरकारी लगानी व्यवस्थापन कार्यविधिजस्ता क्षेत्रगत रणनीतिहरूलाई बृहत्तर सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको कार्यसूचीमा समावेश गरेको सुनिश्चितता गरेको छ । साथै, शिक्षा र स्वास्थ्यजस्ता प्रमुख क्षेत्रका

लागि तयार गरिएका रणनीतिहरूको विषय पनि यसमा समेटिएका छन्, जसले सबै तहका सरकारहरूमा सार्वजनिक वित्तीय व्यवस्थापनका लागि समन्वयात्मक र एकीकृत पद्धतिको प्रवर्धन गर्दछ।

४. सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका प्राथमिकता र नतिजाहरू

देहायका स्तम्भहरूले सार्वजनिक वित्तीय व्यवस्थापन क्षेत्रको लक्ष्य र परिकल्पना हासिल गर्न आवश्यक सुधारका क्षेत्रहरूलाई प्रतिनिधित्व गर्छन्। प्रत्येक स्तम्भले सार्वजनिक वित्तीय व्यवस्थापन प्रक्रिया, लक्ष्य, रणनीति, र यस रणनीतिमार्फत हासिल गरिने प्राथमिकतायुक्त सुधार क्षेत्रहरूलाई प्रतिबिम्बित गर्छ।




स्तम्भ १: बजेटको विश्वसनीयता

**लक्ष्यः यर्थाथपरक वित्त प्रक्षेपणमार्फत वार्षिक तथा मध्यमकालीन बजेटहरूको विश्वसनीयता सुधार गर्ने**

**रणनीतिक उद्देश्य १.१ प्रमाणमा आधारित समष्टिगत आर्थिक तथा वित्त प्रक्षेपणलाई सुदृढ बनाउने**

राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष तीन वर्षे मध्यमकालीन खर्च संरचनाको प्रारूप तयार गर्छ जसमा समष्टिगत-वित्त रूपरेखा, बजेट रूपरेखा र नतिजा खाका समावेश हुन्छन्। राष्ट्रिय योजना आयोगअन्तर्गतको राष्ट्रिय स्रोत अनुमान समितिले निश्चित सूचकहरुमा आधारित रहेर तीन वर्षका

लागि समष्टिगत आर्थिक सूचकाङ्कहरूको पूर्वानुमान गर्छ। यस समितिले अद्यावधिक समष्टिगत आर्थिक प्रक्षेपणको आधारमा चालु आर्थिक वर्ष र आगामी दुई आर्थिक वर्षका लागि बजेट सीमा र स्रोतको दायरा पनि तयार गर्छ जसमा विशेषगरी आउँदो आर्थिक वर्षको कूल बजेट सीमा र मन्त्रालयगत बजेट प्राथमिकतामा राखिन्छ।

अर्थ मन्त्रालयले वार्षिक रूपमा प्रकाशित गर्ने आर्थिक सर्वेक्षणले वर्तमान आर्थिक अवस्थाको विश्लेषण गर्दछ र भविष्यको सम्भावित परिदृश्यसमेत प्रस्तुत गर्दछ। यसमा केन्द्रीय तथ्याङ्क विभाग, नेपाल राष्ट्र बैङ्क, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र महालेखा नियन्त्रकको कार्यालयले प्राविधिक सहयोग तथा आवश्यक तथ्याङ्क उपलब्ध गराउँछन्।

सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता (पेफा) मूल्याङ्कनले विगतका वर्षहरूमा बजेटमा उल्लिखित प्रमुख समष्टिगत आर्थिक सूचकहरूका अनुमानित र वास्तविक नतिजाहरूबीच उल्लेखनीय अन्तर रहेको देखाएको छ। समष्टिगत आर्थिक पूर्वानुमानमा ब्याजदर र विनिमय दरसम्बन्धी पूर्वानुमान समावेश गर्ने गरिएको छैन। साथै, मध्यमकालीन खर्च संरचनामा समष्टिगत-वित्त संवेदनशीलता विश्लेषण समावेश छैन। आगामी दुई आर्थिक वर्षका लागि गरिने खर्चको पूर्वानुमानमा आर्थिक संकेतका आधारमा वर्गीकरण गर्ने गरिएको हुँदैन। यस्तै गरी, मध्यमकालीन खर्च संरचनामा आगामी दुई वर्षका लागि राजस्वको प्रकारअनुसारको पूर्वानुमान पनि समावेश हुँदैन। त्यस माथि, हालको मध्यमकालीन खर्च संरचनामा अघिल्लो मध्यमकालीन खर्च संरचनाको अनुमानसँग तुलना गर्ने वा खर्चको अनुमान तथा पूर्वानुमानमा भएका परिवर्तनहरूको स्पष्ट व्याख्या गर्ने कुनै प्रावधान राखिएको छैन।

मध्यमकालीन खर्च संरचनामा खर्च नीतिमा हुने परिवर्तनहरूको आर्थिक प्रभाव तीन वर्षका लागि र राजस्व नीतिमा हुने परिवर्तनहरूको प्रभाव चालू बजेट वर्षको लागि गर्ने गरिएको छ। तथापि, प्रस्तावित नीतिगत पहलहरूले राजस्वमा पार्न सक्ने प्रभावसम्बन्धी विश्लेषण तथा अनुमान प्रत्येक नीतिअनुसार छुट्टाछुट्टै तयार गरिने गरिएको छैन। मन्त्रालयहरूद्वारा पेश गरिने प्रगति प्रतिवेदनहरूमा अघिल्लो आर्थिक वर्षका आर्थिक नतिजाहरू समेटिएका हुन्छन्। यद्यपि, स्पष्ट अङ्कगत उद्देश्यहरू, लक्ष्यहरू तथा नीतिगत मापदण्डहरू समावेश भएको आर्थिक रणनीति दस्तावेज हालसम्म सरकारबाट औपचारिक रूपमा तयार गरिएको छैन। सोही कारण, आर्थिक नतिजा र उपलब्धिको प्रगति प्रतिवेदनको समेत हालको अवस्थामा अभाव रहेको छ।

यी कमजोरीहरूलाई सम्बोधन गर्न, रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छ:

१. **आर्थिक रणनीति तथा नीतिगत प्रभावः** सरकारको आर्थिक लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने उद्देश्यले राजस्व र खर्च नीति प्रस्तावहरूको आर्थिक प्रभावको मूल्याङ्कनसमेत समेटिएको स्पष्ट आर्थिक रणनीति तयार पार्ने र कार्यान्वयन गर्ने।

२. **सुदृढ डाटाबेसः** समष्टिगत आर्थिक सूचनाको मोडलिङ र पूर्वानुमानका लागि समष्टिगत पूर्वधारणाहरू, ऋण प्रोफाइलिङ, वास्तविक खर्च, बजेटबाहेकका कोष, वित्तीय तथा गैर-वित्तीय सम्पत्ति, खर्च बक्यौता, र आकस्मिक दायित्वहरू समावेश भएको मजबुत डाटाबेस तयार पार्ने।

**रणनीतिक उद्देश्य १.२ तथ्याङ्कबाट आधारित स्रोत प्रक्षेपण प्रणालीको सुदृढीकरण**

वार्षिक बजेट तयारीको कार्यमा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगबिच समन्वय र सहकार्य हुने गर्दछ। मन्त्रालयहरू, विभागहरू र निकायहरूलाई बजेट सीमा र तयारीसम्बन्धी मार्गनिर्देशन प्रदान गरिन्छ, जसअनुसार तिनीहरूले विस्तृत बजेट अनुमान तयार गर्छन्। तथापि, मन्त्रालयहरूले स्वीकृत बजेटको सीमाभित्र रहँदै वर्षभरि बजेटमा उल्लेखनीय परिमार्जन गर्ने गरेका छन् जसका कारण खर्चको संरचनामा ठूलो भिन्नता देखिन्छ।

सेवा प्रवाहसँग सम्बन्धित अधिकांश मन्त्रालयहरूले विषयगत रणनीतिहरू तयार गरेका छन् र वार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचना अनुमानलाई ती रणनीतिसँग मिलाउन प्रयास गरेका छन्। तथापि, ती क्षेत्रीय रणनीतिहरू पूर्णरूपमा कार्यान्वयन गर्न वित्त सिमा (Fiscal space) अपर्याप्त रहेको छ र निकायहरूलाई वार्षिक विकास बजेटमा विनियोजित रकमको उल्लेखनीय हिस्सा खर्च गर्नसमेत कठिनाइ भइरहेको छ। बजेट तयारी प्रक्रियामा सबल खरिद योजना नबनाइनु यसको एक प्रमुख कारण हो। वार्षिक बजेट तयारीका क्रममा तयार गरिने वार्षिक खरिद योजनाहरू बारम्बार परिवर्तन हुने र पूर्णरूपमा कार्यान्वयन नहुने प्रवृत्ति रहेको छ। चालु प्रकृतिका (Recurrent) बजेट अनुमानहरू प्रायः क्रमिक वृद्धि पद्धतिमा तयार गरिन्छ किनभने आवश्यक तथ्याङ्क विश्लेषण अभ्यासको अभाव छ र खर्च गर्ने प्रत्येक एकाइसँग यस्ता तथ्याङ्कहरू उपलब्ध छैनन्। सङ्घीय सरकारमा हुने यस्तो बजेट पूर्वानुमान अभ्यासको प्रभावले प्रदेश तथा स्थानीय तहमा बजेटको विश्वसनीयता पनि कमजोर बनाएको छ।

रणनीतिले विश्वसनीय बजेट अनुमान तयार गर्नका लागि निकायहरूमा निम्न सुधारहरूलाई प्राथमिकता दिएको छ :

१. **रोलिङ्ग आधारमा लागत अनुमान गरिएको क्षेत्रगत योजनाहरू** : सरकारी निकायहरूले आफ्ना लागत अनुमानित क्षेत्रीय योजना तर्जुमा गरी तथा कार्यान्वयन योजना निरन्तरता दिने छन्। यस्ता योजनाहरू मध्यमकालीन खर्च संरचना तयार गर्न तथा बजेट सीमा निर्धारण गर्नको लागि आधारभूत सूचना स्रोतको रूपमा प्रयोग गरिनेछ।

२. **सुदृढ खरिद योजना निर्माणः** वार्षिक बजेट प्रस्तावको हिस्साका रूपमा निकायहरूले बजेट अनुमानसँग अनुकूल विस्तृत वार्षिक खरिद योजना तयार गरी पेश गर्नुपर्नेछ। पेश गरिएको खरिद योजनामा प्रस्तावित कुनै पनि संशोधनका लागि स्पष्ट कारणसहित पर्याप्त व्याख्या र निर्धारित प्रक्रिया अनुसार स्वीकृति लिनुपर्नेछ।

**रणनीतिक उद्देश्य १.३ स्रोतको अधिकतम उपयोगका लागि विनियोजन कुशलता सुनिश्चितता गर्ने**

मध्यमकालीन खर्च संरचना र क्षेत्रीय योजनाहरू जस्ता बजेटीय ढाँचाहरू कार्यान्वयनमा उल्लेखनीय प्रगति भएतापनि अझै केही चुनौतीहरू विद्यमान छन्। बजेटको विखण्डन, स्रोत विनियोजनमा क्रमिक वृद्धि (Incremental) पद्धति र नीतिगत प्राथमिकता तथा खर्चबीचको कमजोर सम्बन्धले विनियोजन कुशलतामा असर पुऱ्याइरहेको छ।

यी चुनौतीहरूलाई सम्बोधन गर्न नेपालले परियोजना, कार्यक्रम र खर्च प्राथमिकीकरणका लागि मापदण्ड र मानकहरूलाई स्पष्ट र सुव्यवस्थित बनाउने लक्ष्य लिएको छ। यसअन्तर्गत बजेट तयारी मार्गनिर्देशनमा संशोधन गरी बजेट गतिविधिको प्रभाव र कार्यान्वयन सम्भाव्यताको आधारमा तिनको प्रणालीगत प्राथमिकीकरणलाई जोड दिने व्यवस्था गरिनेछ। साथै, सङ्घीय, प्रादेशिक र स्थानीय तहमा बजेटभित्र तथा बाहिर रहेका दोहोरिएका कार्यक्रमहरू पहिचान गरी हटाउने व्यवस्था गर्न एक संयन्त्र स्थापना गरिनेछ जसले बजेटको कुशलता अझ वृद्धि गर्नेछ।

साथसाथै, परियोजनाको प्रणालीगत मूल्याङ्कन तथा आर्थिक विश्लेषणका लागि सुदृढ प्रणाली अपनाउनाले त्यसले स्रोत साधनहरू उच्च प्राथमिकता तथा उच्च प्रभाव पर्ने क्षेत्रहरूतर्फ निर्देशित भएको सुनिश्चित गर्नेछ। यी सुधारहरूले बजेट विनियोजन र राष्ट्रिय प्राथमिकताहरूबीचको समन्वयलाई थप सुदृढ बनाउने, विनियोजनमा देखिएको अक्षमता हटाउने तथा समतामूलक विकासलाई प्रवर्धन गर्ने उद्देश्य लिएका छन्। यस सन्दर्भमा सुधार गतिविधिहरूका प्रमुख प्राथमिकता निम्नानुसार हुनेछन्:

१. **योजनाहरू तथा वार्षिक बजेटसँग मध्यमकालीन खर्च संरचनाको अन्तरसम्बन्ध स्थापना:** मध्यमकालीन खर्च संरचनाको व्यापकता र गुणस्तर सुधार गर्न ब्याजदर तथा विनिमयदरको पूर्वानुमान समावेश गर्ने, समष्टिगत-आर्थिक संवेदनशीलता विश्लेषण गर्ने, आगामी दुई आर्थिक वर्षका खर्च पूर्वानुमानहरूमा आर्थिक वर्गीकरण समावेश गर्ने, आगामी दुई आर्थिक वर्षका राजस्व पूर्वानुमानलाई प्रकारअनुसार प्रस्तुत गर्ने र अघिल्ला पूर्वानुमानहरूसँग तुलना गर्ने वा खर्च पूर्वानुमानमा देखिएका परिवर्तनहरूको स्पष्ट व्याख्या प्रस्तुत गर्ने व्यवस्था गरिनेछ।

२. **बजेट मापदण्ड तथा मानकहरू निर्धारण:** खर्चको वस्तुनिष्ठ अनुमान गर्न सहजीकरण गर्ने उद्देश्यले अर्थ मन्त्रालयले बजेट मापदण्ड तथा मानकहरू तयार गरी सार्वजनिक गर्नेछ। यी मापदण्डहरूले बजेट तयारीका लागि रूपरेखा तथा लागत निर्धारण अनुगमनका मापदण्ड निर्धारण गर्नेछन् जसका आधारमा समग्र बजेटको वस्तुनिष्ठता अनुमान गर्न सकिनेछ।

३. **क्रियाकलापहरूको प्राथमिकीकरण:** खर्च गर्ने प्रत्येक सरकारी संस्थाको खर्च आवश्यकता मूल्याङ्कन गर्ने र रणनीतिक रूपमा ती आवश्यकताहरूको प्राथमिकता निर्धारण गर्ने कार्य गरिने छ।

**रणनीतिक उद्देश्य १.४ परियोजना शासन प्रणाली तथा बजेटलाई राष्ट्रिय नीतिसँग सामञ्जस्य बनाउने**

नेपाल सरकारले सन् २०३० भित्र सबै दिगो विकास लक्ष्यहरू हासिल गर्दै नेपाललाई मध्यम आय भएको देशमा रूपान्तरण गर्ने लक्ष्यका साथ महत्त्वाकांक्षी लगानी लक्ष्यहरू निर्धारण गरेको छ। १६औं आवधिक योजनाले आगामी पाँच वर्षमा चालु खर्चको वृद्धिदरभन्दा बढी हुनेगरी पुँजीगत खर्चमा वृद्धिको प्रक्षेपण गरेको छ।

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) मूल्याङ्कन अनुसार हाल सार्वजनिक लगानी व्यवस्थापनको कार्यसम्पादन प्रारम्भिक अवस्थामै रहेको छ। केही प्रमुख लगानी परियोजनाहरूले आर्थिक विश्लेषण, मूल्याङ्कन, र छनोट प्रक्रिया प्रचलित कार्यविधिअनुसार पालना गरे तापनि नोभेम्बर २०२१ मा सम्पन्न सार्वजनिक लगानी व्यवस्थापन मूल्याङ्कन (PIMA) ले देखाएअनुसार नेपालको सार्वजनिक लगानी व्यवस्थापनमा कमजोरी मुख्यतः बजेट विनियोजन र कार्यान्वयन चरणहरूमा देखिन्छ।

सीमित वित्तीय क्षमताको दायराभित्र रहेर लगानीका लक्ष्यहरू पूरा गर्न नेपाल सरकारले सार्वजनिक लगानीको कुशलतालाई सक्रिय रूपमा अभिवृद्धि गर्नेछ। राष्ट्रिय योजना आयोगले सार्वजनिक लगानी व्यवस्थापन मूल्याङ्कनमा उल्लिखित प्रमुख सिफारिसहरू कार्यान्वयन गर्न एउटा कार्ययोजना तर्जुमा गरेको छ।

रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. **राष्ट्रिय आयोजना बैङ्कः** आयोजना बैङ्कसम्बन्धी निर्देशिकाहरूलाई सरलीकरण गर्ने, राष्ट्रिय आयोजना बैङ्क सूचना प्रणालीलाई अद्यावधिक गर्ने र यस प्रणालीलाई थप प्रयोगकर्ता-मैत्री तथा बजेट प्रणालीसँग एकीकृत बनाउने।

२. **आयोजनाहरूको प्रभावकारी अनुगमनः** विशेषगरी राष्ट्रिय प्राथमिकता प्राप्त तथा ठूला आयोजनाहरूको अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउने।

नतिजा खाका | स्तम्भ १: बजेटको विश्वसनीयता

| क्र.स. | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| रणनीतिक उद्देश्य १.१ प्रमाणमा आधारित समष्टिगत आर्थिक तथा वित्त प्रक्षेपणलाई सुदृढ बनाउने | | | | का.सू.-१४= D+<br>का.सू.-१६= C+ | का.सू.-१४= C<br>का.सू.-१६= B | |
| १.१.१. | वित्त सम्बन्धी नीति तथा नियमहरूको तर्जुमा | ▪ सङ्घीय तहमा वित्त नियमहरू लागु भएको<br>▪ मध्यमकालीन बजेटरी संरचना र मध्यमकालीन वित्त संरचनाको क्रमिक अवलम्बन हुने<br>▪ वित्तीय अनुशासन थप सुदृढ भएको | ▪ वित्त नीति विकास र कार्यान्वयन गरिएको छ।<br>▪ वित्त नीतिसम्बन्धी दस्तावेज प्रकाशित भएको हुनेछ।<br>▪ वित्त नियमहरू लागु गरिएको हुनेछ।<br>▪ मध्यमकालीन बजेटरी संरचना र मध्यमकालीन वित्त संरचनाको अवलम्बनका लागि अध्ययन सम्पन्न गरिएको हुनेछ। | वार्षिक योजना तथा नीतिहरू प्रकाशित हुने गरेको | मध्यमकाल केन्द्रित वित्त नीति प्रकाशित भएको | आर्थिक नीति विश्लेषण महाशाखा- अर्थ मन्त्रालय, आर्थिक मामिला मन्त्रालय (प्रदेश) |
| १.१.२ | समष्टिगत आर्थिक डाटाबेस तथा राष्ट्रिय सूचना पोर्टललाई सुदृढीकरण गर्ने | ▪ यथार्थपरक र वास्तविक-समयमा आधारित समष्टिगत | ▪ राष्ट्रिय सूचना पोर्टलमा आर्थिक तथा वित्तीय सूचना अद्यावधिक भएको | २०१९-२० को स्थिर तथ्याङ्क उपलब्ध छ | चौमासिक रूपमा अद्यावधिक हुने र क्रमशः एप्लिकेसन् | राष्ट्रिय तथ्याङ्क कार्यालय, आर्थिक नीति विश्लेषण |

| क.स. | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | आर्थिक सूचना सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा एकीकृत भएको हुने | हुनेछ।<br>▪ म्याक्रो-इकोनोमेट्रिक औजारहरू प्रयोग भएको हुनेछ। | | प्रोग्रामिङ्ग इन्टरफेस (एपिआइ) को प्रयोगबाट वास्तविक समयमा अद्यावधिक | महाशाखा-अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, राष्ट्रिय योजना आयोग, प्रदेश तथा स्थानीय तहका मन्त्रालय, विभाग र निकायहरू |
| रणनीतिक उद्देश्य १.२ तथ्याङ्कबाट आधारित स्रोत प्रक्षेपण प्रणालीको सुदृढीकरण | | | | का.सू.-३ = D+<br>का.सू.-१९ = C+ | का.सू.-३ = D<br>का.सू.-१९ = B | |
| १.२.१. | स्रोत पूर्वानुमानसम्बन्धी औजारहरू विकास तथा उपयोग गर्ने | ▪ स्रोत पूर्वानुमानसम्बन्धी औजारहरू प्रयोगका लागि उपलब्ध भएको हुने | ▪ स्रोत पूर्वानुमानका लागि आधार परिभाषित भएको हुनेछ।<br>▪ औजारहरू प्रयोगका लागि मार्गनिर्देशिका बनेको हुनेछ।<br>▪ बजेट कार्यतालिका (क्यालेण्डर) वार्षिक रूपमा अद्यावधिक भएको र अनुपालना जाँच | आंशिक | २०२७ सम्ममा आधार तथा मार्गनिर्देशिकाहरू तयार पार्ने र निरन्तर अनुपालना गर्ने | राष्ट्रिय योजना आयोग, राजस्व व्यवस्थापन महाशाखा- अर्थ मन्त्रालय |

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं
सचिव

| क्र.स. | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | गरिएको हुनेछ। | | | |
| १.२.२ | यथार्थपरक बजेट योजना निर्माणका लागि राष्ट्रिय स्रोत अनुमान समिति र प्राविधिक समितिलाई स्रोत साधन युक्त बनाउने। | ▪ तीनवटै तहमा स्रोत साधन सम्पन्न र सशक्त स्रोत अनुमान समिति रहने<br>▪ राष्ट्रिय योजना आयोगद्वारा यथार्थपरक सीमा प्रदान गरिने | ▪ राष्ट्रिय स्रोत अनुमान समिति र प्राविधिक समितिहरूको लागि मानक कार्यविधि तयार पारिएको र अद्यावधिक गरिएको हुनेछ।<br>▪ बजेट योजना निर्माण प्रक्रियामा राष्ट्रिय स्रोत अनुमान समिति र प्राविधिक समितिहरूले उक्त मानक कार्यविधि पालना गरेको हुनेछन्।<br>▪ वार्षिक बजेट सीमा र वास्तविक बजेटबीचको भिन्नताको प्रतिशत। | औपचारिक समिति कृयाशील रहेको | प्राविधिक रूपमा सुसज्जित समितिहरू | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रादेशिक योजना आयोग |
| १.२.३ | बजेट प्रणाली (on-treasury) मार्फत वैदेशिक सहायता परिचालनलाई सरल बनाउने | ▪ अधिकांश वैदेशिक सहायता परियोजनाहरू राष्ट्रिय प्रणाली (बजेट तथा कोष संयन्त्र) | ▪ सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका लागि एकल द्वार संयन्त्र सक्रिय बनाइएको हुनेछ। | आंशिक | २०२५ जुलाई उप्रान्त एकल द्वार संयन्त्र कार्यान्वयन गर्ने | अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा र वित्तीय |

| क्र.स. | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | मार्फत प्रवाह हुन्छन्। | ▪ बजेट प्रणाली बाहिर र कोष बाहिर हुने क्रियाकलापहरूको सहायता व्यवस्थापन सूचना प्रणालीमा अभिलेख गरिएको सङ्ख्या र परिमाण | | | सङ्घीयता समन्वय महाशाखा |
| **रणनीतिक उद्देश्य १.३ स्रोतको अधिकतम उपयोगका लागि विनियोजन कुशलताको सुनिश्चितता** | | | | | | |
| १.३.१ | आयोजना, कार्यक्रम र खर्च प्राथमिकीकरणका लागि मापदण्ड र मानकहरू परिमार्जन गर्ने। | ▪ प्राथमिकीकरण मापदण्डहरूको प्रभावकारी कार्यान्वयन र पालना भएको हुने<br>▪ कार्यसम्पादनमा आधारित बजेटिङ (अर्थात् परिणाममुखी) तर्फ अग्रसरता हुने<br>▪ योजना तथा बजेटिङका लागि सरलीकृत मापदण्ड, मानक र मार्गनिर्देशिकाहरू जारी | ▪ आयोजना, कार्यक्रम र खर्च प्राथमिकीकरण सम्बन्धी विभिन्न मापदण्ड र मार्गदर्शन, मानक सञ्चालन विधि र निर्देशिकाहरू<br>▪ कार्यसम्पादनमा आधारित बजेटिङका लागि तोकिएका मापदण्डहरू<br>▪ लैङ्गिक, जलवायु र अन्य क्षेत्रगत प्रक्रियामा केन्द्रित रही बजेट तयारी | आयोजना वर्गीकरणका लागि आधार तथा मापदण्डहरू। | ▪ योजना तथा बजेटिङ प्रणाली मापदण्ड र मानकअनुसार विकसित गर्ने<br>▪ सरलीकृत मार्गनिर्देशिकाहरू विकास गर्ने | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरू |

| क.स. | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | हुने | निर्देशिकाको संशोधन | | | |
| १.३.२ | बजेटअन्तर्गतका क्रियाकलापको प्राथमिकिकरण र बजेट विनियोजनलाई प्रणालीगत रूपमा सुधार गर्ने। | ▪ प्राथमिकतायुक्त आयोजनाहरूका लागि यथार्थपरक बजेट विनियोजन हुने<br>▪ स्पष्ट पहिचान गरिएका र आर्थिक दृष्टिले सम्भाव्य परियोजनाहरूको चयन हुने | ▪ बजेट तयारी निर्देशिकामा प्राथमिकताका मापदण्ड समावेश गरिएको।<br>▪ पूर्वबजेट अन्तरक्रियाको अभिलेख राखिएको। | बजेट छलफलका लागि कानुनी प्रावधान रहेको। | बजेट प्राथमिकीकरण तथा पूर्वबजेट छलफलको अभिलेखन। | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सबै तहका विषयगत निकायहरू |
| १.३.३ | योजना, नीति र वार्षिक बजेटबीच अन्तरसम्बन्ध स्थापित गर्ने। | ▪ आवधिक योजना, परियोजना बैङ्क, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट अन्तरआवद्ध गरिएको हुने<br>▪ मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन हुने<br>▪ मध्यमकालीन खर्च | ▪ मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीचको अन्तरको कारणहरू प्रकाशित भएको।<br>▪ राष्ट्रिय आयोजना बैङ्क सूचना व्यवस्थापन प्रणाली, मध्यमकालीन खर्च संरचना, विषयगत मन्त्रालय बजेट सूचना | अनुपालनाका लागि मध्यमकालीन खर्च संरचना प्रतिवेदन प्रकाशित गरिएको | ▪ वार्षिक बजेट तयारीका लागि आधारको रूपमा मध्यमकालीन खर्च संरचनाको बजेटलाई लिने<br>▪ प्रणालीको पूर्ण एकीकरण | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरू |

| क.स. | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | संरचनालाई अनुपालना गरिनुपर्ने कुराको रूपमा मात्र नहेरेर सुधारको औजारको रूपमा पनि प्रयोग गर्ने<br>▪ सार्वजनिक लगानी व्यवस्थापन (PIM) योजना तर्जुमा प्रक्रियासँग मेल खाने गरी सञ्चालनमा ल्याइएको। | प्रणाली, प्रादेशिक विषयगत मन्त्रालय बजेट सूचना प्रणाली र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली एकीकृत गरिएको। | | | |
| १.३.४ | बजेट निर्माणमा कुशलता हासिल गर्नका लागि बजेट क्रियाकलापहरूलाई तर्कसङ्गत बनाउने र मानकीकरण गर्ने। | ▪ परिभाषित कार्यगत बजेटहरू बन्ने<br>▪ क्रियाकलापमा आधारित बजेटिङको स्तरोन्नति हुने | ▪ क्रियाकलापहरूको खाता सुची तयार गरी बजेट प्रणालीमा समावेश गरिएको हुनेछ।<br>▪ लैङ्गिक तथा जलवायु कोडहरू बजेट प्रणालीमा समाहित गरिएको हुनेछ<br>▪ उत्पादन र रोजगारी कोड बजेट प्रणालीमा समावेश | विषयगत मन्त्रालय बजेट सूचना प्रणाली, प्रादेशिक विषयगत मन्त्रालय बजेट सूचना प्रणाली र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा ८,००,००० क्रियाकलापहरू | बजेटिङ प्रणालीमा ४०,००० भन्दा कम प्रमुख क्रियाकलापहरू समावेश भएको हुनेछ। | अर्थ मन्त्रालय – बजेट महाशाखा |

| क.स. | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | गरिएको र सम्बन्धित प्रतिवेदन तयार गरिएको। | अभिलेखमा रहेका। | | |
| १.३.५ | तीनै तहका सरकारहरूबीच बजेटभित्रका कार्यक्रमहरू तथा बजेट बाहिरका कार्यक्रमहरूमा दोहोरिएका कार्यक्रम पहिचान गर्नका लागि एक संयन्त्र स्थापना गर्ने। | ▪ कार्यक्रमहरूका लागि स्रोतको कुशल विनियोजन हुने<br>▪ प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्र स्थापित हुने | ▪ दोहोरिएको बजेटको रिपोर्ट गरिएको सङ्ख्या<br>▪ बजेटबाहेकका पहिचान गरिएका र सरलीकृत गरिएका कार्यक्रमहरूको सङ्ख्या | दोहोरिएको बजेटको रिपोर्ट गर्ने कुनै संयन्त्र विद्यमान नरहेको। | दोहोरिएका कार्यक्रमहरू पहिचान गर्ने संयन्त्र सक्रिय गरिएको। | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सार्वजनिक लेखा समिति, प्रादेशिक योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय तह, क्षेत्रगत समितिहरू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| रणनीतिक उद्देश्य १.४ परियोजना व्यवस्थापन तथा बजेट राष्ट्रिय नीति तथा योजनासँग सामञ्जस्य बनाउने | | | | का.सू.-२ = D+<br>का.सू.-११ = C+<br>का.सू.-५ =C | का.सू.-२ = D<br>का.सू.-११ = B<br>का.सू.-५ =C+ | |
| १.४.१ | राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली | ▪ एकीकृत एकल आयोजना बैङ्क प्रणाली | ▪ राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना | राष्ट्रिय आयोजना बैङ्क स्थापना भएको। | मार्च २०२६ सम्ममा राष्ट्रिय | राष्ट्रिय योजना आयोग, विषयगत |

| क्र.स. | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | सुधार गर्ने। | कार्यान्वयन हुने<br>▪ राष्ट्रिय आयोजना बैङ्कका कार्यविधि, मार्गदर्शन र प्रणालीको अनुपालना दरमा वृद्धि हुने। | प्रणालीमा प्रदेश तथा स्थानीय तहका लागि मोड्युलहरू विकास भएको।<br>▪ राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीलाई मध्यमकालीन खर्च संरचना, विषयगत मन्त्रालय बजेट सूचना प्रणाली, प्रादेशिक विषयगत मन्त्रालय बजेट सूचना प्रणाली र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीसँग एकीकृत गरिएको।<br>▪ वार्षिक बजेटमा समावेश गरिएका राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीभन्दा बाहिरका आयोजनाहरूको प्रतिशत | | आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली अद्यावधिक गर्ने। | मन्त्रालयहरू |

| क्र.स. | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १.४.२ | विकास आयोजनाहरूमा देखिएका समस्याहरू समाधान गर्ने अधिकारसहित स्थलगत अनुगमन समिति गठनको व्यवस्था | ▪ राष्ट्रिय प्राथमिकता प्राप्त तथा ठूला आयोजनाहरूको प्रभावकारी अनुगमन हुने<br>▪ स्थलमै समस्या समाधान गर्ने संयन्त्र सक्रिय बनाइएको हुनेछ। | ▪ राष्ट्रिय प्राथमिकता प्राप्त तथा ठूला आयोजनाको वर्षभरि भएका संयुक्त अनुगमन भ्रमणहरूको सङ्ख्या<br>▪ प्रभावकारी अनुगमनका लागि विस्तृत मार्गनिर्देशिका तयार भएको | अनुगमन तथा मूल्याङ्कन ऐन तथा नियम | अनुगमन तथा मूल्याङ्कन ऐन तथा नियमको संशोधन | राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आयोजना प्रबन्धकहरू |
| १.४.३ | परियोजनाहरूलाई प्राथमिकता दिने क्रममा परियोजना पूर्वतैयारी परीक्षणको अनुपालना गर्ने | ▪ प्राथमिकतामा रहेका परियोजनाहरूलाई पर्याप्त स्रोतहरू प्रदान हुने।<br>▪ वार्षिक बजेटमा परियोजना प्राथमिकीकरणको गुणस्तरमा सुधार आउने। | ▪ प्रदेश तथा स्थानीय तहका लागि परियोजना पूर्वतैयारी परीक्षण सूचक सरलीकृत गरिएको<br>▪ पूर्वतैयारी परीक्षण सूचकसँग अनुपालना गर्ने परियोजनाहरूको प्रतिशत | राष्ट्रिय योजना आयोगको मार्गनिर्देशिकामा व्यवस्था छ | २०२६को मध्यसम्ममा परियोजना अनुमोदन गराउने | अर्थ मन्त्रालय, विषयगत मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, प्रदेश तथा स्थानीय तह |

**लक्ष्यः स्रोतको अधिकतम प्रयोग, लेखाप्रणाली तथा गुणस्तरीय वित्तीय प्रतिवेदनको सुनिश्चितताका लागि सुदृढ मापदण्ड तथा प्रक्रियाहरूसहित बजेट कार्यान्यवन गर्ने**

## रणनीतिक उद्देश्य २.१ः बजेट कार्यान्वयनको प्रभावकारिता वृद्धि गर्ने

बजेट तर्जुमा र स्वीकृतिका ढाँचामा सुधार भएको भए तापनि, सङ्घीय, प्रादेशिक र स्थानीय तहमा कार्यान्वयन चरणमा कमजोरीहरू देखिने अवस्था कायम नै छ। योजना तयारीको क्रममा खासै ध्यान पुग्न नसक्दा विनियोजित बजेटको ठूलो हिस्सा खर्च नै हुन सक्दैन। खर्चमा सुधार ल्याउन बजेट विनियोजन र राष्ट्रिय प्राथमिकताहरूसँग सामञ्जस्यतापूर्ण वार्षिक बजेट कार्यान्वयन योजना पनि महत्त्वपूर्ण हुन्छ। वजेट कार्यान्वयन योजनाले परियोजना र कार्यक्रमहरू कार्यान्वयन गर्न, जवाफदेहिता सुनिश्चित गर्न र ढिलाइ कम गर्न स्पष्ट मार्गचित्र प्रदान गर्छ। यसले खरिद योजनासंग सामञ्जस्यता कायम गर्दै समयमै खरिद गर्न सकिने कुरा पनि सुनिश्चित गर्दछ। यसका अलावा, सरकारका तीनै तहहरूमा प्रक्रिया र प्रगतिको अभिलेख राख्ने प्रणालीहरूको स्तरोन्नति गर्नाले बजेट कार्यान्वयनको वास्तविक समयमा अनुगमन गर्ने अभ्यासलाई पनि सक्षम बनाउनेछ।

## रणनीतिक उद्देश्य २.२. खरिद प्रक्रियालाई थप कुशल, पहुँचयोग्य र पारदर्शी बनाउने

सार्वजनिक खरिद ऐन र विद्युतीय सार्वजनिक खरिद प्रणालीको कार्यान्वयनमार्फत नेपालमा खरिदको क्षेत्रमा सुधार अवश्य देखिएको छ। त्यति हुँदाहुँदै पनि पुराना कानूनी संरचना र सीमित मात्रामा मात्र खरिद विधिहरूको प्रयोग हुनाले आधुनिक खरिदका आवश्यकताहरूलाई सम्बोधन गर्न सकिराखिएको छैन। संरचनात्मक र कार्यात्मक सीमितताहरूले गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयको क्षमता आशाअनुरूप वृद्धि हुन सकेको छैन। सार्वजनिक खरिद अनुगमन कार्यालयसँग आवश्यक प्रशासनिक संयन्त्र नभएकोले यसले तथ्याङ्क सङ्कलन र विशेषज्ञता परिचालनको लागि खरिद गर्ने संस्थाहरूमा भर पर्नु परेको छ। यस्ता चुनौतीहरूले खरिद प्रणालीको पहुँचयोग्यतामा असर पार्छन्। हालको खरिद अभ्यासले खरिद गतिविधिका प्रकृति, आकार र जटिलता जस्ता भिन्ना-भिन्नै रूपमा हेरिनुपर्ने अवयवहरूलाई सो अनुरूप हेर्दैन। फलस्वरूप, सानो मूल्यको खरिदले पनि लामो र जटिल प्रक्रिया पछ्याउनुपर्ने हुन जान्छ।

यी कमजोरीहरूलाई सम्बोधन गर्न नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिले अन्तर्राष्ट्रिय असल अभ्यासहरू प्रतिबिम्बित हुने गरी खरिद कानून र नियमहरूको आधुनिकीकरणमा विशेष ध्यान दिएको छ। खरिद प्रणालीको मूल्याङ्कन विधिको विकासले प्रणालीगत समस्याहरूलाई सम्बोधन गर्न सान्दर्भिक ज्ञान प्रदान गर्नेछ। सम्पूर्ण कार्यगत तथा सम्झौता व्यवस्थापनका पाटा समावेश हुने गरी विद्युतीय सार्वजनिक खरिद प्रणालीको स्तरोन्नति गर्नाले पारदर्शिता र दक्षतामा सुधार हुनेछ। सार्वजनिक खरिद अनुगमन कार्यालयको पुनर्संरचना र यसको क्षमता बढाउनाले यसले प्रभावकारी रूपमा यसको निगरानी सम्बन्धी कायदिश पूरा गर्न सक्नेछ। सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीसँग एकीकरण गर्नाले वास्तविक समयमा तथ्याङ्कको आदानप्रदानलाई पनि सक्षम बनाउनेछ। यी सुधारहरूले खरिद प्रक्रियालाई थप कुशल,

पारदर्शी र पहुँचयोग्य बनाउनेछन्, जसले प्रतिस्पर्धात्मक वातावरण र असल कार्यान्वयनलाई थप प्रवर्धन गर्नेछ।

सङ्घीयताको सन्दर्भलाई सम्बोधन गर्न सरकारका सबै तहहरूमा खरिद प्रक्रियाहरूलाई मानकीकरण गर्नु आवश्यक छ। सुधारका कार्यहरू खरिद योजना, तथ्याङ्क र ठेक्का स्वीकृति जस्ता सामयिक र बृहत्तर सूचना सार्वजनीकरण गर्नमा केन्द्रित हुनुपर्छ। खरिद गर्ने संस्थाहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा जारी निर्देशिकाहरू का साथै सो निकायले गर्ने अनुगमन निर्देशनको पालना गर्नुपर्छ। विद्युतीय सार्वजनिक खरिद प्रणालीमा उन्नत उपकरणहरू एकीकृत गर्नाले ढिलाइमा कमी ल्याउँदै कार्यकुशलता र पहुँचमा सुधार ल्याउन सक्छ।

यी क्रियाकलापहरूले सार्वजनिक खरीदको समग्र प्रणालीमा सुधार ल्याउनेछन्। यसअन्तर्गत खरिद अभ्यासमा संलग्न व्यक्तिहरू (जस्तै निर्माण व्यवसायी र आपूर्तिकर्ता) को प्रोफाइल तयार पारिनेछ, र सो जानकारी मूल्याङ्कन तथा ठेक्का वितरण प्रक्रियासँग जोडिनेछ। यस्तो प्रक्रियाले खरिद व्यवसायीहरूको क्रमिक विकासलाई सघाउ पुऱ्याउनेछ। यसबाहेक, प्रशिक्षणमार्फत सार्वजनिक खरिद कार्यमा संलग्न अधिकृतहरूले स्तरीकृत अभ्यासहरू पालना गर्ने कुरा सुनिश्चित गर्न सकिन्छ। खरिदसम्बन्धी जानकारीमा सर्वसाधारणको पहुँच सुधार गरेर र प्रक्रियाहरूलाई सुव्यवस्थित गरेर यी सुधारहरूले पारदर्शिता बढाउनेछन्, प्रतिस्पर्धालाई बढावा दिनेछन् र अक्षमताहरू कम गर्नेछन्। एक स्तरीकृत र पारदर्शी खरिद प्रणालीले सर्वसाधारणको विश्वास बढाउनेछ, र स्रोतको प्रभावकारी उपयोग र सेवा प्रवाहमा योगदान पुऱ्याउनेछ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. कुशल र प्रभावकारी खरिदका लागि कानूनी र नियामक खाका अद्यावधिक गर्ने।
२. खरिद प्रणाली मूल्याङ्कनको विधि (म्याप्स) मूल्याङ्कन गर्ने।
३. खरिदका सम्पूर्ण चरण तथा सम्झौता व्यवस्थापनका सम्पूर्ण पाटा समावेश हुने गरी विद्युतीय सार्वजनिक खरिद प्रणालीको स्तरोन्नति गर्ने।
४. आफ्नो कार्यादेश पूरा गर्ने गरी कार्यात्मक समीक्षाको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयको पुनर्संरचना र क्षमता बृद्धि गर्ने।

## रणनीतिक उद्देश्य २.३ः आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई सुदृढ बनाउने

आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रणालीमा केही सुधार देखिएको भए तापनि स्तरीकरण र क्षमताका क्षेत्रमा देखिएका अन्तरहरूले तिनीहरूको प्रभावकारितामा बाधा पुऱ्याइराखेका छन्। अधिकांश सङ्घीय, प्रादेशिक र स्थानीय तहमा आन्तरिक नियन्त्रणका ढाँचा विकास भएका छन्, तर कार्यान्वयनका समस्याहरू यथावत् छन्। छुट्टै संयन्त्र सिर्जना गर्नुको सट्टा आन्तरिक नियन्त्रण कार्यान्वयनका संयन्त्रहरू सूचना प्रविधि प्रणाली र शासन प्रणाली भित्र सम्मिलित छन्। आन्तरिक लेखापरीक्षण मुख्यतः कार्यसम्पादनमा नभई कानूनको अनुपालनमा केन्द्रित हुन्छन्। यसले बजेट कार्यान्वयन र जोखिम व्यवस्थापनमा सुधार ल्याउन सक्ने प्रकारका व्यवहारिक सुझावहरू प्रदान गर्ने क्षमतालाई सीमित बनाउँछ।

यस रणनीतिले आन्तरिक नियन्त्रणका संयन्त्रहरूलाई विश्वव्यापी रूपमा मान्यता प्राप्त कोसो खाका (COSO Framework) अनुरूप बनाउन जोड दिएको छ। आन्तरिक नियन्त्रणको विकास र कार्यान्वयनमा विभिन्न सरकारहरू बीच एकरूपता कायम गर्नेमा यसले थप जोड दिएको छ। यसले सरकारका सबै तहहरूमा पद्दतिगत र निरन्तर रुपमा गर्नुपर्ने जोखिम व्यवस्थापनको सुनिश्चित गर्नेछ। वार्षिक र बहुवार्षिक प्रतिबद्धताहरुलाई बजेटसँग जोड्दै प्रणालीहरू लागु गर्नाले खर्च योजनामा सुधार हुनेछ र वित्तीय जोखिमहरू कम हुनेछन्। अन्तर्राष्ट्रिय मापदण्डअनुरूप आन्तरिक लेखापरीक्षण कार्यलाई व्यावसायिकीकरण गर्दै यसलाई स्वतन्त्र र वस्तुनिष्ठ सूचना संयन्त्रमा रुपान्तरण गरिनेछ। अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप नै आन्तरिक लेखापरीक्षणका मापदण्डहरू विकास गर्नाले क्षमता विकासको लागि उपयुक्त आधार पनि प्रदान हुनेछ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. बजेट कार्यान्वयनलाई व्यवस्थित, किफायती, कुशल र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रणका संयन्त्रहरूलाई कोसो फ्रेमवर्क अनुरूप तर्जुमा र कार्यान्वयन गर्ने।

२. अन्तर्राष्ट्रिय मानदण्डहरू अनुरूप आन्तरिक लेखापरीक्षण कार्यलाई व्यावसायिकीकरण गर्दै यसलाई स्वतन्त्र र वस्तुनिष्ठ सूचना संयन्त्रको रुपमा रुपान्तरण गर्ने।

३. स्वामित्व, संस्थागत स्मृति र व्यावसायिकीकरणको लागि अनुमानयोग्य कर्मचारी सरुवा प्रणाली कायम गर्ने।

## रणनीतिक उद्देश्य २.४: प्रभावकारी नगद प्रवाह व्यवस्थापनको सुनिश्चितता गर्ने

नगद प्रवाह व्यवस्थापन नेपालको वित्तीय सञ्चालनको त्यो प्राविधिक अवयव हो जसले बजेट कार्यान्वयनको लागि समयमै रकम उपलब्ध गराउने कुरा सुनिश्चित गर्दछ। यद्यपि, सीमित पूर्वानुमान र समन्वयले प्रायः स्रोतको अभाव वा आर्थिक विनियोजनको अवस्था निम्त्याउँछ, जसले गर्दा परियोजना कार्यान्वयनमा ढिलाइ हुन्छ र कोषको कुशल प्रयोग हुन सक्दैन। नगद तथा कोषको अप्रभावकारी व्यवस्थापनका कारण सञ्चीय कोष दबाबमा थियो। प्रभावकारी नगद पूर्वानुमान संयन्त्रहरू लागु नभएसम्म दबाबको यो समस्या रहिरहने अपेक्षा गर्न सकिन्छ। अप्रत्याशित नगद प्रवाहले सरकारको खर्च प्रतिबद्धताहरू पूरा गर्ने क्षमतालाई असर गर्छ, जसले सेवा प्रवाह र वित्तीय अनुशासनलाई कमजोर बनाउँछ।

भरपर्दो नगद प्रवाह पूर्वानुमान संयन्त्र लागु गर्दै यी समस्याहरूलाई सम्बोधन गर्नु आजको आवश्यकता हो। यसको लागि स्रोत उपलब्धताको विषयमा वास्तविक समयमा आधारित जानकारी प्रदान गर्न सक्ने गरी पूर्वानुमान र बजेट कार्यान्वयन प्रणालीहरू एक आपसमा सूचना आदान प्रदान गर्न सक्ने बनाउनु पर्छ। नगद प्रवाह व्यवस्थापनको सुधारले पूर्वानुमान गर्न सक्ने क्षमता बढाउनेछ, छोटो अवधिको ऋणको आवश्यकता घटाउनेछ, र कुशल बजेट कार्यान्वयनलाई समर्थन गर्नेछ। महत्वपूर्ण भुक्तानीहरु समयमै कार्यान्वयन हुन सकून् भन्ने हिसावले आन्तरिक ऋण योजनालाई नगद आवश्यकतासँग मिलाउन सकिन्छ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिन्छः

१. वार्षिक र बहुबर्षीय प्रतिबद्धताहरूको नियमन प्रणाली विकास गर्ने र यसलाई बजेटसँग जोड्ने।
२. बजेट कार्यान्वयनको लागि नगद उपलब्धता सुनिश्चित गर्न भरपर्दो नगद प्रवाह पूर्वानुमान संयन्त्र लागु गर्ने।
३. सूचना प्रविधि प्रणालीको प्रयोग मार्फत भुक्तानी बक्यौताको लेखा र सोको प्रतिवेदनको संयन्त्रको कार्यान्वयन गर्ने।

**रणनीतिक उद्देश्य २.५: लगानीको प्रभावकारिता मूल्याङ्कनका लागि वृहत् अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्ने**

नेपालमा सार्वजनिक लगानी व्यवस्थापनको अनुगमन र मूल्याङ्कन संयन्त्रसँग प्रत्यक्ष सम्बन्ध छ। परियोजनाका नतिजाहरूको सीमित लेखाजोखा र वास्तविक समयमा आधारित प्रतिवेदनको अभावले परियोजना पूरा गर्नमा अक्षमता र ढिलाइ हुने गरेको छ। अझ ठूला विकास परियोजनाहरू (राष्ट्रिय गौरवका परियोजनाहरू सहित) को स्वतन्त्र मूल्याङ्कनको अभावले भविष्यका लगानीको लागि पाठ सिक्न सक्ने अवसर सीमित भएको छ।

लगानी प्रभावकारिता सुधार गर्न अन्तर्राष्ट्रिय असल अभ्यासहरू अनुरूप नतिजामा आधारित अनुगमन र मूल्याङ्कनको ढाँचा तयार गर्न आवश्यक छ। यो ढाँचाले परियोजनाका नतीजा र परिणामहरूको व्यवस्थित लेखाजोखालाई सम्भव बनाउँनेछ। विद्युतीय सूचना प्रणालीले रिपोर्टिङ र विश्लेषणको लागि वास्तविक समयमा तथ्याङ्क प्रदान गर्नेछ र फलस्वरूप योजना र बजेट तर्जुमालाई मद्दत गर्नेछ। स्वतन्त्र मूल्याङ्कनलाई संस्थागत गर्नाले तथा विश्वविद्यालयमा आवद्ध अनुसन्धानकर्ता र प्राविधिक विज्ञहरू समावेश गर्नाले यसले ठूला परियोजनाहरूको वस्तुनिष्ठ मूल्याङ्कन सुनिश्चित गर्नेछ। यी सुधारहरूले सार्वजनिक लगानीको प्रभाव बढाउने र स्रोत उपयोगमा सुधार गर्ने लक्ष्य लिएका छन्।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छ।

१. अन्तर्राष्ट्रिय असल अभ्यासहरूमा आधारित भई सार्वजनिक लगानी परियोजनाहरूको लागि नतिजामा आधारित अनुगमन ढाँचा तयार र कार्यान्वयन गर्ने।
२. सार्वजनिक लगानी परियोजनाहरूको अनलाइन प्रतिवेदन र अनुगमनको लागि विश्लेषणात्मक प्रतिवेदन, भविष्यपरक योजना तर्जुमा र बजेटिङ्का लागि अनुगमन र मूल्याङ्कनको ढाँचा अपनाउने क्षमतासहितको सूचना प्रणाली लागु गर्ने।
३. अनुसन्धानकर्ता र प्राविधिक विज्ञहरूसँगको सहकार्यमा ठूला विकास परियोजनाहरूको स्वतन्त्र मूल्याङ्कनको संयन्त्रलाई संस्थागत गर्ने।

**रणनीतिक उद्देश्य २.६: लेखा प्रणालीको दायरा विस्तार गर्दै लेखाङ्कन र वित्तीय प्रतिवेदनको गुणस्तर वृद्धि गर्ने**

पारदर्शिता, जवाफदेहिता र प्रभावकारी निर्णय लिने कार्यको लागि उच्च गुणस्तरको वित्तीय प्रतिवेदन आवश्यक हुन्छ। पछिल्लो समयमा नेपाल सार्वजनिक क्षेत्र लेखामानदण्ड (NPSAS) अपनाउने सन्दर्भमा उल्लेखनीय प्रगति हासिल भएको त छ तर अझै पनि गैर बजेटरी निकायहरूको वित्तीय परिणामहरू एकीकृत गर्न चुनौतीको सामना गरिरहनुपरेको छ। त्रैमासिक बजेट कार्यान्वयन प्रतिवेदनहरू सार्वजनिक रूपमा निरन्तर प्रकाशित हुँदैनन्, र वित्तीय तथ्याङ्कको स्वच्छता कहिलेकाहीं प्रणालीका सीमितताहरूका कारण धमिलिन पुग्छ। सूचना प्रविधिका प्रणालीहरू अब वित्तीय जानकारी प्रदान गर्न सक्षम छन् तर सो को गुणस्तर अझै एक प्रमुख चुनौतीका रूपमा रहिरहेको छ।

यस रणनीतिले गैर बजेटरी एकाइहरूको सम्पत्ति, दायित्व र वित्तीय परिणामहरूको बृहत्तर खुलासासहित NPSAS को पूर्ण अनुपालनलाई प्राथमिकता दिन्छ। NPSAS ले गुणात्मक वित्तीय विवरण र सो को खुलासालाई विशेष ध्यान दिन्छ। पारदर्शिता र वित्तीय निगरानी बढाउन विस्तृत विश्लेषणको साथ संघीय सरकारको त्रैमासिक बजेट कार्यान्वयन प्रतिवेदन प्रस्तुत गरिनेछ। व्यवस्थापकीय निर्णय लिन सहयोग पुग्ने हिसाबले ड्यासबोर्ड सहितको व्यवस्थापन सूचना प्रणालीमा आधारित प्रतिवेदन प्रणालीको परिकल्पना गरिएको छ। यस अतिरिक्त, सार्वजनिक वित्तीय व्यवस्थापन सूचना प्रणालीहरूको प्रमाणीकरण (ISO र IEC) र अर्ध-वार्षिक प्रमाणीकरण प्रतिवेदनहरू मार्फत उच्च तथ्याङ्क विश्वसनीयता सुनिश्चित गरिनेछ। यी पहलहरूले सार्वजनिक वित्तीय व्यवस्थापनमा विश्वास र जवाफदेहितालाई बढावा दिनेछन्, र एक बलियो वित्तीय प्रतिवेदनको प्रणाली सिर्जना गर्नेछन्।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. गैर बजेटरी निकायहरूसमेतको सम्पत्ति र दायित्वको थप खुलासासहित वित्तीय विवरण एकीकृत गरी, NPSAS को पूर्ण अनुपालनमा वार्षिक वित्तीय विवरण तयार पार्ने।

२. संघ सरकारको लागि तयार पारिएको त्रैमासिक बजेट कार्यान्वयन रिपोर्टहरूमा बजेट कार्यान्वयनको विश्लेषण र टिपोट पनि समेट्ने।

३. सार्वजनिक वित्तीय व्यवस्थापन सूचना प्रणालीहरूको प्रमाणीकरण (ISO र IEC) र अर्ध-वार्षिक प्रतिवेदनहरूको मार्फत उच्च तथ्याङ्क विश्वसनीयता सुनिश्चित गर्ने।

## नतिजा खाका | स्तम्भ २: बजेटको कार्यान्वयन, लेखा तथा प्रतिवेदन

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| रणनीतिक उद्देश्य २.१: बजेट कार्यान्वयनको प्रभावकारिता वृद्धि गर्ने | | | | का.सू.-१ =D | का.सू.-१ =C+ | |
| २.२.१ | सूचना प्रविधिको प्रयोगमार्फत वार्षिक बजेट कार्यान्वयन योजनालाई सरलीकरण र सुव्यवस्थित गर्ने | ▪ बजेट कार्यान्वयनमा सुधार गरिएको हुने<br>▪ बजेट निकासी र परिचालनमा सुधार भएको हुने | ▪ सुव्यवस्थित गर्नको लागि वार्षिक कार्यान्वयन योजना/वार्षिक कार्य योजना विकास गरिएको<br>▪ वार्षिक बजेट कार्यान्वयन योजना र वार्षिक खरिद योजनाबीच तालमेल भएको<br>▪ राजस्व र खर्च परिचालनको प्रतिशत | ▪ सम्बन्धित निकायहरूले वार्षिक योजना बनाउने गरेको | ▪ वार्षिक कार्यान्वयन योजना र वार्षिक कार्य योजना विकास गरिएको हुने | बजेट कार्यान्वयन गर्ने सबै निकायहरू |
| २.२.२ | वजेट खर्च गर्ने एकाइहरूको सञ्चालनगत कार्यकुशलता बढाउने | ▪ पूँजीगत खर्च र यसको प्रभावकारिता वृद्धि भएको हुने<br>▪ खर्च परिचालनमा सुधार गरिएको हुने | ▪ सरलीकृत/संशोधित प्रक्रियाहरू | ▪ प्रक्रिया, मापदण्ड र निर्देशिकाहरू छन् | ▪ सरलीकृत र संशोधित निर्देशिकाहरू जारी गरिएको हुने | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, प्रादेशिक तथा स्थानीय तह |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| २.२.३ | तीनै तहमा बजेट कार्यान्वयनको प्रक्रिया र प्रगतिको लेखाजोखा राख्ने प्रणाली विकास गर्ने | ▪ तीनै तहमा बजेट कार्यान्वयनको प्रक्रिया र प्रगतिको लेखाजोखा राख्न बजेट प्रणालीमा कार्यान्वयनका माइलस्टोनहरू समायोजित गरिएको हुने<br>▪ अनुगमन र मूल्याङ्कनको संयन्त्र बलियो बनाइएको हुने | ▪ सार्वजनिक पहुँच हुने गरी बजेट कार्यान्वयनलाई सम्बोधन गर्न बजेट कार्यान्वयन ट्र्याकरको विकास गरिएको<br>▪ तीनै तहमा लेखाजोखा राखिएका र प्रतिवेदन पेश गरिएका माइलस्टोनहरूको प्रतिशत | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको माइलस्टोन ट्र्याकर नीतिगत तथा कार्यक्रममुखी दृष्टिकोणमा मात्र केन्द्रित हुने गरेको छ | ▪ तीनै तहमा बजेट कार्यान्वयनको लेखाजोखा राख्ने प्रणाली रहेको हुने | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, प्रादेशिक तथा स्थानीय तह |
| रणनीतिक उद्देश्य २.२. खरिद प्रक्रियालाई थप कुशल, पहुँचयोग्य र पारदर्शी बनाउने | | | | का.सू.-१=D<br>का.सू.-२४=C<br>का.सू.-१=D | का.सू.-१=C<br>का.सू.-२४=C+<br>का.सू.-१=C | |
| २.२.१ | विश्वव्यापी | ▪ खरिदको पारदर्शिता र दक्षतामा | ▪ खरिद प्रणालीको | ▪ खरिद | ▪ २०८२/८ | सार्वजनिक |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | मापदण्डअनुसार खरिद कानूनको स्तरीकरण र स्थानीयकरण गर्ने | सुधार गरिएको हुने<br>▪ सबै विकास साझेदारहरूको लागि नेपाली खरिद कानून लागु गरिएको हुने | मूल्याङ्कनको विधि (MAPS) अनुरूप राष्ट्रिय मूल्याङ्कन सम्पन्न गरिएको<br>▪ नेपाली खरिद कानून प्रयोग गर्ने सरोकारवाला र विकास साझेदारहरूको सङ्ख्या<br>▪ खरिद विशेषज्ञहरू सूचीकृत गरी परिचालन गरिएको हुने<br>▪ प्रशिक्षित र सक्षम खरिद व्यवसायीहरूको सङ्ख्या | प्रणालीको मूल्याङ्कनको विधि अनुरूप क्षेत्रीय मूल्याङ्कन प्रतिवेदन तयार हुने गरेको<br>▪ अन्तर्राष्ट्रिय व्यापार कानून सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आयोगको मोडेल अपनाइने गरेको | ३ को खरिद मूल्याङ्कन सम्पन्न भएको हुने<br>▪ २०८४/८५ सम्ममा सिफारिसहरू क्रमश: रूपमा समावेश गरिएको हुने | खरिद अनुगमन कार्यालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| २.२.२ | खुला करार तथ्याङ्क मापदण्ड (OCDS) | ▪ खुला करार तथ्याङ्क मापदण्ड (OCDS) स्थानीयकृत र | ▪ खुला करार तथ्याङ्क मापदण्ड | - | ▪ २०२८ सम्ममा | सार्वजनिक खरिद |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | स्थानीयकरण | कार्यान्वयन गरिएको हुने | स्थानीयकरण(OCDS) लागि एक अध्ययन | | स्थानीयकरण अध्ययन सम्पन्न भएको र कार्यान्वयन सुरु गरिएको हुने | अनुगमन कार्यालय |
| २.२.३ | खरिद प्रक्रियालाई कुशल र प्रभावकारी बनाउन बोलपत्र कागजातहरूको सरलीकरण गर्ने | ▪ खरिदसम्बन्धी संसदीय र नियामक खाका पेश गरिएको हुने<br>▪ नयाँ सरलीकृत खरिद विधि पहिचान गरिएको हुने | ▪ सरलीकृत नमुना बोलपत्र कागजातहरू जारी | ▪ सार्वजनिक खरिद ऐन (पहिलो संशोधन)<br>▪ सार्वजनिक खरिद नियमावली (१-१३ संशोधन) | ▪ २०८१/८२ सम्ममा सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली को संशोधनको मस्यौदा तयार | सार्वजनिक खरिद अनुगमन कार्यालय / नेपाल सरकार |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | पारिएको हुने<br>▪ २०८२/८३ सम्ममा सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली को संशोधन भएको हुने | |
| २.२.४ | फ्रेमवर्क सम्झौता खरिद (Framework Agreement Procurement) विधि लागु गर्ने | ▪ पूँजीगत खर्च बढेको हुने<br>▪ "फ्रेमवर्क सम्झौता खरिद" विधिमा सम्बन्धित अधिकारीहरूको बुझाइ बढेको हुने | ▪ बजेट विनियोजनमा पूँजीगत खर्चको प्रतिशत ६५ भन्दा माथी<br>▪ "फ्रेमवर्क सम्झौता खरिद" विधिमा प्रशिक्षित अधिकारीहरूको सङ्ख्या | – | ▪ २०८१/८२ सम्ममा निर्देशिका विकास गरिएको हुने | सार्वजनिक खरिद अनुगमन कार्यालय, प्रधानमन्त्री तथा |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | ▪ फ्रेमवर्क सम्झौताहरू को प्रयोगलाई व्यापक रूपमा प्रचार गरिएको हुने | मन्त्रीपरिषद्को कार्यालय |
| २.२.५ | विद्युतीय भुक्तानी सहित खरीद र करार व्यवस्थापनको लागि विद्युतीय सार्वजनिक खरिद प्रणाली लागु गर्ने | ▪ पुँजीगत खर्च बढेको हुने<br>▪ करार व्यवस्थापन र विद्युतीय भुक्तानीसम्बन्धी तथ्याङ्क सार्वजनिक रूपमा उपलब्ध हुने<br>▪ AI/BI जस्ता नवीनतम प्रविधिको अनुकूलन र डिजिटल सुदृढिकरणको लागि सूचना प्रविधि संस्थागतकरण गर्न सहयोग गरिएको हुने<br>▪ सार्वजनिक खरिदको प्रशासन र निरीक्षणलाई सुदृढ पारिएको हुने | ▪ विद्युतीय सार्वजनिक खरिद प्रणाली मार्फत व्यवस्थित खरिद र ठेक्काहरूको प्रतिशत<br>▪ कार्यात्मक सार्वजनिक खरिद योजना<br>▪ पुस्तिका विकसित र प्रसारित गरिएको<br>▪ सफ्टवेयर सूची र लग राखिएको<br>▪ डिजिटल नेपाल | ▪ २०१७ मा स्थापित गरिएको विद्युतीय सार्वजनिक खरिद प्रणाली ठेक्का प्रदानमा सीमित | ▪ २०८३/८४ सालदेखि विद्युतीय सार्वजनिक खरिद प्रणाली मार्फत ठेक्का व्यवस्थापन सुरु भएको | सार्वजनिक खरिद अनुगमन कार्यालय, अर्थ मन्त्रालय |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | फ्रेमवर्कद्वारा परिभाषित गतिविधिहरूको एकीकरणको प्रतिशत | | हुने | |
| २.२.६ | खरिद व्यवस्थापन सूचना प्रणाली (PMIS) सुदृढ पारी सर्वसाधारणले वास्तविक समयमा खरिद अनुगमन गर्न सक्ने अवस्था निर्माण गर्ने | ▪ सार्वजनिक खरिदमा पारदर्शिता बढेको हुने | ▪ खरिद व्यवस्थापन सूचना प्रणालीमा समावेश गरिएको सार्वजनिक खरिदको प्रतिशत | ▪ सुरु गरिएको तर वास्तविकतामा परिणत नभएको | ▪ सबै सार्वजनिक खरिदसम्बन्धी जानकारी खरिद व्यवस्थापन सूचना प्रणालीमा उपलब्ध हुने | सार्वजनिक खरिद अनुगमन कार्यालय, सबै सरकारी निकायहरू |
| **रणनीतिक उद्देश्य २.३: आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई सुदृढ बनाउने** | | | | का.सू.-२५=C+<br>का.सू.-२६=D+<br>का.सू.-२३=C+ | का.सू.-२५=B<br>का.सू.-२६=C<br>का.सू.-२३=B | |
| २.३.१ | आन्तरिक नियन्त्रण संयन्त्रहरूको अनुपालन बढाउने | ▪ आन्तरिक नियन्त्रण समितिहरू सक्रिय हुने<br>▪ आन्तरिक नियन्त्रण प्रणालीलाई | ▪ तीनै तहका निकायहरूद्वारा COSO/सर्वोच्च लेखापरीक्षण संस्थाहरू सम्बन्धी | ▪ महालेखा नियन्त्रकको कार्यालयले | ▪ सरकारका तीनै तहहरूमा | महालेखा नियन्त्रकको कार्यालय, |

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं सचिव

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | सुधार गर्न सूचना प्रविधि प्रणाली सुदृढ पारिएको हुने<br>▪ सरकारका तीनै तहमा बलियो आन्तरिक नियन्त्रण संस्थागत भएको हुने | अन्तर्राष्ट्रीय मापदण्ड ISSAI 9100 फ्रेमवर्क अनुरूप आन्तरिक नियन्त्रण निर्देशिका स्वीकृत | तय गरेको आन्तरिक नियन्त्रण फ्रेमवर्क अनुरूप केही निकायले मात्र आन्तरिक नियन्त्रण पुस्तिका तयार गरेको | कार्यान्वयन भएको हुने | सरकारका तीनै तहका सबै संस्थाहरू |
| २.३.२ | आधुनिक सूचना सञ्चार प्रविधिका उपकरणहरू प्रयोग गरेर अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप निष्पक्ष र विशेषज्ञ सल्लाह सेवा प्रदान गर्न सक्ने गरी आन्तरिक लेखापरीक्षणको | ▪ लेखापरीक्षणको समयमा उच्च जोखिम क्षेत्रहरूमा थप ध्यान पुऱ्याएको हुने<br>▪ आन्तरिक लेखापरीक्षणको गुणस्तर बढाइएको हुने<br>▪ आन्तरिक लेखापरीक्षण कर्मचारीहरूको व्यवसायीक स्वायत्तता सुनिश्चित गरिएको हुने | ▪ जोखिममा आधारित विधि प्रयोग गर्ने लेखापरीक्षणको प्रतिशत<br>▪ विश्वव्यापी आन्तरिक लेखापरीक्षणको मापदण्डहरू र आन्तरिक लेखापरीक्षणको मापदण्डहरूबिच एकरूपताको प्रतिशत<br>▪ सूचना सञ्चार प्रविधिमा | ▪ आन्तरिक लेखापरीक्षण मापदण्डको अनुकूलनको अभाव<br>▪ व्यावसायिकताको कमी | ▪ आन्तरिक लेखापरीक्षणमा सूचना सञ्चार प्रविधि र परिणाममा आधारित प्रविधिहरूको प्रयोग | महालेखा नियन्त्रकको कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सार्वजनिक वित्त व्यवस्थापन |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | स्तरोन्नति गर्ने | | आधारित उपकरणहरू लागु गरेपछि आन्तरिक लेखापरीक्षण पूरा गर्न लाग्ने दिन | | ▪ प्रतक्ष्य सम्पर्क नहुने लेखापरीक्षण अभ्यास तर्फ क्रमिक रुपान्तरण भएको हुने | तालिम केन्द्र, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था |
| २.३.३ | सरकारका तीनै तहका लागि केन्द्रीकृत तलब नियन्त्रण प्रणाली विकास गर्ने | ▪ केन्द्रीय तलब डाटाबेस रहने र आवधिक तलब लेखापरीक्षण हुने<br>▪ तलब नियन्त्रण प्रणालीको प्रभावकारिता बढेको हुने | ▪ कर्मचारी डाटाबेस र तलब प्रणाली बीचको अन्तरसम्बन्ध<br>▪ मासिक हिसाब मिलान सङ्ख्या | ▪ तलबको रेकर्ड राखिएकोछ | ▪ २०२८ सम्म सङ्घीय केन्द्रीकृत तलब डाटाबेस तयार भएको हुने | राष्ट्रिय किताबखाना, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, मन्त्रालयहरू, विभागहरू र |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | निकायहरू |
| रणनीतिक उद्देश्य २.४: प्रभावकारी नगद प्रवाह व्यवस्थापनको सुनिश्चितता गर्ने | | | | का.सू.-२१ =B<br>का.सू.-२२ =C+ | का.सू.-२१ =B<br>का.सू.-२२ =B | |
| २.४.१ | बहु-वर्षीय प्रतिबद्धतालाई नियमन गर्ने र यसलाई बजेट र योजनासँग जोड्ने प्रणाली विकास गर्ने | ▪ बजेट प्रतिबद्धता, प्रतिबद्धता दायित्व र भुक्तानी प्रणालीहरू एकीकृत भएको हुने<br>▪ वित्तीय अनुशासन बढेको र भुक्तानीको ढिलाइमा कमी आएको हुने<br>▪ सङ्घीय र प्रादेशिक सरकारहरूको बजेट सीमा र खर्च बढी अनुमानयोग्य भएको हुने<br>▪ संचित कोष तथा सरकारी कोषहरुको स्थिति अनुमानयोग्य भएको हुने | ▪ प्रतिबद्धता लेखा मोड्युलको पूर्ण उपयोग भएको हुने<br>▪ बजेट प्रतिबद्धता, प्रतिबद्धता दायित्व र भुक्तानी प्रणालीहरू बीचको भिन्नताको प्रतिशत<br>▪ सरकारी कोषहरू रिपोर्ट गरिएका र नगद प्रवाह अनुमानमा लिङ्क गरिएका हुनेछन् | ▪ बजेट प्रतिबद्धता, भुक्तानी प्रणाली र प्रतिबद्धता दायित्व एकअर्कासँग जोडिएका छैनन् | ▪ तीनै तहमा प्रतिबद्धता लेखा कार्यान्वयन गरिएको हुने | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, प्रादेशिक सरकार र स्थानीय तह |
| २.४.२ | बक्यौता लेखांकन र नियमन गर्ने प्रणालीको स्तरोन्नति गर्ने | ▪ भुक्तानी बक्यौताको वास्तविक समयमा रिपोर्टिङ उपलब्ध हुने | ▪ लेखा प्रणाली भित्र कार्यात्मक बक्यौता मोड्युल बन्ने | ▪ आर्थिक वर्षको अन्त्यमा बक्यौता विवरण | ▪ कार्यात्मक बक्यौता मोड्युल | महालेखा नियन्त्रकको कार्यालय, कोष तथा लेखा |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | तयार गरिन्छ | | नियन्त्रकको कार्यालय, प्रदेश लेखा नियन्त्रकको कार्यालय |
| २.४.३ | स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) अद्यावधिक गर्ने र स्थानीय स्तरमा एकल खाता कोषको पनि सुरुवात गर्ने | ▪ सबै स्थानीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मोडयुल लागु गरिएको हुने<br>▪ स्थानीय तहमा नगद व्यवस्थापन र ट्रेजरी व्यवस्थापनमा सुधार गरिएको हुने<br>▪ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र)ले क्रमशः स्थानीय स्तरमा विद्यालय लेखा र स्वास्थ्य लेखालाई समेट्ने | ▪ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र)को दोस्रो संस्करणको विकास र सुभारम्भ<br>▪ स्थानीय तहमा एकल खाता कोष प्रणाली लागु<br>▪ एकल खाता कोष कायम गर्ने स्थानीय तहको प्रतिशत<br>▪ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र)मा विद्यालय र स्वास्थ्यको लागि विशेष मोडयुल | ▪ विकेन्द्रीकृत बैङ्क खाता | ▪ स्थानीय तहको लागि परिष्कृत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र)<br>▪ स्थानीय तहमा एकल खाता लागु गरिएको | महालेखा नियन्त्रकको कार्यालय, स्थानीय तह |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | हुने | |
| २.४.४ | नगद प्रवाह र ऋण परिचालनबीच बलियो सम्बन्ध कायम राख्ने | ▪ तरलता र ऋण तिर्न सक्ने क्षमताको व्यवस्थापन प्रभावकारी भएको हुने | ▪ तीनै तहमा त्रैमासिक नगद प्रवाह पूर्वानुमान प्रतिवेदन उपलब्ध हुने | ▪ नगद प्रवाह व्यवस्थापन समिति र प्रक्रियाहरू को गठन भएको | ▪ तीनै तहमा नियमित र निरन्तर नगद प्रवाह पूर्वानुमान प्रतिवेदन तयार पारिएको हुने | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, प्रादेशिक सरकार |
| २.४.५ | लेखा निर्देशिकाको स्तरोन्नति गर्ने | ▪ स्तरोन्नति गरिएको लेखा निर्देशिका नेपाल सार्वजनिक क्षेत्र लेखासम्बन्धी मापदण्ड (NPSAS) र सूचना, सञ्चार तथा प्रविधि प्रणालीसँग मिल्दोजुल्दो भएको हुने | ▪ अद्यावधिक गरिएको लेखा निर्देशिका प्रकाशित | ▪ लेखा निर्देशिका रहेको | ▪ लेखा निर्देशिका सङ्घीय सन्दर्भको आधारमा परिमार्जन | महालेखा नियन्त्रकको कार्यालय |
| रणनीतिक उद्देश्य २.५: लगानीको प्रभावकारिता मूल्याङ्कनका लागि बृहत अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्ने | | | | का.सू.-१ =D<br>का.सू.-११ =C+ | का.सू.-१ =C<br>का.सू.-११ =B | |
| २.५.१ | विश्वव्यापी असल | ▪ सार्वजनिक लगानी योजना र | ▪ सार्वजनिक लगानी | प्रधानमन्त्री तथा | २०८२/८३ | राष्ट्रिय योजना |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | अभ्यासहरूमा आधारित नतिजामा आधारित अनुगमन ढाँचा तर्जुमा र कार्यान्वयन गर्ने | अनुगमनमा थप दक्षता आएको हुने<br>▪ परियोजना कार्यसम्पादन ट्र्याकिङमा सुधार आएको हुने | परियोजनाहरूको अनलाइन रिपोर्टिङ र अनुगमनको लागि विकसित सूचना प्रणाली<br>▪ सार्वजनिक लगानी व्यवस्थापन ढाँचा अन्तर्गत अनुगमन र मूल्याङ्कन गरिएका परियोजनाहरूको प्रतिशत | मन्त्रीपरिषद्को कार्यालयमा माइलस्टोन ट्र्याकर अवस्थित छ | सम्ममा तीनै तहमा नतिजामा आधारित अनुगमन ढाँचाको स्तरोन्नति गरिएको हुने | आयोग, अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| २.५.२ | ठूला विकास परियोजनाहरू (राष्ट्रिय गौरव र रुपान्तरणकारी) को स्वतन्त्र मूल्याङ्कनको संयन्त्र संस्थागत गर्ने | ▪ सार्वजनिक लगानी परिणाममा थप जवाफदेहिता कायम भएको हुने<br>▪ राष्ट्रिय प्राथमिकता र रुपान्तरणकारी परियोजनाहरूको स्वतन्त्र मूल्याङ्कन भएको हुने | ▪ सम्पन्न भएका स्वतन्त्र मूल्याङ्कनहरूको सङ्ख्या<br>▪ अनुपालन गरिएका मूल्याङ्कन सिफारिसहरूको प्रतिशत | अनुपालनको मूल्याङ्कन संयन्त्रहरू छन् | परिणाममा आधारित मूल्याङ्कन संयन्त्र अवस्थित हुने | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, पी.पी.सी |
| रणनीतिक उद्देश्य २.६: लेखा प्रणालीको दायरा विस्तार गर्दै लेखाङ्कन र वित्तीय प्रतिवेदनको गुणस्तर अभिवृद्धि गर्ने | | | | का.सू. -२७=B<br>का.सू. -२८=C+<br>का.सू. - | का.सू. -२७=B<br>का.सू. -२८=B<br>का.सू. -२९=B | |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | २९=C+ | | |
| २.६.१ | वित्तीय प्रतिवेदनमा गैर बजेटरी निकायहरूको वित्तीय विवरणहरू एकीकृत गर्ने र सम्पत्ति र दायित्वहरूको थप खुलासा गरि नेपाल सार्वजनिक क्षेत्र लेखासम्बन्धी मापदण्ड (NPSAS)को अनुपालन बढाउने | ▪ वार्षिक वित्तीय विवरणहरू नेपाल सार्वजनिक क्षेत्र लेखामानसम्बन्धी मानदण्डको पूर्ण अनुपालनमा तयार पारिएको हुने<br>▪ वित्तीय प्रतिवेदनहरूको स्थिरता र तुलनात्मकतामा सुधार आएको हुने<br>▪ नेपाल सार्वजनिक क्षेत्र लेखामानसम्बन्धी मानदण्डमा आधारित वित्तीय प्रतिवेदनहरूमा लैङ्गिक उत्तरदायी र जलवायु उत्तरदायी विवरणहरू सार्वजनिकीकरण गरिएको हुने<br>▪ सरकारी कोष र अन्य सान्दर्भिक विवरणहरुको कभरेज र रिपोर्टिङ गरिएको हुने | ▪ नेपाल सार्वजनिक क्षेत्र लेखासम्बन्धी मानदण्ड अनुपालन गर्ने संस्थाहरूको प्रतिशत<br>▪ समेटिएको गैर बजेटरी एकाइहरूको प्रतिशत, र सम्पत्ति र दायित्वहरूको पनि खुलासा<br>▪ एकीकृत वित्तीय व्यवस्थापन प्रणाली प्रयोग गर्ने संस्थाहरूको सङ्ख्या<br>▪ प्रदेश स्तरिय र स्थानीय राजस्व बक्यौता समेत समेटिएको हुने<br>▪ ट्र्याक गरिएको र रिपोर्ट गरिएको सार्वजनिक कोषको वृद्धि | नेपाल सार्वजनिक क्षेत्र लेखामानसम्बन्धी मानदण्ड मा आधारित वित्तीय विवरणहरूको सीमित खुलासा | विभिन्न सूचकहरू समावेश गरी नेपाल सार्वजनिक क्षेत्र लेखामानसम्बन्धी मानदण्ड मा आधारित विस्तारित र गुणात्मक वित्तीय रिपोर्टहरू | महालेखा नियन्त्रकको कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थान, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रादेशिक मन्त्रालय र स्थानीय तह |
| २.६.२ | कागजविहीन र प्रतक्ष्य भेटघाटविहीन | ▪ लेखा अभिलेखहरूको डिजिटलाइजेशन गरिएको हुने | ▪ लेखा अभिलेखहरू डिजिटलाइज्ड गरिएका | ▪ लेखा अभिलेखहरू | सन् २०२८ उपरान्त | महालेखा नियन्त्रकको |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | 'Paperless and faceless" लेखापरिक्षणको प्रबर्धन | ▪ राष्ट्रिय भुक्तानी प्रणाली सञ्चालन भएको हुने | एजेन्सीहरूको सङ्ख्या<br>▪ राष्ट्रिय भुक्तानी प्रणालीको डिजिटलाइजेशन | सूचना प्रविधि प्रणालीमा | सम्बन्धित दस्तावेजहरूको डिजिटलाइजेशन | कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, प्रदेश लेखा नियन्त्रकको कार्यालय, स्थानीय तह, खर्च एकाइहरू |
| २.६.३ | बजेट कार्यान्वयनको विश्लेषण र टिप्पणी सहितको गुणात्मक त्रैमासिक बजेट कार्यान्वयन रिपोर्टहरू तर्जुमा गर्ने | ▪ व्यवस्थापन ड्यासबोर्डको विकास र कार्यान्वयन भएको हुने<br>▪ प्रतिवेदनहरू छाप्नु पर्ने परिपाटीको अन्त्य गरिएको हुने<br>▪ वित्तीय प्रतिवेदनहरू सुसङ्गत र सामयिक रूपमा प्रकाशित गरिएको हुने | ▪ व्यवस्थापन ड्यासबोर्ड प्रणालीको विकास<br>▪ प्रतिवेदन प्रकाशनको समयबद्धता<br>▪ रिपोर्टिङ प्रणालीको लागि व्यवस्थापन ड्यासबोर्ड प्रयोग गर्ने संस्थाहरूको प्रतिशत | ▪ कागजमा आधारित रिपोर्टिङ अझै पनि छ | व्यवस्थापन ड्यासबोर्ड को विकास र परिचालन | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, प्रदेश लेखा नियन्त्रक कार्यालय र |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | स्थानीय तह |
| २.६.४ | गैर बजेटरी निकायहरूको हकमा एकीकृत लेखा र रिपोर्टिङ संयन्त्र विकास गर्ने | ▪ गैर बजेटरी निकायहरूको खाता सुव्यवस्थित र स्तरीकृत भएको हुने<br>▪ अतिरिक्त बजेटरी एकाईहरूको वित्तीय जोखिम ट्र्याक गरिएको हुने<br>▪ सार्वजनिक संस्थानहरूले तोकिएको समयसीमा भित्र आफ्नो वित्तीय विवरण प्रकाशित गरेका हुने | ▪ गैर बजेटरी निकायहरूको लेखा र रिपोर्टिङको एकीकृत प्रणाली विकसित<br>▪ गैर बजेटरी निकायहरूको नक्साङ्कन र प्रणाली विकास | ▪ नेपाल सार्वजनिक क्षेत्र लेखामानस म्बन्धी मानदण्ड कार्यान्वयन मा रहेको | ▪ गैर बजेटरी निकायहरू को लागि प्रणाली विकास र कार्यान्वयन<br>▪ गैर बजेटरी निकायहरू को वित्तीय विवरण समयमै प्रकाशित | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, गैर बजेटरी निकायहरू |
| २.६.५ | आर्थिक संकेत/खातासुची मा परिमार्जन गर्ने र सार्वजनिक वित्तीय व्यवस्थापनको सूचना प्रणालीको प्रमाणीकरण (अन्तर्राष्ट्रिय | ▪ सही वित्तीय प्रतिवेदनको लागि प्राविधिक क्षमतालाई सुदृढ पारिएको हुने<br>▪ पारदर्शिता र सरोकारवाला संलग्नता बढेको हुने | ▪ तथ्याङ्क वर्गीकरण र प्रकाशनको मापदण्डहरू तयार पारिएको<br>▪ वित्तीय तथ्याङ्क स्वच्छतामा प्रशिक्षित कर्मचारीहरूको सङ्ख्या | ▪ एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्यख्या रहेको | ▪ खाता सूचीहरूको पूर्ण रूपमा सरकारी वित्त तथ्याङ्क पुस्तिका | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, आन्तरिक राजस्व विभाग, नेपाल चार्टर्ड |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | मानकीकरण सङ्गठन (ISO) र अन्तर्राष्ट्रिय इलेक्ट्रोटेक्निकल आयोग(IEC)) मार्फत वित्तीय तथ्याङ्क स्वच्छता सुनिश्चित गर्ने | | | | अनुरूप रहेको<br>▪ क्रियाकलाप हरू सुव्यवस्थित<br>▪ सार्वजनिक प्रकाशन को लागि प्रमाणित तथ्याङ्क वर्गीकरण मापदण्ड तयार गरिएको | एकाउन्टेन्ट्स संस्था, र खर्च गर्ने इकाईहरू |

स्तम्भ ३: राजस्व व्यवस्थापन

**लक्ष्यः राजस्व सङ्कलन र अनुपालनलाई प्रभावकारी बनाउन आधुनिक र कुशल राजस्व व्यवस्थापन**

## रणनीतिक उद्देश्य ३.१ कुल राजस्व र यसको संरचनागत प्राप्तिमा सुधार ल्याउने

नेपालको वित्तीय व्यवस्थापनको चर्चा गर्दा समग्र राजस्वको कमजोर कार्यसम्पादन बारम्बार छलफलमा उठान हुने विषय हो। विगत केही वर्ष देखि वास्तविक राजस्व सङ्कलन प्रायः लक्ष्यभन्दा न्यून रहेको छ। यो कमीको एउटा प्रमुख कारण भनेको प्रत्यक्ष करको तुलनामा कम स्थिर र कम समतामूलक अप्रत्यक्ष करहरूमा ज्यादा निर्भरता हुनु हो। करको आधार साँघुरो छ किनभने कमै मात्र योग्य करदाताहरू कर प्रणालीमा दर्ता भएका छन्, र वास्तविकभन्दा कम मात्र आय रिपोर्ट गर्ने गरेका छन्। यसले सरकारको राजस्व उद्देश्य पूरा गर्ने क्षमतालाई थप सीमित पारेको छ। अर्को कारक भनेको कर प्रणाली कार्यान्वयन संयन्त्रको कमजोरी हो, जहाँ कर छली र चुहावट व्याप्त छ।

कुल राजस्व र यसका अवयवहरूको प्राप्तिमा सुधार गर्न कर सङ्कलनको दक्षता बढाउँदै करका आधार विस्तारमा केन्द्रित सुधारहरू आवश्यक छन्। कर नीतिले आयकर र सम्पत्ति करसहित समग्र कर संरचनालाई थप प्रगतिशील करतर्फ लैजाने कुरालाई प्राथमिकता दिनुपर्छ। विशेषगरी उन्नत विश्लेषण र तथ्याङ्कमा आधारित विधिहरू मार्फत कर छली पहिचान गर्दै र प्रभावकारी रूपमा अनुपालन लागु गर्दै कर प्रशासन प्रणालीलाई आधुनिकीकरण गर्नु आवश्यक छ।

कर सम्बन्धी गतिविधिहरूको वास्तविक समयमा आधारित ट्र्याकिङ र रिपोर्टिङको लागि एकीकृत कर प्रणाली जस्ता डिजिटल प्लेटफर्महरूको प्रयोगलाई समायोजित गर्नाले पारदर्शिता र कार्यकुशलतामा पनि सुधार हुनेछ। यसबाहेक, सरकारले आर्थिक उद्देश्य र समताका कुराहरूलाई पनि मध्यनजर गर्दै कर नीतिको नियमित मूल्याङ्कन गर्नुपर्छ। यस्तो सुधारले राजस्व प्रवाहलाई स्थिर बनाउनेछन् र बाह्य वित्तीयकरणमा निर्भरता कम गर्नेछ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिन्छः

१. **प्रविधिको उपयोग गर्नेः** कर छली पहिचान गर्न र सङ्कलनलाई अनुकूलन गर्न उन्नत विश्लेषण र जोखिम मूल्याङ्कन उपकरणहरू अपनाउने। व्यापक करदाता दर्ता अभियान सञ्चालन गर्ने र छली कम गर्न प्रवर्तन संयन्त्रहरू बढाउने।

२. **राजस्व बक्यौताको निगरानी गर्नेः** बक्यौताको सम्बन्धमा एकीकृत ट्र्याकिङ प्रणाली लागु गर्ने, उच्च जोखिमका मुद्दाहरूलाई प्राथमिकता दिने, र प्रतिपूर्ति विधिहरू मार्फत कर खर्च गर्ने जस्ता विधिहरू अपनाउने र सोको प्रभावकारी कार्यान्वयन गर्ने।

३. **राजस्व आधारको निक्यौल गर्नेः** राजस्वसम्बन्धी अधिकारको मामिलामा थप स्पष्टता प्रदान गर्न सङ्घीय, प्रादेशिक र स्थानीय तहको लागि राजस्व क्षेत्रहरूको सम्भाव्यता अध्ययन (स्कोपिङ) गर्ने।

**रणनीतिक उद्देश्य ३.२ राजस्व नीतिको डिजाइन तथा कार्यान्वयनका लागि अन्तरसरकारी तथा अन्तरनिकाय समन्वय तथा सहकार्य सुदृढ बनाउने**

नेपालको सङ्घीय शासन संरचनाले राजस्व व्यवस्थापनको लागि अवसर र चुनौती दुबै प्रस्तुत गरेको छ। संविधानले तीनै तहका सरकारलाई राजस्व सङ्कलन गर्ने अधिकार दिएको छ तर कमजोर समन्वयले नीतिगत दोहरोपन र राजस्व सङ्कलनमा अक्षमता निम्त्याएको छ। एकातिर संघ, प्रदेश र स्थानीय तहले अझै पनि आ-आफ्नो भूमिकामा निरन्तर छलफल गरिरहेका छन् भने अर्कातिर राजस्व बाँडफाँड व्यवस्थाको विवादले प्रभावकारी सहकार्यलाई बाधा पुऱ्याइरहेको छ।

अन्तरसङ्गठनात्मक समन्वय उत्तिकै चुनौतीपूर्ण छ। भन्सार विभाग र आन्तरिक राजस्व विभाग सङ्घीय सरकारबाट राजस्व सङ्कलन गर्ने ठूला निकायहरू हुन्। भन्सार विभाग र आन्तरिक राजस्व विभाग प्रायः एक्लै काम गर्छन् जसले गर्दा नीति कार्यान्वयन खण्डित हुन्छ र अधिकतम् स्रोत परिचालन हुन पाउँदैन। विभिन्न निकायहरूले प्रयोग गर्ने प्रणालीहरू बीच समायोजन नहुनाले एक आपसमा तथ्याङ्कको आदानप्रदान हुन सकेको छैन जसले गर्दा पारदर्शिता र जवाफदेहिता अझ कमजोर हुन पुगेको छ।

राष्ट्रिय परिचयपत्र र स्थायी लेखा नम्बर जस्ता कुराहरूलाई हालसालै व्यवसाय दर्ताको लागि अनिवार्य बनाइएको छ। यी नभएको खण्डमा व्यवसायीको गतिविधिहरु निगरानी गर्न गाह्रो हुने हुन्छ जसले गर्दा कार्यान्वयन एकाइहरूको लागि कर छली, दोहोरोपन र कार्यान्वयन जटिलता जस्ता समस्याहरू सिर्जना पुग्छन्। सर्वसाधारण पनि यस्ता प्रशासनिक झन्झटहरूबाट पीडित छन्। कम्पनी रजिष्ट्रारको कार्यालयले हालै व्यवसाय दर्तामा यस्तो व्यवस्था ल्याएको छ तर यो प्रादेशिक र स्थानीय व्यवसाय दर्तामा अझै लागु हुन सकेको छैन।

समन्वयलाई सुदृढ पार्न सरकारी तहमा राजस्व नीति र कार्यान्वयन रणनीतिहरूबीच एकरूपता ल्याउन संस्थागत संयन्त्रहरू आवश्यक पर्दछन्। अन्तरसरकारी वित्त हस्तान्तरण परिषद् र विषयगत समितिहरूको सक्रिय भूमिकाले विवाद सम्बोधन गर्न र राजस्व बाँडफाँड व्यवस्थालाई सुव्यवस्थित गर्न मद्दत गर्न सक्छ। सरकारका तीनै तहका व्यवसाय दर्ता निकायहरू, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, र अन्य राजस्वसम्बन्धी विभागहरू बीच वास्तविक समयमा आधारित तथ्याङ्क आदानप्रदान सुदृढ पार्न एकीकृत डिजिटल प्लेटफर्म पनि विकास गरिनुपर्छ।

यसका अलावा, सबै तहका अधिकारीहरूलाई आधुनिक राजस्व व्यवस्थापनसम्बन्धी तालिम दिने जस्ता क्षमता अभिवृद्धिका पहलहरू गरिनुपर्छ। सहकार्य र सहप्रयासलाई बढावा दिएर सरकारका तीनै तहले राजस्व सङ्कलनमा सुधार गर्न, अक्षमताहरू कम गर्न र थप एकीकृत वित्तीय संयन्त्र सिर्जना गर्न सक्छन्।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. **राजस्व हस्तान्तरणलाई सरलीकृत र सुव्यवस्थित बनाउनेः** सरकारका तीनै तहका सूचना प्रविधि प्रणालीको समायोजनमार्फत स्वचालित रूपमा राजस्व हस्तान्तरण गर्ने।

२. **विषयगत समितिहरूको सक्रियताः** नीतिगत समन्वय सुधार गर्न र दोहोपनको समस्या समाधान गर्न सङ्घीय, प्रादेशिक र स्थानीय स्तरमा सङ्घीयतासँग सम्बन्धित मुद्दाहरू हेर्न विषयगत समितिहरूलाई प्रभावकारी बनाउने।

३. **राजस्व सम्बद्व जोखिम व्यवस्थापनः** राजस्व व्यवस्थापनसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउने। सरकारका तीनै तहको आन्तरिक नियन्त्रण प्रणालीमा सामञ्जस्य सुनिश्चित गर्ने।

**रणनीतिक उद्देश्य ३.३ करसम्बन्धी कानून तथा कार्यसञ्चालनप्रति करदाताको स्वेच्छिक अनुपालनमा वृद्धि गर्ने**

करदाता स्वअनुपालनामा देखिएको उदासिनताले राजस्व प्रशासनमा ठूलो चुनौती खडा गरेको। प्रायः करदाताहरू अस्पष्ट प्रक्रिया र जानकारीमा सीमित पहुँच जस्ता कारणले प्रणाली जटिल हुन पुगेको भन्ने ठान्छन्। त्यसमाथि, अझै करदाताहरूमा कर तिर्ने प्रेरणा निकै कमजोर छ। यसले भविष्यमा थप कर छली र राजस्व चुहावट निम्त्याउन सक्छ। एकीकृत कर प्रणाली (ITS) जस्ता सूचना प्रणालीहरू अझै प्रयोगकर्ता मैत्री बन्न सकेका छैनन्। कर प्रशासनलाई विद्युतीय माध्यममा रुपान्तरण गर्दा समेत यसले अनुपालन दरमा उल्लेखनीय सुधार ल्याउन सकेको छैन।

स्वैच्छिक अनुपालन बढाउन करदाता-केन्द्रित पद्धति अवलम्बन गर्नु आवश्यक हुन्छ। कर प्रक्रियालाई सरलीकृत गर्नु र जानकारी तत्कालै उपलब्ध गराउने प्रणालीको स्थापना यसका लागि गरिनुपर्ने केही पूर्वतयारी हुन्। त्यसैगरी शैक्षिक अभियान र लक्षित पैरवीले अनुपालनको महत्त्वका बारे र यसले कसरी राष्ट्रिय विकासमा योगदान पुऱ्याउँछ भन्ने बारेमा पनि थप जागरुकता बढाउन सक्छन्।

यसबाहेक, सूचना प्रविधि प्रणालीलाई आधुनिकीकरण गरी अनुपालन ट्र्याकिङ र जोखिम मूल्याङ्कनलाई स्वचालित गर्नाले कार्यान्वयनमा उल्लेखनीय वृद्धि ल्याउनेछ। भविष्यपरक विश्लेषणले उच्च जोखिम भएका करदाताहरूको पहिचान गरी ती उपर लक्षित करपरीक्षण र हस्तक्षेप गर्न सम्भव बनाउँछ। सिघ्र अनुपालन गर्दा कम दण्ड लाग्ने जस्ता प्रोत्साहनहरू प्रदान गर्नाले स्वैच्छिक सहभागितालाई वढाउन सक्छ। पारदर्शी, पहुँचयोग्य र निष्पक्ष प्रणाली सिर्जना गरेर नेपालले करदाताहरूमाझ विश्वासको वातावरण निर्माण गर्न सक्छ र समयसँगै अनुपालनामा दरहरूमा क्रमिक वृद्धि सुनिश्चित गर्न सक्छ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. **कर संकलन प्रक्रियाहरू सरलीकृत गर्नेः** जटिलता कम गर्न दर्ता, दाखिला र भुक्तानीको लागि प्रयोगकर्तामैत्री प्रणालीहरू विकास गर्ने।

२. **जागरुकता बढाउनेः** अनलाइन माध्यम र समुदायलाई संलग्न गराउने कार्यक्रमहरू मार्फत करदाता शिक्षा अभियानहरू सञ्चालन गर्ने। जरिवानामा छुट जस्ता कार्यक्रमहरू मार्फत अनुपालनलाई प्रोत्साहन दिने।

३. **राजस्व अधिकारीहरुको क्षमता निर्माणः** करदाताहरूसँगको अन्तरक्रिया वृद्धि गर्न र सुधार कार्यान्वयन गर्न राजस्व अधिकारीहरूलाई तालिम दिने।

नतिजा खाका | स्तम्भ ३: राजस्व व्यवस्थापन

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| रणनीतिक उद्देश्य ३.१ कुल राजस्व र यसको संरचनागत प्राप्तिमा सुधार ल्याउने | | | | का.सू.-२०=C+ | का.सू.-२०=B | |
| ३.१.१ | राजस्व नीतिले पाएको वित्तीय प्रभावको मूल्याङ्कन गर्ने | ▪ राजस्व पूर्वानुमान क्षमतमा सुधार आएको हुने<br>▪ राजस्व नीतिमा हरित करका पक्षहरू समावेश गरिएको हुने | ▪ लक्ष्य-निर्धारण संयन्त्रमा राजस्व पूर्वानुमानले दिएको जानकारीको प्रयोग<br>▪ राजस्व लक्ष्यबाट विचलनको प्रतिशत<br>▪ राजस्व योगदानको परिमाण रिपोर्ट गरिएको | ▪ ३१% भन्दा बढीको विचलन | ▪ ५% भन्दा कमको विचलन | आन्तरिक राजस्व विभाग, राजस्व व्यवस्थापन महाशाखा/ अर्थ मन्त्रालय, भन्सार विभाग, र राजस्व सम्बन्धित निकायहरू |
| ३.१.२ | कर खर्च प्रतिवेदनको सिफारिस कार्यान्वयन गर्ने | ▪ कर खर्च अभिलेखन गर्ने मोडयुल प्रणाली विकास गरिएको हुने | ▪ कर खर्च वार्षिक प्रतिवेदन प्रकाशित<br>▪ बजेट विनियोजन मार्फत प्रदान गरिएको राजस्व छुटको प्रतिशत | ▪ वार्षिक रूपमा १५% राजस्व छुट प्रदान गरिएको<br>▪ कर खर्च प्रतिवेदन | ▪ बजेट विनियोजन मार्फत छुट प्रदान गरिएको<br>▪ २०२५ सम्म र निरन्तर | राजस्व व्यवस्थापन महाशाखा/ अर्थ मन्त्रालय |
| ३.१.३ | करदाता अनुपालन र | ▪ राजस्व आधार फराकिलो | ▪ राजस्व-कुल गार्हस्थ्य | ▪ तदर्थ | ▪ राजस्व लक्ष्य को | आन्तरिक राजस्व |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | कर भुक्तानी संस्कृतिमा सुधार गर्ने | गरिएको हुने<br>▪ समग्र अनुपालन स्तरमा सुधार भएको हुने<br>▪ नागरिकहरूमा कर तिर्ने संस्कृति विकास भएको हुने | उत्पादन अनुपातामा वृद्धिको प्रतिशत<br>▪ दर्ता भएका करदाताहरूको सङ्ख्या<br>▪ कर फिर्ताको वृद्धिको प्रतिशत<br>▪ कर बक्यौतामा कमीको प्रतिशत | अभ्यास<br>▪ कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको १८.५६% योगदान (२०२४) | प्राप्ति | विभाग, भन्सार विभाग, सम्बन्धित निकायहरू, अर्थ मन्त्रालय |
| ३.१.४ | तीनै तहका लागि गैर-कर राजस्व व्यवस्थापन प्रणाली विकास गर्ने | ▪ गैर-कर सम्बन्धी ऐनहरू तर्जुमा भएको हुने<br>▪ गैर-कर राजस्व कोड (उप-लेजर आर्थिक कोड) तय भएको हुने | ▪ छाता ऐनहरूको तर्जुमा<br>▪ तीनै तहका लागि एकीकृत प्रणाली विकसित | ▪ गैर-कर राजस्व र अनौपचारिक उप-कोडहरू को छुट्टै प्रणाली छ | ▪ कोडहरू परिभाषित भएको र एकीकृत प्रणाली भएको | महालेखा नियन्त्रकको कार्यालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ३.१.५ | करदाताहरूको लागि डिजिटल भुक्तानीको विकल्प विस्तार गर्ने | ▪ डिजिटल प्रणाली मार्फत राजस्व सङ्कलनमा वृद्धि आएको हुने<br>▪ अनुपालन र सङ्कलन लागत दुवैमा कमी भएको हुने | ▪ डिजिटल भुक्तानी मार्फत सङ्कलन गरिएको कुल राजस्वको प्रतिशत<br>▪ डिजिटल भुक्तानी प्रणाली | ▪ राजस्वको केहि हिस्सा डिजिटल भुक्तानी | ▪ सम्पूर्ण राजस्व डिजिटल भुक्तानी मार्फत सङ्कलन गरिएको | महालेखा नियन्त्रकको कार्यालय, राजस्व व्यवस्थापन |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | प्रयोग गर्ने करदाताहरूको प्रतिशत | मार्फत सङ्कलन हुने गरेको | | महाशाखा/ अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, मन्त्रालयहरू, विभागहरू तथा निकायहरू |
| रणनीतिक उद्देश्य ३.२ राजस्व नीतिको डिजाइन तथा कार्यान्वयनका लागि अन्तरसरकारी तथा अन्तरनिकाय समन्वय तथा सहकार्य सुदृढ बनाउने | | | | का.सू.-७=C+ | का.सू.-७=B | |
| ३.२.१ | सरकारका सबै तहहरूमा एकीकृत करदाता सूचना व्यवस्थापन प्रणाली लागु गर्ने | ▪ करदाता जानकारी र राजस्व नीतिहरू बीचको समन्वय सुधारिएको हुने<br>▪ कर प्रशासन प्रक्रियाहरू सुव्यवस्थित र समायोजित गरिएको हुने | ▪ गैर-कर राजस्वको लागि स्वचालित वा डिजिटल प्रणाली स्थापना<br>▪ समन्वय गरिएका नीतिगत फ्रेमवर्कहरूको सङ्ख्या | ▪ त्यस्तो कुनै फ्रेमवर्क छैन | ▪ एकीकृत करदाता सूचना व्यवस्थापन प्रणाली साझा कारोबार व्यक्तिगत पहिचान नम्बर सहित पूर्ण रूपमा सञ्चालित | राजस्व व्यवस्थापन महाशाखा/ अर्थ मन्त्रालयको नेतृत्व, वित्तीय सङ्घियता समन्वय महाशाखा/ अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, सङ्घीय |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ३.२.२ | राजस्व प्रशासनको सुधारको लागि सरकारी निकायहरूले प्रयोग गरिरहेका सूचना प्रविधि प्रणाली बीच अन्तरसञ्चालनयोग्यता प्रवर्धन गर्ने | ▪ करदाताहरूको लागि एकल दर्ता संयन्त्र स्थापित गरिएको हुने<br>▪ महालेखा नियन्त्रकको कार्यालय, आन्तरिक राजस्व विभाग, मन्त्रालय तथा विभागहरू, यातायात व्यवस्था विभाग, कम्पनी राजिष्ट्रारको कार्यालय, राष्ट्रिय परिचय पत्र, राष्ट्रिय तथ्याङ्क कार्यालय, विद्युतीय सार्वजनिक खरिद, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) र अन्य नियामक निकायहरूको सम्बन्धित प्रणालीहरू समायोजित गरिएको हुने र सो बीच अन्तरसञ्चालनयोग्यता स्थापित गरिएको हुने | ▪ राजस्व व्यवस्थापन प्रणाली एकीकृत<br>▪ समायोजित गरिएको प्रणालीहरूको सङ्ख्या | ▪ आंशिक अन्तरसञ्चालनयोग्यता | ▪ पूर्ण अन्तरसञ्चालनयोग्यता | राजस्व व्यवस्थापन महाशाखा/ अर्थ मन्त्रालयको नेतृत्व, वित्तीय सङ्घियता समन्वय महाशाखा/ अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, आन्तरिक राजस्व विभाग, मन्त्रालय तथा विभागहरू, यातायात व्यवस्था विभाग, कम्पनी राजिष्ट्रारको |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यालय, राष्ट्रिय परिचय पत्र, राष्ट्रिय तथ्याङ्क कार्यालय, विद्युतीय सार्वजनिक खरिद, र अन्य नियामक निकायहरू |
| ३.२.३ | सम्बन्धित नियामक निकायहरू बीचको सहकार्यलाई सुदृढ पार्ने | ▪ औपचारिक अर्थतन्त्रको आकार वृद्धि भएको हुने | ▪ राजस्व सङ्कलनमा वृद्धि | ▪ नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार कुल गार्हस्थ्य उत्पादनको लगभग ४०% छ (२०२४) | ▪ अनौपचारिक अर्थतन्त्रमा कमी | राजस्व व्यवस्थापन महाशाखा/ अर्थ मन्त्रालयको नेतृत्व, वित्तीय सङ्घियता समन्वय महाशाखा/ अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, आन्तरिक राजस्व विभाग, भन्सार |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | विभाग, मन्त्रालयहरू, विभागहरू तथा निकायहरू |
| रणनीतिक उद्देश्य ३.३ करसम्बन्धी कानून तथा कार्यसञ्चालनप्रति करदाताको स्वेच्छिक अनुपालनमा वृद्धि गर्ने | | | | का.सू.-८=B+ | का.सू.-८=B+ | |
| ३.३.१ | सबै प्रकारका स्रोतमा कट्टी हुने कर र अग्रिम करहरू एकीकृत कर प्रणालीमा वास्तविक समयको आधारमा हेर्न सकिने गरी एक विशिष्ट मोड्युल तयार गर्ने | ▪ नयाँ स्रोतमा कट्टी हुने कर पोर्टल वा मोड्युल तयार पारिएको र कार्यान्वयन गरिएको हुने | ▪ स्रोतमा कट्टी हुने कर पोर्टलमा हुने कर सङ्कलनमा वृद्धिको प्रतिशत | ▪ स्रोतमा कटौती हुने करको विद्युतीय प्रणाली लागु भएको छ। | ▪ स्रोतमा कटौती हुने करको विद्युतीय प्रणाली मार्फत कर सङ्कलनमा १०% वृद्धि | आन्तरिक राजस्व विभाग, राजस्व व्यवस्थापन महाशाखा/ अर्थ मन्त्रालय |
| ३.३.२ | कर र भन्सार प्रशासनमा राजस्व निगरानी (इन्टेलिजेन्स) प्रणाली सुधार गर्ने | ▪ करदाताहरूको लागि स्वचालित आयकर रिटर्न विकसित भएको हुने<br>▪ आन्तरिक राजस्व विभाग र भन्सार विभागमा बलियो तथ्याङ्क | ▪ कर विवरण (रिटर्न) पेश गर्ने करदाताहरूको प्रतिशत<br>▪ आन्तरिक राजस्व विभाग र भन्सार विभागमा तथ्याङ्क माइनिङ/वेयरहाउसिङ | ▪ अन्य संस्थाहरूबाट आंशिक रूपमा तथ्याङ्क | ▪ आन्तरिक राजस्व विभाग र भन्सार विभागमा बलियो तथ्याङ्क माइनिङ/तथ्याङ्क | एफएससीपीसी/ अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, नेपाल राष्ट्र बैङ्क, बैङ्क तथा |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | माइनिङ/तथ्याङ्क वेयरहाउसिङ प्रणाली स्थापना गरिएको हुने<br>▪ आन्तरिक राजस्व विभागको केन्द्रीय बिलिङ अनुगमन प्रणाली (CBMS) लाई तेस्रो-पक्ष तथ्याङ्क खिच्न सक्ने गरी स्तरोन्नति गरिएको हुने | प्रणाली<br>▪ केन्द्रीय बिलिङ अनुगमन प्रणाली मार्फत खिचिएको तेस्रो-पक्ष तथ्याङ्कको प्रतिशत | सङ्कलन गरिन्छ | वेयरहाउसिङ प्रणाली स्थापना | वित्तीय संस्थाहरू, सहकारी संस्थाहरू, नेप्से, धीतो पत्र बोर्ड, नेपाल बीमा प्राधिकरण |
| ३.३.३ | कर निर्धारण प्रक्रिया र भुक्तानी प्रणालीलाई सरल बनाउने | ▪ मूल्याङ्कन र भुक्तानी प्रक्रिया सरलीकृत र करदातामैत्री बनाइएको हुने | ▪ स्वचालित स्वमूल्याङ्कन मोड्युलहरू प्रयोग गर्ने करदाताहरूको प्रतिशत | ▪ स्वमूल्याङ्कन मोड्युल | ▪ वास्तविक समयमा आधारित भुक्तानी प्रणाली तिर क्रमिक संक्रमण | आन्तरिक राजस्व विभाग, भन्सार विभाग, प्रदेश सरकार, स्थानीय तह |
| ३.३.४ | कर र भन्सार प्रशासनमा जोखिम मूल्याङ्कन र कानुन कार्यान्वयन संयन्त्र सुधार गर्ने | ▪ कर प्रशासन पहिचान मूल्याङ्कन उपकरण (TADAT) मूल्याङ्कन आवधिक रूपमा सञ्चालन हुने<br>▪ व्यावसायिक जानकारी (इन्टेलिजेन्स) मा आधारित तथ्याङ्क विश्लेषण संयन्त्र स्थापना गरिएको हुने<br>▪ राजस्व संकलन र वास्तविक | ▪ व्यावसायिक बुद्धिमत्तामा आधारित तथ्याङ्क विश्लेषण संयन्त्र भएका संस्थाहरूको प्रतिशत<br>▪ राजस्व संकलन र वास्तविक परिचालन बीचको अन्तर विश्लेषण अध्ययनका सिफारिसहरू मध्ये | ▪ आंशिक र तदर्थ आधारमा | ▪ आन्तरिक राजस्व विभाग र भन्सार विभागमा व्यावसायिक बुद्धिमत्तामा आधारित तथ्याङ्क विश्लेषण संयन्त्र स्थापना | आन्तरिक राजस्व विभाग, राजस्व व्यवस्थापन महाशाखा/ अर्थ मन्त्रालय |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | परिचालन बीचको अन्तर विश्लेषण गरिएको हुने<br>▪ सूचना सञ्चार प्रविधिमा आधारित कर परीक्षण क्षमता वृद्धि भएको हुने | कार्यान्वयन भएको सिफारिसहरूको प्रतिशत<br>▪ सूचना सञ्चार प्रविधिमा आधारित लेखा परीक्षण तालिम लिएका व्यक्तिहरूको सङ्ख्या | | ▪ व्यावसायिक बुद्धिमत्ता मार्फत ५% मूल्याङ्कन गरिएको | |
| ३.३.५ | एकीकृत कर प्रणाली र केन्द्रीय बिलिङ अनुगमन प्रणालीमा सुधार गर्ने | ▪ बिलिङ सफ्टवेयर जस्ता डिजिटल करदाता सामाग्रीहरु विकसित गरिएको हुने<br>▪ स्वचालनको लागि नीतिहरू परिभाषित गरिएको हुने<br>▪ मूल्य अभिवृद्धि कर र आय कर फिर्ताका ढाँचाहरू परिमार्जन गरिएको हुने<br>▪ केन्द्रीय बिलिङ अनुगमन प्रणालीको तथ्याङ्क प्रयोग गरेर मूल्य अभिवृद्धि कर फिर्ता स्वचालित गरिएको हुने<br>▪ व्यक्तिगत करदाताहरूको आय कर विवरण पहिल्यै भरिएको हुने | ▪ प्रणाली डाउनटाइमको प्रतिशत<br>▪ ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयमा दर्ता भएका र मूल्य अभिवृद्धि कर फिर्ताको सेवा प्राप्त गर्ने उत्पन्न भएका करदाताहरूको प्रतिशत<br>▪ अग्रिम कर दाखिला गर्ने करदाताहरूको प्रतिशत | ▪ मूल्य अभिवृद्धि कर फिर्ता स्वचालित छैन | ▪ प्रणाली डाउनटाइम = शून्य<br>▪ सबै ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयमा दर्ता भएका करदाताको मूल्य अभिवृद्धि कर फिर्ता स्वचालित रूपमा उत्पन्न | अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, सङ्घीय र प्रादेशिक सरकारका विभिन्न सम्बन्धित सरोकारवालाहरू, बैङ्क तथा वित्तीय संस्थाहरू |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| ३.३.६ | बक्यौता व्यवस्थापन ट्र्याकिङ प्रणाली विकास गर्ने | ▪ बक्यौता र बाँकी सङ्कलन समयमा उल्लेखनीय कमी आएको हुने | ▪ कुल कर सङ्कलनमा बक्यौताको प्रतिशत<br>▪ बक्यौता र बाँकी सङ्कलनको समय | ▪ कुल मुख्य कर सङ्कलन को ३६%<br>▪ कुल मुख्य कर सङ्कलनको २५.६५% | ▪ बाकी रहेको कुल बक्यौता कुल मुख्य कर सङ्कलनको १०%<br>▪ एक वर्षभन्दा बढीको बाँकी रहेको बक्यौता कुल बक्यौताको २५% | सङ्घीय, प्रादेशिक र स्थानीय तहका राजस्व सङ्कलन निकायहरू |
| ३.३.७ | करदाताका गुनासो समाधान गर्न छुट्टै संयन्त्र स्थापना गर्ने | ▪ कर प्रशासन प्रणालीमा विश्वास बढेको हुने | ▪ गुनासो समाधान गर्न लाग्ने समय<br>▪ सन्तुष्ट करदाताको प्रतिशत | ▪ गुनासो संयन्त्र छ | ▪ कार्यात्मक गुनासो व्यवस्थापन संयन्त्र | आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व व्यवस्थापन महाशाखा/ अर्थ मन्त्रालय |

स्तम्भ ४: अन्तरसरकारी वित्त व्यवस्थापन

लक्ष्यः तीन तहको प्रतिवेदन प्रणालीसँग पूर्णरूपमा अन्तरआवद्ध पारदर्शी, सामयिक, र नियममा आधारित अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणाली निर्माण गर्ने ।

**रणनीतिक उद्देश्य ४.१. अन्तरसरकारी सन्तुलनलाई सशक्त बनाउन वित्तीय हस्तान्तरणलाई थप पूर्वानुमानयोग्य, समतामूलक तथा नतिजामुखी बनाउने ।**

स्रोतहरूको पूर्वानुमान स्वायत्त रूपमा विकास कार्यक्रमहरूको योजना र कार्यान्वयन गर्नका लागि चाहिने एक प्रमुख अवयव हो। वित्तीय हस्तान्तरणमा कमजोर पूर्वानुमानयोग्यता र सामयिकताको कारणले प्रदेश र स्थानीय तहको बजेट कार्यान्वयनमा असर देखिएको छ। सङ्घीय सरकारको हाल वित्तीय हस्तान्तरण गर्ने तरिकाले प्रदेश र स्थानीय तहमा बजेट योजना र स्रोत विनियोजनलाई कमजोर बनाइरहेको छ। सशर्त अनुदानको बढ्दो स्तरले प्रादेशिक र स्थानीय तहलाई उनीहरूको आवधिक/रणनीतिक योजनाहरू कार्यान्वयन गर्न कठिनाई भइरहेको छ। अझ राम्रो बजेट योजना तर्जुमा हुनको लागि प्रादेशिक र स्थानीय तहलाई वित्तीय स्वायत्तता प्रदान गर्नु आवश्यक छ। यसले प्रदेश र स्थानीय तह सरकारहरूलाई वित्तीय हस्तान्तरणमा अत्यधिक निर्भरताविना क्षेत्रगत प्राथमिकताहरूलाई सम्बोधन गर्ने अवसर दिन्छ। यी सुधारहरूले प्रादेशिक र स्थानीय तहको स्वायत्ततालाई सुदृढ पार्दै स्रोतहरूको कुशल र प्रभावकारी प्रयोगसहित स्थानीय विकास लक्ष्यहरू पूरा गर्न सन्तुलित र समतामूलक वित्तीय वातावरण सिर्जना गर्ने लक्ष्य राख्छन्।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. प्रादेशिक र स्थानीय तहमा वित्तीय हस्तान्तरणको पूर्वानुमानयोग्यता बढाउने
२. प्रादेशिक र स्थानीय तहको राजस्व क्षमता बढाएर उनीहरूको वित्तीय स्वायत्ततालाई सुदृढ पार्ने
३. प्रादेशिक र स्थानीय तहको खर्च आवश्यकता र राजस्व सम्भावनासँग वित्तीय हस्तान्तरण प्रणालीलाई जोड्ने
४. वित्तीय हस्तान्तरण प्रणालीको समीक्षा र यसलाई अद्यावधिक गर्ने

**रणनीतिक उद्देश्य ४.२. एकीकृत वित्तीय हस्तान्तरण प्रणालीको विकास गर्ने**

वित्तीय हस्तान्तरणको प्रभावकारी व्यवस्थापनका लागि प्रक्रियाहरूलाई सुव्यवस्थित गर्ने र पारदर्शिता बढाउने किसिमको समायोजित र स्वचालित पद्धति आवश्यक पर्दछ। हालको वित्तीय हस्तान्तरण संयन्त्रमा यस पद्धतिको आंशिक अवयव मात्र छ। अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणालीको विकासले वित्तीय हस्तान्तरण प्रक्रियालाई स्वचालित बनाउनेछ, मानवीय त्रुटिहरू कम गर्नेछ र समयमै कोषको वितरण सुनिश्चित गर्नेछ। विभाज्य कोष निर्धारण गर्न पारदर्शी र परामर्शमा आधारित प्रक्रिया र प्राविधिक पद्धति स्थापना गर्नाले वित्तीय स्रोत वितरणको पूर्वानुमानयोग्यता र समानतालाई अझ बढाउनेछ। वित्तीय सङ्घीयता मार्गचित्र कार्यान्वयन गर्नाले वित्तीय व्यवस्थापन सुधार गर्न रणनीतिक दिशा प्रदान गर्नेछ। यी सुधारहरूले वित्तीय सङ्घीयतालाई मात्र बलियो बनाउने छैनन्, जवाफदेहितालाई पनि प्रवर्धन गर्नेछन् र सरकारको सबै तहमा असल वित्तीय योजना तर्जुमा र कार्यान्वयनलाई सक्षम पार्नेछन्।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिन्छ:

१. वित्तीय हस्तान्तरण प्रक्रियालाई स्वचालित र समायोजित गर्न अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणालीको कार्यान्वयन गर्ने
२. डिजिटल शासन र क्षमता विकासमा केन्द्रित एकीकृत वित्तीय हस्तान्तरण सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने
३. प्रमुख वित्तीय संस्थाहरू र सङ्घीय एकाइहरू भित्र अन्तर-सरकारी समन्वय संयन्त्रलाई सुदृढ पार्ने
४. खर्चलाई तर्कसङ्गत बनाएर साथै राजस्व वृद्धि, र कार्यसम्पादनमा आधारित अनुदान प्रणालीमार्फत वित्तीय दायरालाई सुदृढ पार्ने
५. वित्तीय सङ्घीयताको मार्गचित्रको विकास र कार्यान्वयन गर्ने

## नतिजा खाका | स्तम्भ ४: अन्तरसरकारी वित्तीय व्यवस्थापन

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| रणनीतिक उद्देश्य ४.१. अन्तरसरकारी सन्तुलनलाई सशक्त बनाउन वित्तीय हस्तान्तरणलाई थप पूर्वानुमानयोग्य, समतामूलक तथा नतिजामुखी बनाउने | | | | का.सू.-९=C | का.सू.-९=C+ | |
| ४.१.१ | अन्तरसरकारी वित्तीय हस्तान्तरण र सम्बद्ध कानूनहरूमा रहेको वित्तीय शासन प्रणालीको समीक्षा र अद्यावधिक गर्ने | ▪ अन्तरसरकारी वित्तीय हस्तान्तरण कानूनहरू वित्तीय सङ्घीयताको सार अनुरूप भएको हुने | ▪ संशोधन गरिएका विवादास्पद कानूनहरूको सङ्ख्या<br>▪ प्राकृतिक स्रोत सम्बन्धी कानूनहरूको तर्जुमा | ▪ छलफल भइरहेको छ | ▪ २०२६ सम्ममा अन्तरसरकारी वित्तीय हस्तान्तरण कानूनहरको समीक्षा र जुलाई २०२७ सम्ममा अद्यावधिक | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, प्रादेशिक सरकार, स्थानीय तह |
| ४.१.२ | वित्तीय सङ्घीयता मार्गचित्र विकास, प्रमाणीकरण र कार्यान्वयन गर्ने | ▪ वित्तीय सङ्घीयताका संयन्त्र, प्रक्रियाहरू र उपकरणहरूको स्पष्टतामा सुधार आएको हुने<br>▪ वित्तीय सङ्घीयताको लागि | ▪ वित्तीय सङ्घीयता मार्गचित्रको स्वीकृति | ▪ कुनै मार्गचित्र छैन | ▪ वित्तीय सङ्घीयता मार्गचित्र स्वीकृत | अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रादेशिक |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | रणनीतिक दिशा तय भएको हुने | | | | सरकार, स्थानीय तह |
| ४.१.३ | वित्तीय हस्तान्तरणको पूर्वानुमानयोग्यता बढाउने | ▪ बहु-वर्षीय वित्तीय हस्तान्तरणको ढाँचा विकास भएको हुने<br>▪ वित्तीय समानीकरण अनुदान कुल गार्हस्थ्य उत्पादन/राजस्व वृद्धिसँग जोडिएको हुने<br>▪ वित्तीय हस्तान्तरण स्वचालित हुने | ▪ नगद प्रवाह व्यवस्थापनमा वित्तीय हस्तान्तरण पूर्वानुमान रिपोर्ट गरिएको<br>▪ वित्तीय समानीकरण अनुदानको रूपमा हस्तान्तरण गरिएको कुल गार्हस्थ्य उत्पादन /राजस्व वृद्धिको प्रतिशत<br>▪ अन्तरसरकारी वित्तीय हस्तान्तरण क्यालेन्डर विकसित हुने | ▪ वित्तीय हस्तान्तरण को समयरेखा तय छ | ▪ अन्तरसरकारी वित्तीय हस्तान्तरणको रकम र संरचना पूर्वानुमानयोग्य हुनेछन् | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रादेशिक सरकार, स्थानीय तह |
| ४.१.४ | प्रादेशिक तथा स्थानीय तहको राजस्व क्षमता बढाएर आन्तरिक राजस्वलाई सुदृढ बनाउने | ▪ खर्चलाई तर्कसङ्गत बनाएर तथा र राजस्वलाई अधिकतम बनाएर प्रादेशिक तथा स्थानीय तहको वित्तीय क्षेत्र विस्तार गर्ने | ▪ प्रादेशिक तथा स्थानीय तहका संस्थाहरूमा करदाता र महत्त्वपूर्ण सम्पत्तिहरूको भरपर्दो डाटाबेस<br>▪ आफ्नै स्रोतबाट उठ्ने | ▪ आर्थिक वर्ष २०२३ मा प्रदेश सरकारको आफ्नै स्रोत | ▪ आफ्नै स्रोत बाट उठ्ने राजस्व समानुपातिक रूपमा बढेको | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, स्रोत समिति, प्रादेशिक |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | राजस्वमा वृद्धि | बाट उठ्ने राजस्व १७.३% छ। | हुने | सरकार, स्थानीय तह |
| ४.१.५ | अनुदानको प्रभाव मूल्याङ्कन गर्न वित्तीय हस्तान्तरणको आवधिक मूल्याङ्कन गर्ने | ▪ वित्तीय हस्तान्तरणको विनियोजन तथ्याङ्कमा आधारित हुने<br>▪ नतिजामा आधारित वित्तीय हस्तान्तरण | ▪ प्रमाणित तथ्याङ्कमा आधारित वित्तीय हस्तान्तरणको प्रतिशत<br>▪ वित्तीय हस्तान्तरणको आवधिक कार्यसम्पादन मूल्याङ्कन | ▪ वित्तीय हस्तान्तरण को कुनै तालिकाबद्ध (आवधिक) मूल्याङ्कन छैन | ▪ वित्तीय स्थानान्तरणको वार्षिक मूल्याङ्कन | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग |
| ४.१.६ | सरकारका तीनै तहमा वित्तीय स्रोतसम्बन्धी प्रणाली समायोजित गर्ने | ▪ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको डाटाबेस सुधार गरिएको हुने<br>▪ बहु-वर्षीय वित्तीय हस्तान्तरणको आधारमा वित्तीय स्रोतहरूको पूर्वानुमानयोग्यतामा | ▪ सङ्घीय प्रादेशिक तथा स्थानीय प्रणालीहरू समायोजित | ▪ | ▪ अन्तरसरकारी वित्तीय हस्तान्तरण विभाज्य कोषको आकार र संरचना, जसले प्रादेशिक | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, मन्त्रालयहरू |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | सुधार आएको हुने<br>▪ अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणालीमा विश्वास र पारदर्शिता बढेको हुने | | | तथा स्थानीय तहलाई उनिहरूको योजना सुधार गर्न सहयोग गर्छ | |
| रणनीतिक उद्देश्य ४.२: एकीकृत वित्तीय हस्तान्तरण प्रणालीको विकास गर्ने | | | | का.सू.-७=C+ | का.सू.-७=B | |
| ४.२.१ | एकीकृत वित्तीय हस्तान्तरण व्यवस्थापन प्रणाली विकास र कार्यान्वयन गर्ने | ▪ वित्तीय हस्तान्तरण प्रक्रिया सुव्यवस्थित भएको हुने | ▪ एकीकृत वित्तीय हस्तान्तरण व्यवस्थापन प्रणालीसँग समायोजित प्रणालीहरूको सङ्ख्या<br>▪ एकीकृत वित्तीय हस्तान्तरण व्यवस्थापन प्रणाली मार्फत गरिएका हस्तान्तरणको प्रतिशत | ▪ आंशिक रूपमा छ | ▪ स्वचालित र समायोजित वित्तीय हस्तान्तरण | अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| ४.२.२ | प्रादेशिक तथा स्थानीय तह बीच ठाडो र तेर्सो सहकार्य (हस्तान्तरण र ज्ञान को साझेदारी) को लागि सूचना बैङ्क विकास गर्ने | ▪ सरकारको हरेक तहमा नीति निर्माण र प्रणाली सञ्चालनको दक्षतामा सुधार आएको हुने | ▪ एउटा ज्ञान पोर्टल को विकास<br>▪ प्रादेशिक तथा स्थानीय तह बीच ज्ञान आदानप्रदान कार्यक्रमहरू<br>▪ प्रणाली कायम राख्न खर्च गरिएको समयको प्रतिशत | ▪ प्रादेशिक तथा स्थानीय तह बीच केहि ज्ञान आदानप्रदान कार्यक्रमहरू | ▪ प्रत्येक वर्ष ठाडो र तेर्सो ज्ञान आदानप्रदान गर्ने कार्यक्रमहरू | अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रादेशिक सरकार, स्थानीय तह |
| ४.२.३ | अन्तरनिकाय/क्षेत्रीय समन्वय संयन्त्रलाई सुदृढ बनाउने | ▪ राष्ट्रिय समन्वय समितिको सचिवालय सुदृढ भएको हुने | ▪ राष्ट्रिय समन्वय समितिद्वारा सहजीकरण गरिएका समन्वय बैठकहरूको सङ्ख्या<br>▪ राष्ट्रिय समन्वय समितिको कार्य क्षेत्रगत स्वीकृत शर्त (TOR) | ▪ आंशिक रूपमा कार्यरत राष्ट्रिय समन्वय समिति | ▪ पूर्ण रूपमा कार्यरत राष्ट्रिय समन्वय समिति | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, अर्थ मन्त्रालय |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | ▪ समाधान भएका विवाद/द्वन्द्व/समस्याहरूको सङ्ख्या | | | |

स्तम्भ ५: ऋण तथा वित्त जोखिम व्यवस्थापन

लक्ष्यः वित्त जोखिम तथा सार्वजनिक ऋणको दिगोपन व्यवस्थापन।

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं
सचिव

**रणनीतिक उद्देश्य ५.१: नीतिगत सुधार, सुदृढ प्रणाली, र बलियो संस्थागत क्षमतामार्फत दिगो ऋण व्यवस्थापन कायम गर्ने**

पहिले नेपाल राष्ट्र बैङ्क, अर्थ मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयमा छरिएको जिम्मेवारीहरूलाई एकीकृत गर्दै संस्थागत गरिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सञ्चालनसँगै नेपालको ऋण व्यवस्थापन प्रणालीमा क्रमिक सुधार हुँदै गइरहेको छ। असल ऋण व्यवस्थापनको लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको क्षमता महत्त्वपूर्ण हुन्छ। बीचका, अग्र भागका र पृष्ठ भागका कार्यालयहरूको छुट्टा-छुट्टै भूमिकामार्फत नीति निर्माण र सञ्चालन कार्यहरू बीच स्पष्ट विभाजन गर्दै सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको संस्थागत क्षमतालाई सुदृढ गरिनेछ। सार्वजनिक ऋण व्यवस्थापनका सुधारहरू विशेषतः कानुनी, संस्थागत र प्राविधिक पूर्वाधारको आधुनिकीकरणमा केन्द्रित हुन्छन्। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको संस्थागत क्षमता वृद्धि गरिनेछ जसले यसलाई पारदर्शी र वार्षिक रूपमा अद्यावधिक ऋण योजनाहरूसँग समायोजित हुँदै मध्यमकालीन ऋण व्यवस्थापन रणनीति विकास र कार्यान्वयन गर्न सक्षम पार्नेछ। यी सुधारहरूको एउटा प्रमुख अवयव ऋण सञ्चालन र व्यवस्थापन प्रणालीको बृहत्तर स्तरोन्नति हो। स्तरोन्नति गरिएको प्रणालीमा बृहत्तर तथ्याङ्क समायोजन भएको हुनेछ, प्रतिवेदन क्षमता उन्नत भएको हुनेछ, र कुनै व्यक्ति विशेषले तथ्याङ्क हेरफेर गर्न सक्ने परिपाटीको अन्त्य गर्दै स्वचालित प्रक्रिया स्थापना भएको हुनेछ। यस प्रणालीले पोर्टफोलियो लागत र जोखिम सूचकहरू पहिल्याउन बलियो संयन्त्र प्रदान गर्नेछ जसले गर्दा सार्वजनिक ऋण व्यवस्थापनमा पारदर्शिता र विश्लेषणात्मक गहिराइ बढ्नेछ।

वित्तीय जोखिम व्यवस्थापनको रणनीतिक सुधारले सम्भावित वित्तीय जोखिमहरू पहिचान, निगरानी र न्यूनीकरण गर्न बृहत्तर र पारदर्शी पद्धति स्थापित गर्ने लक्ष्य राखेको छ। एउटा सुदृढ वित्त जोखिम रजिस्ट्री विकास गरेर रणनीतिले प्रमुख वित्त जोखिमहरूलाई व्यवस्थित रूपमा समेट्ने र विश्लेषण गर्नेछ साथै निर्णयकर्ताहरूलाई बजेट संवेदनशीलता र सार्वजनिक ऋणका प्रक्षेपणहरूबारे ज्ञान प्रदान गर्नेछ। यसका अलावा गैरबजेटरी निकायहरू, सार्वजनिक संस्थाहरू र प्रदेश र स्थानीय तहका लागि पनि सुपरिवेक्षण लागु गरिनेछ जसले तिनीहरूको वित्त कार्यसम्पादन र सम्भावित वित्तीय प्रभावको एकीकृत विधि सुनिश्चित गर्नेछ। यो विधि सन्धि, सम्झौता र कानुनी फैसलासहित विभिन्न स्रोतहरूबाट आकस्मिक दायित्वहरूको सिर्जना भएको छ भने त्यसको लेखाजोखा राख्नमा पनि सहयोगी हुनेछ, र यस सम्बन्धी विवरण पारदर्शी रूपमा खुलासा गरिनेछ। साथै, सुधारले सार्वजनिक निजी साझेदारीका परियोजनाहरूको लागि एउटा बलियो कानुनी र नियामक वातावरण पनि स्थापना गर्नेछ जसले विवेकपूर्ण जोखिम न्यूनीकरण रणनीतिसँग विकासको गतिबीच सन्तुलन् ल्याउनेछ र अन्ततः सरकारको वित्तीय जोखिम व्यवस्थापनको क्षमतालाई बलियो बनाउनेछ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. ऋण लिने, ऋणको ग्यारेन्टी जारी गर्ने र पुनः ऋण कारोबार गर्ने जस्ता विषयसम्बन्धी अधिकार स्पष्ट रूपमा झल्किने गरी सार्वजनिक ऋण लिने र ग्यारेन्टी जारी गर्ने कानुनी खाका र कार्यान्वयन नियमहरू अद्यावधिक गर्ने।
२. मध्यमकालीन ऋण व्यवस्थापन रणनीति विकास र कार्यान्वयन गर्न, यसलाई वार्षिक रूपमा अद्यावधिक गर्न, र वार्षिक ऋण योजना तर्जुमा र खुलासा गर्ने काम पनि गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको संस्थागत क्षमतालाई सुदृढ पार्ने।
३. विस्तृत तथ्याङ्क र सुधारिएको प्रतिवेदन कार्यक्षमताको साथ सरकारको प्रमुख ऋण व्यवस्थापन प्रणालीको रूपमा ऋण सञ्चालन र व्यवस्थापन प्रणालीलाई विकास गर्ने।

**रणनीतिक उद्देश्य ५.२: समग्र वित्त जोखिम व्यवस्थापन तथा न्यूनीकरणका रणनीतिहरूलाई अघि बढाउने**

नेपालमा सरकारी कार्यहरू कार्यान्वयन गर्न गैर बजेटरी एकाइ (EBUs) हरूले महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्। गैर बजेटरी एकाइहरू र सार्वजनिक संस्थाहरूले नेपाली अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछन्। तिनीहरूलाई केही हदसम्म कानुनी स्वायत्तता प्रदान गरिएको छ तर वित्तीय प्रक्रियाहरू नेपाल सरकारको अभ्यासहरूसँग सामञ्जस्य भने हुनुपर्छ। गैर बजेटरी एकाइहरू र सार्वजनिक संस्थाहरूलाई लेखाङ्कित नगरिएमा यीनिहरूले सरकारको लागि ठूलो वित्त जोखिम सिर्जना गरिदिन सक्छन्। हालको रणनीतिले यो अवयवलाई एक रणनीतिक दिशाको रूपमा लिएको छ।

आन्तरिक ऋण उठाउन प्रादेशिक तथा स्थानीय तहलाई कानुनी अधिकार दिइएको छ। सार्वभौम ऋण व्यवस्थापनले बहुआयामिक पूर्वाधार र सञ्चालनात्मक स्तरोन्नतिमार्फत नेपालको ऋण प्रणालीलाई समग्र रूपमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ। यस पद्धतिले बलियो सरकारी धितोपत्र बजार पूर्वाधार विकास मार्फत बजारको गहिराइ, पारदर्शिता र लगानीकर्ताको विश्वासलाई पनि समेट्छ। यसले नगद प्रवाह र ऋण सञ्चालनबीच बलियो अन्तरसम्बन्ध कायम राख्ने तरलता र ऋण तिर्न सक्ने क्षमता व्यवस्थापनका लागि परिष्कृत संयन्त्रहरू स्थापना गर्न प्रोत्साहित गर्दछ। रणनीतिले व्यवस्थित रूपमा बृहत्तर मध्यमकालीन ऋण व्यवस्थापन रणनीति लागु गर्नेछ जसले वित्तीय विवेक र जोखिम न्यूनीकरण सुनिश्चित गर्न मार्गनिर्देशन गर्नेछ। यसलाई ऋणको दिगोपन विश्लेषण गर्ने प्रतिवेदनहरूले पनि सहयोग गर्नेछन्। यसबाहेक, यस खाकाले वित्तीय स्रोतलाई विविधीकरण गर्न र सरकारको वित्तीय लचिलोपनलाई अधिकतम बनाउनका लागि मिश्रित वित्त संयन्त्र र रणनीतिक सार्वभौम ऋणपत्रलगायतका वित्तीयकरणका नवीनतम् उपकरणहरूको अन्वेषण गर्नेछ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. प्रमुख वित्त जोखिमहरू समेट्न एक वित्त जोखिम रजिस्ट्री विकास गर्ने र बृहत्तर वित्त जोखिम विवरण प्रकाशित गर्ने।
२. सार्वजनिक संस्थानहरू, गैर बजेटरी एकाइहरू, र प्रदेश र स्थानीय तहको प्रभावकारी वित्तीय पर्यवेक्षणको लागि उपकरणहरू विकास गर्ने।

३. सन्धि, सम्झौता, ग्यारेन्टी, अदालतको फैसलाबाट उत्पन्न हुन सक्ने सबै आकस्मिक दायित्वहरूको बृहत् सूची तयार पार्ने र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको वार्षिक प्रतिवेदनमा खुलासा गर्ने।

४. सरकारलाई सम्भावित वित्तीय जोखिमहरू कम गर्दै विकासलाई तीव्र बनाउन सार्वजनिक निजी साझेदारीका परियोजनाहरूलाई मार्गदर्शन गर्न सक्षम कानुनी, नियामक र संस्थागत खाका स्थापना गर्ने।

नतिजा खाका | स्तम्भ ५: ऋण तथा वित्तीय जोखिम व्यवस्थापन

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| रणनीतिक उद्देश्य ५.१: नीतिगत सुधार, सुदृढ प्रणाली, र बलियो संस्थागत क्षमतामार्फत दिगो ऋण व्यवस्थापन कायम गर्ने | | | | का.सू.-१३=C<br>का.सू.-६=D<br>का.सू.-१५=D | का.सू.-१३=C<br>का.सू.-६=C<br>का.सू.-१५=B | |
| ५.१.१ | तीनै तहका सरकारमा दिगो ऋण व्यवस्थापनको नीतिगत र कानुनी ढाँचालाई अद्यावधिक गर्ने | ▪ सार्वभौम ऋणपत्रको खाका तयार भएको हुने<br>▪ प्रदेश र स्थानीय तहको ऋण जारी गर्ने र सञ्चालन गर्ने सम्बन्धी नीति तर्जुमा भएको हुने<br>▪ परियोजनामा आधारित/विषयगत ऋणपत्र प्रचलनमा आउने | ▪ ऋण र लगानी नीति अद्यावधिक भएको<br>▪ प्रदेश र स्थानीय तहको ऋण सञ्चालन र व्यवस्थापन निर्देशिका जारी<br>▪ दोस्रो बजार सञ्चालन निर्देशिका<br>▪ परियोजनामा आधारित/विषयगत ऋणपत्र व्यवस्थापन निर्देशिका | ▪ सार्वजनिक ऋण व्यवस्थापन ऐन, नियमावली, र अन्य सान्दर्भिक नीतिहरू छन् | ▪ सार्वभौम ऋणपत्र र विषयगत ऋणपत्रको लागि अद्यावधिक नीति | अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, धितोपत्र वोर्ड |
| ५.१.२ | नीतिगत र सञ्चालनात्मक कार्यहरू छुट्याउन ऋण व्यवस्थापनको मध्य- | ▪ अर्थ मन्त्रालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण व्यवस्थापनसम्बन्धी सङ्गठनात्मक संरचना पुनरावलोकन गरिएको | ▪ ऋण व्यवस्थापनको कार्यबोझको अनुसार नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण | ▪ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले | २०२६ सम्ममा O&M स्वीकृत | अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, सङ्घीय |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | कार्यालय, अग्र-कार्यालय, र पृष्ठ-कार्यालय कार्यहरूलाई बलियो बनाउने | हुने | स्वीकृत हुने | मध्य कार्यालय कार्यहरू सञ्चालन गरिरहेको | | मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ५.१.३ | अर्थ मन्त्रालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको संस्थागत क्षमता सुदृढीकरण गर्ने | ▪ प्राविधिक वार्ता समिति गठन भएको हुने<br>▪ अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई सुदृढ बनाइएको हुने<br>▪ प्रादेशिक तथा स्थानीय तह सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका कार्यहरूको बारेमा सूचित भएको हुने | ▪ क्षमतावान कर्मचारीहरू सहितको सुसज्जित अर्थ मन्त्रालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय<br>▪ वित्तीय तथा ऋण व्यवस्थापन नीति तथा कार्यविधि स्वीकृत<br>▪ मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिको आवधिक परिमार्जन<br>▪ स्वमूल्याङ्कनमा आधारित ऋण स्थिरता विश्लेषण | ▪ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको आधारभूत कार्यात्मक संरचना छ | ▪ प्राविधिक रूपमा राम्रो सङ्गठन र कर्मचारीहरू | अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय |
| ५.१.४ | ऋण व्यवस्थापनको सम्पूर्ण पाटाहरू हेर्नका लागि ऋण सञ्चालन र | ▪ अन्य सान्दर्भिक सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीहरूसँग ऋण व्यवस्थापन प्रणाली | ▪ ऋण व्यवस्थापन प्रणाली वास्तविक समयमा निपटान हुने, | ▪ कार्यात्मक ऋण सञ्चालन र | ▪ २०२७ सम्ममा एकीकरण | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापन प्रणाली (DOMS) लाई सुदृढ पार्ने | समायोजित भएको हुने<br>▪ प्रतिवेदनहरू विश्वसनीय र पारदर्शी हुने | RTGS प्रणाली विद्युतीय भुक्तानी प्रणाली र केन्द्रीकृत सरकारी लेखा प्रणालीसँग समायोजित हुने<br>▪ प्रदेश र स्थानीय तह लगायत सम्पूर्ण ऋण प्रतिवेदनहरूको पूर्ण रूपमा मिलान र एकीकरण हुने | व्यवस्थापन प्रणाली<br>▪ वार्षिक प्रतिवेदन प्रकाशित | हासिल गर्ने | कार्यालय |
| रणनीतिक उद्देश्य ५.२: समग्र वित्त जोखिम व्यवस्थापन तथा न्यूनीकरणका रणनीतिहरूलाई अघि बढाउने | | | | का.सू.-१०=D | का.सू.-१०=C | |
| ५.२.१ | वित्त जोखिम व्यवस्थापन नीति, कानुनी ढाँचा र संस्थाहरू तयार र सुदृढ गर्ने | ▪ वित्त जोखिम नीति तर्जुमा भएको हुने<br>▪ ऋण र समष्टिगत आर्थिक नीतिबीच सम्बन्ध कायम गरिएको हुने | ▪ वित्त जोखिम नीति स्वीकृत<br>▪ प्रदेश र स्थानीय तह, सार्वजनिक संस्था र गैर बजेटरी एकाइहरूलाई तथ्याङ्कन एकिकृत गर्ने र अनुगमन गर्ने ढाँचा विकास | | ▪ २०२७ सम्ममा वित्त जोखिम नीति विकसित | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग |
| ५.२.२ | वित्त जोखिम रजिस्टर | ▪ जोखिमहरूलाई व्यवस्थित रूपमा | ▪ दर्ता गरिएका | ▪ वित्त जोखिम | ▪ परिपक्व र | आर्थिक नीति |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | सुदृढ गर्ने र वित्त जोखिम न्यूनीकरण कार्ययोजना विकास गर्ने | ट्र्याक र सम्बोधन गरिएको हुने<br>▪ वित्त जोखिम रजिस्ट्री सञ्चालनमा आएको हुने | जोखिमहरूको सङ्ख्या<br>▪ सम्बोधन गरिएका जोखिमहरूको प्रतिशत<br>▪ वार्षिक रूपमा वित्त जोखिम विवरणको प्रकाशन | रजिस्टरहरू प्रारम्भिक चरणमा | भरपर्दो वित्त जोखिम रजिस्टर | विश्लेषण महाशाखा / अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय तह |
| ५.२.३ | आकस्मिक दायित्व र कोषको व्यवस्था नगरिएका दायित्वहरू व्यवस्थापन गर्ने | ▪ वित्तीय जोखिम व्यवस्थापन सुधारिएको हुने<br>▪ बहु-वर्षीय सम्झौताका दायित्व अभिलेखीकरण गरिएको हुने<br>▪ आकस्मिक दायित्वहरू र वित्तीय जोखिमहरू अभिलेखीकरण गरिएको हुने | ▪ वार्षिक ऋण प्रतिवेदनमा आकस्मिक दायित्व स्थिति प्रकाशित<br>▪ आकस्मिक दायित्व मूल्याङ्कन प्राविधिक निर्देशिका स्वीकृत | ▪ आंशिक मानव-सञ्चालित अभिलेखन | ▪ आकस्मिक दायित्वको स्वचालित अभिलेखन | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, महालेखा नियन्त्रकको कार्यालय, अर्थ मन्त्रालय |
| ५.२.४ | वित्तियकरणका नवीनतम उपकरणहरू (मिश्रित वित्त, सार्वभौम ऋणपत्र, हरित ऋणपत्र) विकास तथा विस्तार गर्ने | ▪ वित्तिय व्यवस्थापनको लागि नवीन उपकरणहरू पहिचान गरिएको हुने<br>▪ नवीन वित्तिय व्यवस्थापन उपकरणहरू प्रयोग गरिएको हुने<br>▪ ऋण पोर्टफोलियो सन्तुलित बनाइएको हुने | ▪ सार्वजनिक ऋणका नवीन उपकणहरु अवलम्वन भएको | ▪ "BB" तहको सार्वभौम कर्जा रेटिङ | ▪ कर्जा रेटिङ हालको स्तरमा कायम राखिएको छ<br>▪ २०२७ सम्ममा नयाँ प्रकारका | अर्थ मन्त्रालय, केन्द्रीय बैङ्क |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | ऋण पत्रहरू जारी गर्ने | |
| ५.२.५ | सबै सरकारी ग्यारेन्टीहरू समेट्ने | ▪ वित्त जोखिमहरू समयमै पहिचान गरिएको हुने | ▪ सरकारी ग्यारेन्टी सहितको प्रतिवेदन प्रकाशित | ▪ ऋण सञ्चालन र व्यवस्थापन प्रणाली (DOMS) सङ्घीय सरकारको स्तरमा मात्र | ▪ २०२६ सम्ममा सरकारी ग्यारेन्टी सहितको प्रतिवेदन प्रकाशन सुरु | अर्थ मन्त्रालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय |



नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं
सचिव

स्तम्भ ६: सम्पत्ति व्यवस्थापन

लक्ष्यः सुशासनका लागि कुशल र उत्तरदायी सम्पत्ति व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउने।

**रणनीतिक उद्देश्य ६.१ सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि नीतिगत खाकालाई सुदृढ बनाउने**

सार्वजनिक सम्पत्तिको व्यवस्थापन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनद्वारा निर्देशित छ। सम्पत्ति विशेष अलग्गै मापदण्ड र नीतिहरू भने अझै तयार हुन बाँकी छन्। सम्पत्तिको सामान्य बुझाइ गैर-वित्तीय सम्पत्तिहरूमा मात्रै सीमित छ, जसले गर्दा सम्पत्तिको अवधारणालाई विस्तार गरी सम्पत्ति भन्दा वित्तीय सम्पत्ति पनि त्यस भित्र पर्छन् भन्ने बुझाइ विकास गर्न आवश्यक छ। हालको खाकाले सीमित गैर-वित्तीय सम्पत्तिहरूलाई मात्र समेट्छ। समायोजित खाकाको अभावले सङ्घीय, प्रादेशिक र स्थानीय तहमा सार्वजनिक सम्पत्तिको अभिलेखीकरण, मूल्याङ्कन, मर्मत र व्यवस्थापनमा केहि चुनौतीहरू निम्त्याएको छ। यस कारण सरकारी/सार्वजनिक सम्पत्तिहरूको प्रयोगमा विभिन्न प्रकारका अक्षमता देखा पर्ने, सम्भावना भन्दा कम मात्र प्रयोग हुने र मूल्य अनुकूलन गर्ने अवसर गुम्न जाने जस्ता अवस्था सिर्जना हुन पुग्छन्। स्पष्ट नीतिगत खाकाको अभावमा सम्पत्तिको व्यवस्थापन र वित्तीय तथा आर्थिक योजनाबीच पनि सीमित मात्र एकरूपता छ, जसले दिगो विकासको लागि सम्पत्तिको प्रयोग गर्ने सरकारको क्षमतालाई बाधा पुऱ्याउँछ। बजेटमा सम्पत्तिको निसर्ग र हस्तान्तरणसम्बन्धी विवरणहरू समावेश हुँदैनन् जसले गर्दा नेपालको सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता मूल्याङ्कनमा न्यून अंक प्राप्त भएको छ। त्यसैले सम्पत्ति हस्तान्तरणको संयन्त्रलाई नीतिगत तवरबाटै सम्बोधन गरिनुपर्छ र एकीकृत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमार्फत व्यवस्थापन गरिनु पर्छ।

सम्पत्ति व्यवस्थापनको अभ्यास र मूल्याङ्कनका मापदण्डलाई सबै सरकारी तहमा समान रूपले हेरिने हिसाबले मानकीकरण गरी यी चुनौतीहरूलाई सम्बोधन गर्न एक बलियो नीतिगत खाका आवश्यक छ। यसले सार्वजनिक सम्पत्तिको कुशलतापूर्वक र पारदर्शी रूपमा प्रयोग भएको सुनिश्चित गर्दै सम्पत्तिको दर्ता, मूल्याङ्कन र जीवनचक्र व्यवस्थापनको लागि स्पष्ट दिशा प्रदान गर्नेछ। उक्त खाकाले अन्तरसरकारी समन्वयलाई पनि प्रवर्धन गर्नेछ, दोहोरोपन घटाउनेछ र सार्वजनिक जवाफदेहितालाई बढावा दिनेछ। यसबाहेक, अन्तर्राष्ट्रिय असल अभ्यासहरूसँग एकरूपता कायम गर्नाले लगानी आकर्षित गर्ने र सार्वजनिक सम्पत्तिको उपयोगलाई अनुकूलन गर्ने नेपालको क्षमता बढाउनेछ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छ:

१. **नीतिगत खाकाः** सम्पत्तिको जीवनचक्रलाई पूर्ण रूपले समेट्ने र सरकारका तीनै तहका लागि लागु हुने सम्पत्ति व्यवस्थापनको नीतिगत खाकाको विकास गर्ने।

२. **मूल्याङ्कनका मापदण्डहरूः** अन्तर्राष्ट्रिय मापदण्डहरूको आधारमा विकसित सार्वजनिक क्षेत्रमा लागु हुने गरी मूल्याङ्कन मापदण्डहरू तयार गर्ने।

३. **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको स्तरोन्नतिः** सार्वजनिक सम्पत्ति सम्बन्धी सही र भरपर्दो तथ्याङ्क प्रदान गर्न सान्दर्भिक सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीहरूसँग एकरूपता कायम गर्दै सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको स्तरोन्नति गर्ने।

**रणनीतिक उद्देश्य ६.२ वित्तीय सम्पत्ति व्यवस्थापनलाई संस्थागत बनाउने**

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापनासँगै नेपालको वित्तीय सम्पत्तिको व्यवस्थापनको खाका बिस्तारै विकसित हुन थालेको छ। पहिले सरकारी सम्पत्ति भन्दा गैर-वित्तीय सम्पत्तिहरू मात्र बुझिन्थ्यो भने अहिले आएर सोको बुझाइमा परिवर्तन आएको छ। खासगरी सीमित बुझाइले सरकारी ऋण र शेयर लगानी जस्ता वित्तीय सम्पत्तिहरूले निम्त्याउने महत्त्वपूर्ण वित्त जोखिमलाई बेवास्ता गर्दछ। हाल आएर यी खाले वित्तीय सम्पत्तिहरूको व्यवस्थापन गर्ने नीति बन्न थालेतापनि तिनीहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न कुनै स्थापित प्रक्रियाहरू भने अझै छैनन्।

यी चुनौतीहरूलाई सम्बोधन गर्न, सरकारले सार्वजनिक ऋण व्यवस्थापन कार्यालय भित्र वित्तीय सम्पत्तिको व्यवस्थापनलाई संस्थागत गर्ने लक्ष्य लिएको छ। यसमा सरकारी ऋण र शेयर लगानीको व्यवस्थापनको लागि स्पष्ट र मानकीकृत प्रक्रियाहरू तर्जुमा गर्ने विषय समावेश छ। एकिकृत सूचना प्रविधि प्रणालीको विकासले गैर-वित्तीय सम्पत्तिसँगै वित्तीय सम्पत्तिको व्यवस्थापनलाई पनि प्राथमिकता दिएर वास्तविक समयको आधारमा सूचना राख्ने, पारदर्शितालाई बढावा दिने र तथ्यमा आधारित निर्णय-निर्धारण गर्ने जस्ता पक्षलाई थप सुदृढ बनाउनेछ।

**रणनीतिक उद्देश्य ६.३ जोखिम व्यवस्थापनलाई सुदृढ बनाउन तथा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि वित्तीय कार्यकुशलतामा सुधार ल्याउने**

सार्वजनिक सम्पत्ति व्यवस्थापनमा पर्याप्त क्षमता नहुनाले हालको सम्पत्ति व्यवस्थापनको अभ्यासले वित्त जोखिमहरूको सामना गर्नु परिरहेको छ। धेरै सार्वजनिक सम्पत्तिहरूको या त अवमूल्यन भइरहेको छ या त अभिलेखीकरण नै गरिएको छैन, जसले गर्दा थप जोखिम सिर्जना हुन गएको छ। सार्वजनिक सम्पत्तिको व्यवस्थापन प्रणालीको कार्यान्वयनले अभिलेखहरूको समायोजनमा सहयोग त गरेको छ तर यसले पनि प्रभावकारी अनुगमन र निर्णय लिने कार्यमा धेरै योगदान पुऱ्याउन सकेको छैन। सार्वजनिक जग्गा, भवन, प्राविधिक उपकरण, कार्यालय उपकरण र सवारी साधनहरूको राम्रोसँग हिसाव राख्न सकिएको छैन। सार्वजनिक सम्पत्तिको मर्मत सम्भार प्रायः प्राथमिकतामा पर्ने गर्दैन जसले गर्दा सम्पत्तिको क्षति हुन जान्छ र दीर्घकालीन प्रतिस्थापनको लागत बढ्न जान्छ। यसबाहेक, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) जस्ता वित्तीय प्रणालीहरू र गैर बजेटरी एकाइ तथा सार्वजनिक संस्थानहरूको सफ्टवेयर प्रणालीहरूसँग सम्पत्तिसम्बन्धी तथ्याङ्कको सीमित समायोजनले वास्तविक समयमा आधारित सूचना राख्न झनै कठिन हुन जान्छ।

यस रणनीतिक उद्देश्यले यी चुनौतीहरूलाई सम्बोधन गरेर सम्पत्ति व्यवस्थापनमा वित्तीय दक्षतालाई सुदृढ पार्ने लक्ष्य राखेको छ। वित्तीय प्रतिवेदनका माध्यमहरूसँग सम्पत्ति व्यवस्थापन प्रणालीहरूलाई समायोजन गरेर सरकारले वास्तविक समयमा तथ्याङ्क उपलब्ध गराउन र पारदर्शिता सुनिश्चित गर्न सक्छ। भविष्यपरक विश्लेषण जस्ता आधुनिक जोखिम व्यवस्थापनका

उपकरणहरूले सार्वजनिक सम्पत्तिसँग सम्बन्धित वित्तीय जोखिमहरू पहिचान गर्न र कम गर्न मद्दत गर्न सक्छन्। साथै, लक्षित वर्गलाई दिइने तालीम र क्षमता निर्माणका पहलहरूले सार्वजनिक संस्थान र सरकारी अधिकारीहरूलाई उनीहरूको दक्षता र प्रभावकारिता बढाउन सक्षम बनाउनेछन्। सुधारिएको वित्तीय दक्षताले वित्त जोखिमलाई कम गर्नेछ, स्रोत उपयोगलाई अनुकूलन गर्नेछ, र सार्वजनिक सम्पत्तिले आर्थिक दिगोपन र सेवा वितरणमा योगदान पुऱ्याउने कुरा सुनिश्चित गर्नेछ। यसले सम्पत्ति व्यवस्थापनको लागि सही निर्णय लिने र दीर्घकालीन योजना तर्जुमा गर्ने कुरालाई पनि सघाउ पुऱ्याउनेछ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छ:

१. **इन्भेन्टरी मोड्युलः** प्रयोग र हस्तान्तरण संयन्त्रमा पारदर्शिता बढाउन उपभोग्य र चल सम्पत्तिहरूको लागि परिष्कृत इन्भेन्टरी मोड्युल तयार गर्ने।

२. **उत्थानशिलता र दिगोपनः** अति महत्वपूर्ण सम्पत्तिहरूको पहिचान गरी बीमाको संयन्त्र लागु गर्ने र जलवायु र प्रकोपको जोखिम न्यूनीकरणका उपायहरू पालना गर्ने।

३. **प्रतिस्थापन र निशर्ग योजनाः** उच्च-मूल्यवान सम्पत्तिहरूका हकमा सम्बन्धित प्रतिस्थापन र निशर्ग योजना विकास गर्ने र सो को कार्यान्वयन गर्ने।

## रणनीतिक उद्देश्य ६.४ सार्वजनिक सम्पत्तिको बृहत्तर व्यवस्थापन तथा लेखापरीक्षणमार्फत उत्तरदायित्व बढाउने

प्रभावकारी सार्वजनिक सम्पत्ति व्यवस्थापनको आधारशिला जवाफदेहीता हो, तथापि, यसमा थुप्रै सुधारको आवश्यकता रहेको हुन्छ। एकातर्फ हालको लेखापरीक्षण संयन्त्रले सम्पत्तिसँग सम्बन्धित गतिविधिहरूलाई बृहत्तर रूपमा समेट्दैन भने अर्कातर्फ सार्वजनिक सम्पत्तिको दर्ता प्रायः अपूर्ण छ र पर्याप्त रूपमा पारदर्शी छैन। सरकारी निकाय र सार्वजनिक संस्थानले आ-आफ्ना वार्षिक वित्तीय विवरणहरूमा आफ्नो सम्पत्तिको रिपोर्ट आंशिक रूपमा मात्र प्रकाशित गर्छन्। बलियो जवाफदेहिता प्रणालीको अभावले अव्यवस्था, अनियमितता र सम्पत्तिको न्यून उपयोगको जोखिम बढाउँछ, जसले सार्वजनिक विश्वास र वित्तीय अनुशासनलाई कमजोर बनाउँछ। सरकारले असल र व्यवस्थित अनुगमन संयन्त्रको स्थापना गरेर आर्थिक वृद्धि र सेवा वितरणको लागि सार्वजनिक सम्पत्तिको पूर्ण रूपमा लाभ उठाउन सक्नु पर्दछ।

सबै गैर-वित्तीय सम्पत्ति सम्बन्धित लेनदेनहरू समावेश हुने गरी लेखापरीक्षणको दायरा विस्तार गर्नाले र यी लेखापरीक्षणहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड (ISSAI) सँग मिलाउनाले थप सुक्ष्म निगरानी र विश्वसनीयता सुनिश्चित गर्नेछ। पारदर्शी सम्पत्ति सूची र नियमित प्रतिवेदनले जनविश्वासलाई बढावा दिनेछन् र सार्वजनिक सम्पत्तिको अनुगमनमा नागरिक संलग्नतालाई संभव बनाउनेछन् । यसबाहेक, सम्पत्तिको निरीक्षणको लागि स्पष्ट भूमिका र जिम्मेवारी तोकिनाले जवाफदेहिताको संस्कृति सिर्जना गर्नेछ र अनियमितताहरू कम गर्नेछ। यी प्रणालीगत चुनौतीहरूलाई सम्बोधन गरेर, नेपालले आफ्नो सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न, तिनीहरूको अधिकतम उपयोग सुनिश्चित गर्न र राष्ट्रिय स्रोतहरूलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्ने सरकारको क्षमताप्रति विश्वासको वातावरण निर्माण गर्न सक्छ। परिष्कृत जवाफदेहीता अन्ततः वित्तीय स्थिरता र दिगो विकासमा योगदान पुऱ्याउनेछ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिन्छ।

१. **सार्वजनिक सम्पत्तिको व्यवस्थापन एकाइः** सम्पत्तिसँग सम्बन्धित गतिविधिहरू सम्हाल्न एक विशिष्ट एकाइको स्थापना गर्ने।

२. **कार्यसम्पादन लेखापरीक्षणः** ठूला पूर्वाधार र महत्वपूर्ण सार्वजनिक सम्पत्तिहरूको आवधिक समीक्षा र कार्य सम्पादन परीक्षण गर्ने।

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं सचिव

नतिजा खाका | स्तम्भ ६: सम्पत्ति व्यवस्थापन

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| रणनीतिक उद्देश्य ६.१: सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि नीतिगत खाकालाई सुदृढ बनाउने | | | | का.सू.-१२=D+ | का.सू.-१२=C+ | |
| ६.१.१ | बृहत्तर राष्ट्रिय सार्वजनिक सम्पत्तिको व्यवस्थापन नीति र खाका विकास गर्ने र लागु गर्ने। | ▪ वित्तीय तथा गैर-वित्तीय सम्पत्तिहरू समेटिएको हुने।<br>▪ सम्पत्ति दर्ता, मूल्याङ्कन र प्रयोगको लागि स्पष्ट निर्देशिकाहरू तय भएको हुने।<br>▪ सम्पत्तिको व्यवस्थापन दीर्घकालीन सरकारी योजना र वार्षिक बजेटसँग जोडिएको हुने।<br>▪ सार्वजनिक सम्पत्तिको दीर्घकालीन प्रयोग र भाडामा लगाउने सम्बन्धी प्रावधान तय भएको हुने। | ▪ सार्वजनिक सम्पत्तिको व्यवस्थापनको नीति र खाकाको स्वीकृति<br>▪ सर्वोच्च लेखापरीक्षण संस्थाहरू सम्बन्धी अन्तर्राष्ट्रीय मापदण्ड वा अन्य विश्वव्यापी मापदण्डहरूसँग एकरूपता।<br>▪ दिगोपन मापदण्ड भएका नीतिहरूको प्रतिशत<br>▪ प्रणालीमा समावेश गरिएका वित्तीय र गैर-वित्तीय सम्पत्तिसम्बन्धी तथ्याङ्कको सङ्ख्या | ▪ सार्वजनिक सम्पत्तिको व्यवस्थापको नीति र खाका तयार गरिएको छैन। | ▪ सार्वजनिक सम्पत्तिको व्यवस्थापन को नीति र खाका तयार र कार्यान्वयन गरिएको हुने। | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, सम्बन्धित निकाय, प्रादेशिक तथा स्थानीय तह |
| ६.१.२ | सम्पत्ति मूल्याङ्कन मापदण्डहरू विकास र कार्यान्वयन गर्ने। | ▪ सार्वजनिक सम्पत्तिको मूल्य वास्तविक रूपमा निर्धारण भएको हुने। | ▪ मूल्याङ्कन गरिएका सम्पत्तिहरूको प्रतिशत | ▪ खाली | ▪ सम्पत्ति मूल्याङ्कनका मापदण्डह | महालेखा नियन्त्रकको कार्यालय, |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | ▪ प्राकृतिक स्रोत, बौद्धिक सम्पत्ति र पूर्वाधारजन्य सम्पत्तिहरू स्पष्ट रूपमा परिभाषित गरिएको हुने। | | | रू लागु गरिएको हुने। | जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय तह |
| ६.१.३ | "सामान्य सरकार" देखि "सम्पूर्ण सरकार" सम्म चरणवद्ध रूपमा सम्पत्तिको लेखाङ्कनको लागि मार्गचित्र विकास गर्ने। | ▪ राष्ट्रिय सम्पत्तिहरूको लेखा राखिएको हुने। | ▪ राष्ट्रिय सम्पत्तिको सूचीमा समेटिएका संस्था/निकायहरूको सङ्ख्या | ▪ राष्ट्रिय सम्पत्ति रिपोर्ट आंशिक रूपमा प्रकाशित गरिएको छ। | ▪ सार्वजनिक संस्थानहरू र तिनीहरूको सम्पत्ति चरणवद्ध रूपमा समेटिएको हुने। | महालेखा नियन्त्रकको कार्यालय, जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय तथा |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | स्थानीय तह |
| ६.१.४ | एकीकृत सार्वजनिक सम्पत्ति व्यवस्थापनका प्रणाली (PAMS)को स्तरोन्नति गर्ने। | ▪ सम्पत्तिको जीवन चक्र ट्र्याक गरिएको हुने (वर्ग विवरण र महत्वपूर्ण सम्पत्तिहरू सहित)।<br>▪ सम्बन्धित निकायहरूद्वारा प्राविधिक रजिस्टर तथा सम्पत्ति रजिस्टर राखिएको हुने।<br>▪ प्रभावकारी उपयोगको लागि सार्वजनिक सम्पत्तिहरूको सही र भरपर्दो मूल्याङ्कन गरिएको हुने।<br>▪ सरकारी लेखा प्रणाली, सूत्र, एकल कोष खाता/प्रादेशिक एकल कोष खाता र क्षेत्रीय प्रणालीहरूसँग सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लिङ्क गरिएको हुने। | ▪ आवधिक रूपमा मूल्याङ्कन/पुनर्मूल्याङ्कन गरिएका सम्पत्तिको प्रतिशत<br>▪ नष्ट गरिएको सार्वजनिक सम्पत्तिको प्रतिशत<br>▪ प्राकृतिक सम्पत्ति, बौद्धिक सम्पत्ति र पूर्वाधारजन्य सम्पत्तिको तथ्याङ्क<br>▪ सडक सम्पत्ति व्यवस्थापन प्रणाली एकीकृत भएको | ▪ सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको दोस्रो संस्करण यस आर्थिक वर्षको अन्त्य सम्ममा तयार हुनेछ।<br>▪ शहरी विकास मन्त्रालय र सडक विभागद्वारा प्राविधिक | ▪ सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीले बहुआयामिक रूपमा सम्पत्ति सम्बन्धी तथ्याङ्क समेट्नेछ। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | | | रजिस्टर राखिएको हुनेछ।<br>▪ सम्पत्तिको रजिस्टरको रूपमा सार्वजनिक सम्पत्तिको व्यवस्थापन प्रणाली (PAMS) रहने | | |
| रणनीतिक उद्देश्य ६.२ वित्तीय सम्पत्ति व्यवस्थापनलाई संस्थागत बनाउने | | | | का.सू.-१२=D+ | का.सू.-१२=C+ | |
| ६.२.१ | वित्तीय सम्पत्तिको अभिलेखन र व्यवस्थापनका लागि प्रक्रियाहरू विकास गर्ने। | ▪ ऋण र शेयर लगानीका लागि निर्देशिकाहरू तयार पारिएको हुने।<br>▪ वित्तीय सम्पत्ति व्यवस्थापनले अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा | ▪ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयद्वारा निर्देशिका जारी भएको। | ▪ नीति छ, कुनै निर्देशिका छैन। | ▪ निर्देशिका जारी हुने। | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल राष्ट्र |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | गरेको हुने। | | | | बैंक, र अर्थ मन्त्रालय |
| ६.२.२ | तीनै तहमा सूचना प्रविधिको प्रयोग मार्फत सार्वजनिक लगानीको अभिलेखीकरण गर्ने। | ▪ शेयर र ऋण (विशेष गरी सार्वजनिक संस्थानमा) मा सार्वजनिक लगानीको राम्रोसँग अभिलेख राखिएको र रिपोर्ट गरिएको हुने।<br>▪ सार्वजनिक संस्थानको अनुगमन गरिएको हुने। | ▪ अवस्थिति प्रतिवेदनहरू प्रकाशन भएको। | ▪ एकिकृत प्रणाली अझै छैन। | सन् २०२७ सम्ममा एकिकृत प्रणालीले वर्तमान स्थिति सम्बन्धी प्रतिवेदनहरू प्रकाशित गर्ने। | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, प्रादेशिक निकायहरू |
| रणनीतिक उद्देश्य ६.३ जोखिम व्यवस्थापनलाई सुदृढ बनाउन तथा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि वित्तीय कार्यकुशलतामा सुधार ल्याउने | | | | का.सू.-१२=D+ | का.सू.-१२=C+ | |
| ६.३.१ | महत्वपूर्ण सार्वजनिक सम्पत्तिहरूको लागि बीमा र प्रतिस्थापन संयन्त्रहरूको थालनी गर्ने। | ▪ महत्वपूर्ण सम्पत्तिहरू परिभाषित गरिएको हुने।<br>▪ सम्पत्ति नोक्साननीसँग सम्बन्धित वित्तीय जोखिमहरू कम गरिएको हुने।<br>▪ सम्पत्ति प्रतिस्थापन मोडालिटी | ▪ बीमा गरिएको महत्वपूर्ण सम्पत्तिहरूको प्रतिशत। | ▪ सीमित महत्वपूर्ण सम्पत्तिहरू को मात्र बीमा गरिएको। | ▪ प्रमुख पूर्वाधारहरू बीमा गरिएका हुने। | अर्थ मन्त्रालय, सम्बन्धित निकायहरू |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | | परिभाषित गरिएको हुने। | | | | |
| ६.३.२ | जलवायु जोखिम न्यूनीकरण र पुनरुत्थानमा गरिने लगानीको प्राथमिकतामा सुधार गर्ने। | ▪ दिगो वित्तीय सुरक्षा कार्यक्रमको लागि जलवायु जोखिम कम गर्दै, थप पुनरुत्थानशील सार्वजनिक लगानी निर्माण गरिएको हुने। | ▪ सार्वजनिक सम्पत्ति उत्थानशील खाका/संयन्त्र अपनाइएको। | ▪ कुनै तथ्याङ्क विश्लेषण संयन्त्र अवस्थित नभएको। | ▪ बढ्दो जलवायु जोखिमहरू का चुनौतीहरू को बीच क्षमता बढाइएको हुने।<br>▪ द्रुत पूर्वाधार विकास र प्रतिस्थापन मा कमी ल्याइएको हुने। | अर्थ मन्त्रालय, सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, प्रादेशिक सरकार, स्थानीय तह |
| ६.३.३ | सम्पत्ति सम्बद्ध जोखिम व्यवस्थापन रणनीतिहरूको विकास | ▪ सम्पत्तिसँग सम्बन्धित जोखिमहरू, जस्तै मर्मतसम्भार र प्रतिस्थापन लागतहरू पहिचान र न्यूनीकरण | ▪ सम्पत्ति जोखिम व्यवस्थापन रणनीति विकास गरिएको। | ▪ कुनै जोखिम व्यवस्थापन रणनीति | ▪ रणनीति सञ्चालनमा ल्याइएको | अर्थ मन्त्रालय, सम्बन्धित मन्त्रालय, |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| | र कार्यान्वयन गर्ने। | गरिएको हुने। | | नरहेको। | हुने। | महालेखा नियन्त्रकको कार्यालय, प्रादेशिक सरकार, स्थानीय तह |
| ६.३.४ | गैर-वित्तीय सम्पत्तिहरूको लागि प्रतिस्थापन र निशर्ग योजना तर्जुमा गर्ने। | ▪ प्रतिस्थापन र निशर्गसम्बन्धी योजना तयार गरिएको हुने।<br>▪ सम्पत्तिहरू लिलामी वा नष्ट गरी लगत कट्टा गर्न प्राविधिक निकायहरू तोकिएको हुने। | ▪ प्रतिस्थापन कोष सिर्जना गरिएको।<br>▪ सम्पत्ति हटाउने (scraping) नीति लागु गरिएको। | ▪ खाली | ▪ प्रतिस्थापन कोष सिर्जना गरिएको हुने।<br>▪ प्रयोगमा नआउने सम्पत्तिहरूको समयमै लिलामी गरिएको हुने। | सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, प्रादेशिक सरकार, स्थानीय तह, प्राविधिक निकायहरू |
| रणनीतिक उद्देश्य ६.४ सार्वजनिक सम्पत्तिको बृहत्तर व्यवस्थापन तथा लेखापरिक्षण प्रणाली मार्फत | | | | का.सू.-१२=D+ | का.सू.-१२=C+ | |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|---|
| जवाफदेहीता अभिवृद्धि गर्ने | | | | | | |
| ६.४.१ | महालेखा नियन्त्रकको कार्यालयमा रहेको तोकिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन एकाइलाई सुदृढ गर्ने। | ▪ यो कार्य गर्न महालेखा नियन्त्रकको कार्यालयमा तोकिएको एकाइ हुने।<br>▪ यस तोकिएको एकाइ मार्फत सम्पत्ति निशर्गं सुरु गरिएको हुने।<br>▪ सार्वजनिक सम्पत्तिको दुरूपयोगमा कमी र जवाफदेहितामा सुधार आएको हुने। | ▪ सम्पत्ति व्यवस्थापनको लागि तोकिएको एकाइको स्थापना गरिएको।<br>▪ पत्रु सम्पत्तिहरूको समयमै लिलामी गरिएको।<br>▪ कारबाही गरिएका उजुरी वा गुनासोको रिपोर्टको सङ्ख्या। | ▪ हाल सम्म कुनै विशेष/ तोकिएको एकाइ नरहेको। | स्वतन्त्र प्राधिकरणको लागि कानूनी प्रावधान तयार गरिएको हुने। | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय |
| ६.४.२ | प्रमुख सार्वजनिक सम्पत्तिहरूको आवधिक कार्यसम्पादन परीक्षण सञ्चालन गर्ने। | ▪ सार्वजनिक सम्पत्तिको अवस्था उचित रूपमा अभिलेखीकरण गरिएको हुने।<br>▪ सूचना प्रविधि र बौद्धिक सम्पत्तिहरूको लेखा परीक्षण गरिएको हुने।<br>▪ सम्पत्तिको भौतिक प्रमाणीकरण गरिएको हुने। | ▪ सञ्चालन गरिएका कार्यसम्पादन लेखा परीक्षणहरूको सङ्ख्या।<br>▪ एकीकृत सार्वजनिक सम्पत्ति प्रतिवेदनको प्रकाशन। | ▪ महालेखा परीक्षकको कार्यालयद्वारा केही लेखा परीक्षणहरू सुरु गरिएको। | ▪ सार्वजनिक सम्पत्तिको कार्यसम्पादन लेखापरीक्षण सुरु गरिएको हुने। | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, महालेखा परीक्षकको कार्यालय |

स्तम्भ ७: बाह्य निगरानी, पारदर्शिता र जवाफदेहिता

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

लक्ष्यः प्रभावकारी बाह्य निगरानी तथा सार्वजनिक वित्तीय प्रणालीमा नागरिक सहभागितामार्फत पारदर्शिता तथा जवाफदेहिताको प्रवर्धन गर्ने।

**रणनीतिक उद्देश्य ७.१. सार्वजनिक वित्तीय व्यवस्थापन चक्रमा नागरिक संलग्नता प्रवर्धन गर्ने।**

नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा पारदर्शिता, जवाफदेहिता र जनविश्वास प्रवर्धन गर्न नागरिक संलग्नता अत्यावश्यक छ। नेपाल सरकारले सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरू र वार्षिक उपलब्धिको तथ्याङ्कसहित प्रमुख वित्तीय जानकारी प्रकाशित गरेर यस क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ। यद्यपि, पूर्व-बजेट विवरणहरू, समष्टिगत आर्थिक पूर्वानुमान, नागरिक बजेट, र अन्य आवश्यक वित्तीय जानकारीमा सीमाहरु बाँकी छन्। खुला बजेट सर्वेक्षणमा ५८ औं स्थानमा रहेकोले विश्वव्यापी रूपमा नेपालको प्रदर्शन औसत मात्र रहेको देखिन्छ। तसर्थ बजेट निर्माण, स्वीकृति र कार्यान्वयनको क्रममा नागरिकहरूलाई संलग्न गराई सुधार गर्नको लागि प्रशस्त ठाउँ छ।

यी कमजोरीहरूलाई सम्बोधन गर्न नेपाल सरकारले वित्तीय सूचनाको सक्रिय प्रकाशन र नागरिक समाज संस्थाहरूको उपस्थितिमा सहभागितामूलक लेखापरीक्षणमार्फत सार्वजनिक वित्तीय व्यवस्थापनमा नागरिक संलग्नता वृद्धि गर्ने रणनीति विकास गरेको छ। यी प्रयासहरूका बावजुद, सार्वजनिक परामर्शको लागि पहुँचयोग्य माध्यमहरूको अभाव र वित्तीय निर्णयहरूमा नागरिक पृष्ठपोषणको सीमित समायोजनले गर्दा प्रभावकारी संलग्नता सुनिश्चित हुन सकेको छैन। नागरिक सहभागिता बढाउन सार्वजनिक वित्तीय व्यवस्थापनका सबै चरणहरूमा सार्वजनिक परामर्शलाई संस्थागत गर्न, वित्तीय जानकारीको व्यापक रूपमा प्रसार गर्न, डिजिटल उपकरणहरूको उपयोग गर्न र नागरिक समाजका संस्थाहरूसँगको सहकार्यलाई बढावा दिन आवश्यक छ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छ:

१. अनुसन्धानकर्ता र नागरिकहरूलाई प्रयोगकर्ता-मैत्री माध्यममार्फत बजेट र खर्चसम्बन्धी तथ्याङ्कमा पहुँच विस्तार गर्न र सोको प्रयोगमा सहजीकरण गर्न खुला बजेट पोर्टलहरू स्थापना र सुदृढीकरण गर्ने।

२. बजेट निर्माण प्रक्रियामा सरोकारवालाहरूको बुझाइ र संलग्नता बढाउन बजेट फोरमहरूको स्थापना गर्ने र पूर्व-बजेट परामर्शहरू विस्तार गर्ने ।

३. बजेट कार्यान्वयन र अनुगमनमा नागरिकको संलग्नता बढाउने।

४. नागरिकको सहभागितामूलक लेखापरीक्षण विस्तार गर्ने र प्रतिवेदनहरू प्रकाशित गर्ने।

**रणनीतिक उद्देश्य ७.२. लेखापरीक्षणको गुणस्तर र प्रभावलाई सुदृढ पार्ने।**

महालेखापरीक्षकको कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरू, अन्तर्राष्ट्रिय मानदण्ड (ISSAI) जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गर्दै नागरिक सहभागितामूलक लेखापरीक्षण प्रारम्भ गरेको छ। यी उपायहरूले लेखापरीक्षणको गुणस्तरलाई सुदृढ बनाएका छन् र पारदर्शितालाई बढावा दिएका छन्। तथापि, बढ्दो लेखापरीक्षण अनियमितता र अपर्याप्त अनुगमन संयन्त्र

उल्लेखनीय चुनौतीका रूपमा रहेका छन्। आजको दिनमा लेखापरीक्षण अनियमितताको अवस्थालाई वित्तीय जवाफदेहिता मापन गर्ने मापदण्डको रूपमा हेरिन थालिएको छ। र हालैका प्रतिवेदनहरूका अनुसार रू ७ खर्ब ३३ अर्ब बराबरको लेखापरीक्षण अनियमितताको फछ्र्यौट गर्न बाँकी रहेको छ (महालेखा परीक्षकको कार्यालयको ६२ औं प्रतिवेदन)।

यी अनियमितताहरूलाई सम्बोधन गर्न लेखापरीक्षण अनुगमन (अनुगमन) संयन्त्रहरूलाई सुदृढ पार्नु जरुरी छ। पर्याप्त स्रोत सुनिश्चित गर्दै अनुगमन लेखापरीक्षणलाई सुदृढ गर्नु एक प्रमुख सुधार प्राथमिकता हो। प्रशिक्षण र उन्नत लेखापरीक्षण उपकरणहरूमार्फत महालेखा परीक्षकको कार्यालयको क्षमता बढाउनाले लेखापरीक्षणको गुणस्तर र दायरामा थप सुधार हुनेछ। लेखापरीक्षणका निष्कर्षहरूको समयमै निराकरण र समाधान सुनिश्चित गर्न सङ्घीय र प्रदेश र स्थानीय तह दुवैलाई समावेश गरी लेखापरीक्षणले देखाउने समस्याहरूको समाधान गर्ने बलियो संयन्त्र संस्थागत गरिनुपर्छ।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिन्छ।

१. महालेखा परीक्षकको कार्यालयको आन्तरिक सुशासन, लेखापरीक्षणको गुणस्तर र प्रभावलाई सुदृढ पार्ने।
२. साइबर सुरक्षा, जलवायु र लैङ्गिकता जस्ता उदीयमान क्षेत्रहरूलाई सम्बोधन गर्ने कार्यमा सरकार र व्यवस्थापिकालाई सहयोग गर्न सक्ने ढङ्गले महालेखा परीक्षकको कार्यालयको संस्थागत क्षमता बढाउने ।
३. पुनरावलोकन (अनुगमन) लेखापरीक्षण गर्न र लेखापरीक्षणका क्रममा देखिएका बेरूजुहरू निरन्तर कार्य गरी समाधान गर्न सम्बन्धित सार्वजनिक वित्तीय व्यवस्थापन कानुन र नियमहरूमा संशोधन गर्ने।
४. वार्षिक बजेटमा प्रत्येक मन्त्रालयको आर्थिक अनियमितताको स्थितिको विवरण दिने अनुसूचीका साथै आर्थिक वर्षमा यी अनियमितताहरूलाई सम्बोधन र समाधान गर्न प्रत्येक मन्त्रालयको योजना पनि समावेश गर्ने।

**रणनीतिक उद्देश्य ७.३. वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन र सिफारिसहरूको कार्यान्वयनमा प्रभावकारी संसदीय निगरानी सुनिश्चित गर्ने।**

सार्वजनिक वित्तीय व्यवस्थापनमा जवाफदेहितालाई संस्थागत गर्नमा संसदीय निगरानी र नियन्त्रणले ठूलो भूमिका खेल्छ। यसले सरकारी बजेट र लेखापरीक्षण प्रतिवेदनहरू पूर्ण रूपमा समीक्षा गरिएको र नीतिगत उद्देश्यहरूसँग सामञ्जस्य भएको सुनिश्चित गर्दछ। नेपालमा संसदीय परिक्षणको प्रक्रिया प्रतिनिधि सभा नियमावली, २०७९ द्वारा निर्देशित छ, जसले बजेटको निगरानीका लागि प्रक्रियाहरूको निर्धारण गर्दछ। यी नियमहरूको पालना हुने गरे तापनि समीक्षाको दायरा र गहिराइमा कमजोरीहरू कायमै छन्। संसदद्वारा गरिने बजेटको परीक्षण राजस्व र खर्च विवरणहरूमा नै सीमित हुन्छ र यसले मध्यमकालीन खर्च संरचना र वित्तीय जोखिम जस्ता तत्वहरू समेट्दैन ।

संसदीय निगरानी र नियन्त्रणलाई सुदृढ पार्न प्राविधिक विशेषज्ञता भएका विशेष समितिहरूको स्थापना र प्रक्रियागत सुधार आवश्यक हुन्छन्। यी समितिहरूले बजेट र लेखापरीक्षण प्रतिवेदनहरूको गहन विश्लेषण र बृहत्तर निगरानी सुनिश्चित गर्न सक्छन्। संसदीय छानबिनको प्रक्रियामा नागरिक पृष्ठपोषण समावेश गर्न सार्वजनिक परामर्शका संयन्त्रहरूलाई पनि संस्थागत गरिनुपर्छ।

संसदीय सिफारिसहरूको कार्यान्वयन भए-नभएको सम्बन्धमा जाँच गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। सिफारिसहरू कार्यान्वयन गर्न स्पष्ट समयसीमा र जवाफदेहिता तोकिनाले तिनीहरूको प्रभाव बढाउँछ। यी सुधारहरूले व्यवस्थापिकाले बजेट र लेखापरीक्षणको प्रभावकारी समीक्षा मात्र नगरी आफ्ना सिफारिसहरू कार्यान्वयन गर्न कार्यपालिकालाई पनि जवाफदेही बनाउने कुरा सुनिश्चित गर्छन्।

यस रणनीतिले निम्न सुधारहरूलाई प्राथमिकता दिएको छः

१. उच्च गुणस्तरको, विश्लेषणात्मक, परामर्शदायी र प्रशासनिक सहयोग प्रदान गर्न सम्बन्धित संसदीय समितिका सचिवालय र सांसदहरूको क्षमता अभिवृद्धि गर्ने, र संसदीय छानबिन प्रक्रियालाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न समितिहरूलाई सशक्त बनाउने।
२. बजेट र लेखापरीक्षण प्रतिवेदनहरूको प्रभावकारी रूपमा जाँच गर्न र सरकारलाई जवाफदेही बनाउन संसदीय निगरानी अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूपका उपकरण र संयन्त्रहरू अपनाउने।
३. सम्बन्धित संसदीय समितिहरूद्वारा आफ्नो निगरानी र नियन्त्रण गर्ने कार्यादेश र कार्यसम्पादनको वार्षिक स्व-लेखाजोखा गर्ने, र संसदीय छानबिनको प्रभावकारिता बढाउने उद्देश्यले योजनाबद्ध उपायहरू समावेश गर्ने र समितिका प्रतिवेदनहरूको प्रकाशन गर्ने।

नतिजा खाका | स्तम्भ ७: पारदर्शिता र जवाफदेहिता

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| रणनीतिक उद्देश्य ७.१. सार्वजनिक वित्तीय व्यवस्थापन चक्रमा नागरिक संलग्नता प्रवर्धन गर्ने | | | | का.सू.-१७=B<br>का.सू.-९=C | का.सू.-१७=B<br>का.सू.-९=C+ | |
| ७.१.१ | नागरिक सहभागिता रणनीति लागु गर्ने। | ▪ बजेट प्रक्रियामा नागरिकहरूको सहभागिता बढेको हुने। | ▪ नागरिक सहभागिताको मार्गचित्रको कार्यान्वयन। | ▪ नागरिक सहभागिता रणनीति उपलब्ध छ। | नागरिक सहभागिताको मार्गचित्रको कार्यान्वयन भएको हुने। | अर्थ मन्त्रालय, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक लेखा समिति, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार, स्थानीय तह |
| ७.१.२ | पूर्व-बजेट परामर्शहरू विस्तार गर्ने र सङ्घीय, प्रादेशिक र स्थानीय स्तरमा सहभागीतामूलक बजेट | ▪ पूर्व-बजेट परामर्शहरूमा नागरिकको संलग्नता बढेको हुने।<br>▪ औपचारिक बजेट फोरमहरूको स्थापनामार्फत | ▪ सहभागितामूलक पूर्व-बजेट गोष्ठीको सङ्ख्या। | ▪ सीमित पूर्व-बजेट परामर्शहरू हुने गरेको।<br>▪ परामर्श | सम्बन्धित सरोकारवालाहरूसँग यथेष्ट पूर्व-बजेट छलफल भएको हुने। | अर्थ मन्त्रालय, स्थानीय तह |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | फोरमहरू स्थापना गर्ने। | सरोकारवालाहरूसँग पर्याप्त परामर्श गरी बजेट निर्माण भएको हुने। | | प्रायः सङ्गठित समूहहरूमा मात्र सीमित हुने गरेको। <br>▪ कुनै औपचारिक संयन्त्र नभएको । | | |
| ७.१.३ | खुला बजेट पोर्टलहरू स्थापना र सुदृढीकरण गरी अनुसन्धाता र नागरिकहरूलाई बजेट र खर्चसम्बन्धी तथ्याङ्कमा पहुँच प्रदान गर्न प्रयोगकर्ता-मैत्री माध्यमहरू संचालन गर्ने। | ▪ बजेट सम्बन्धी तथ्याङ्कको पहुँच र बुझाइमा सुधार भएको हुने। <br>▪ नागरिकहरूमाझ जागरुकता सुनिश्चित गर्न बजेटको सरलीकृत संस्करण प्रसारित गरिएको हुने। | ▪ खुला बजेट पोर्टलहरूको विकास र परिचालन। <br>▪ नागरिकको बजेटको प्रकाशन। | ▪ हाल सम्म नरहेको। | सार्वजनिक पहुँचयोग्य खुला बजेट पोर्टलहरू भएको हुने। | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार, स्थानीय तह |
| ७.१.४ | बजेट प्रक्रियामा नागरिक संलग्नताको | ▪ विद्युतीय र मोबाइल एप्लिकेसनहरू विकास | ▪ एप्लिकेसनहरू प्रयोग गर्ने नागरिकहरूको प्रतिशत। | ▪ त्यस्तो कुनै एप्लिकेसन | एप्लिकेसनको माध्यमबाट व्यापक | अर्थ मन्त्रालय |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | लागि विद्युतीय उपकरणहरू विकास गर्ने। | गरिएको हुने। | ▪ नागरिकहरूको प्रतिक्रियाको सङ्ख्या। | नरहेको। | रूपमा नागरिकहरूको प्रतिक्रिया प्राप्त भएको हुने। | |
| ७.१.५ | परियोजना छनोटमा नागरिकहरूलाई संलग्न गराएर नवीनतम् विधिहरू अन्वेषण गर्ने। | ▪ सर्वेक्षण र पूलिङ् संयन्त्रमार्फत परियोजना वा कार्यक्रमहरू छनोट गरिएको हुने। | ▪ पूलिङ्को संयन्त्रको विकास र परिचालन।<br>▪ सर्वेक्षण र मतदानको प्रयोग गरेर छनोट गरिएका परियोजनाहरूको सङ्ख्या। | ▪ पूलिङ्गको संयन्त्र मार्फत कुनै परियोजना छनोट नभएको। | सूचना सञ्चार र प्रविधिमार्फत मागको आधारमा परियोजना छनोट भएको हुने। | अर्थ मन्त्रालय, विभिन्न मन्त्रालयहरू, प्रादेशिक सरकार, स्थानीय तह |
| ७.१.६ | परियोजना कार्यान्वयन वा बजेट कार्यान्वयनसम्बन्धी जानकारी नियमित रूपमा प्रदान गर्ने। | ▪ वेवसाइट वा प्रतिवेदनमार्फत सक्रिय रूपमा परियोजना कार्यान्वयन वा बजेट कार्यान्वयनको सूचना प्रसार गरिएको हुने। | ▪ बजेट कार्यान्वयनसम्बन्धी जानकारी प्रकाशित गर्ने संस्थाहरूको सङ्ख्या। | ▪ हालसम्म नरहेको। | नागरिकहरूले नियमित रूपमा बजेटसम्बन्धी जानकारी प्राप्त गरेको हुने। | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, विभिन्न मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह |
| ७.१.७ | सार्वजनिक खर्च ट्र्याकिङ प्रणाली लागु गर्ने। | ▪ चयन गरिएका परियोजना वा कार्यक्रमहरूमा सार्वजनिक खर्च ट्र्याकिङ प्रणाली र | ▪ सार्वजनिक खर्च ट्र्याकिङ प्रणाली प्रयोग गर्ने परियोजना वा | ▪ हालसम्म त्यस्तो कुनै प्रतिवेदन | सार्वजनिक खर्च ट्र्याकिङ प्रणाली नियमित रूपमा | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | सोसम्बन्धी प्रक्रियाहरू विकास गरिएको हुने। | कार्यक्रमहरूको सङ्ख्या। | नरहेको। | प्रयोग भएको हुने। | कार्यालय, विभिन्न मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह |
| ७.१.८ | सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र नागरिक खरिद अनुगमन अभ्यास जस्ता विभिन्न सामाजिक अनुगमनका अभ्यासहरूलाई बढावा दिने। | ▪ स्थानीय परियोजना वा कार्यक्रमहरूमा विभिन्न सामाजिक अनुगमनका उपकरणहरू प्रयोग भएको हुने। | ▪ विभिन्न सामाजिक अनुगमनका उपकरणहरू प्रयोग गरिएका परियोजना वा कार्यक्रमहरूको सङ्ख्या। | ▪ केही स्थानीय तहमा सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण का उपकरणहरू प्रयोग गरिन्छ। | विभिन्न सामाजिक अनुगमनका उपकरणहरू प्रयोग भएको हुने, र नियमित रूपमा प्रतिक्रिया प्राप्त भएको हुने। | अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार, स्थानीय तह |
| ७.१.९ | नागरिकको सहभागितामूलक लेखापरीक्षणको विस्तार गर्ने। | ▪ नागरिकको सहभागिता र जवाफदेहिता बढ्ने।<br>▪ नागरिक सहभागिता सहितको लेखापरीक्षण प्रतिवेदन प्रकाशित हुने। | ▪ नागरिक सहभागिताको लेखापरीक्षणको सङ्ख्या।<br>▪ वार्षिक रूपमा पेश हुने पृष्ठपोषणको सङ्ख्या। | ▪ सीमित मात्र नागरिकको सहभागितामूलक लेखापरीक्षण | प्रति वर्ष कम्तीमा १० नागरिक सहभागितामूलक लेखापरीक्षण। | महालेखा परीक्षकको कार्यालय |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | | । | | |
| रणनीतिक उद्देश्य ७.२. लेखापरीक्षणको गुणस्तर र प्रभावलाई सुदृढ पार्ने | | | | का.सू. - ३०=D+ | का.सू.-३०=D+ | |
| ७.२.१ | लेखापरीक्षणमा गुणस्तर व्यवस्थापन र गुणस्तर प्रत्याभूति अभ्यासहरूलाई सुदृढ पार्ने। | ▪ आन्तरिक शासन र लेखापरीक्षणको गुणस्तर बढेको हुने।<br>▪ गुणस्तर व्यवस्थापनको सबल संयन्त्र विकास गरिएको हुने।<br>▪ बजेट जारी गर्नुअघि र पछिको गुणस्तर प्रत्याभूति सम्बन्धी समीक्षालाई सुदृढ पारिएको हुने।<br>▪ लेखापरीक्षणका क्रममा देखिएका कुरा र लेखापरीक्षण प्रतिवेदनबीच एकरूपता हुने। | ▪ सार्वजनिक लेखा समिति र निकायगत तहमा समाधान गर्नुपर्ने प्रकारका प्रमुख अनियमितताहरू लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको।<br>▪ कार्य योजनामा परेका लेखापरीक्षण प्रतिवेदनका निष्कर्षहरूको सङ्ख्या।<br>▪ जारी गर्नु अघि र पछिको गुणस्तर आश्वासन समीक्षाको प्रतिशत। | ▪ लेखापरीक्षणका निष्कर्षहरूमा न्यून एकरूपता र लेखापरीक्षण प्रतिवेदनहरूको अपर्याप्त कार्यान्वयन । | लेखापरीक्षणका निष्कर्षहरूमा एकरूपता बढेको हुने। | महालेखा परीक्षकको कार्यालय, लेखापरीक्षण गरिएका संस्थाहरू |
| ७.२.२ | साइबर सुरक्षा, जलवायु र लैङ्गिकता जस्ता क्षेत्रहरूमा | ▪ वार्षिक लेखापरीक्षण प्रतिवेदनमा साइबर सुरक्षा, जलवायु र | ▪ वार्षिक लेखापरीक्षण प्रतिवेदनमा साइबर सुरक्षा, जलवायु र लैङ्गिक मुद्दाको | अपर्याप्त संस्थागत क्षमता। | महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनमा | महालेखा परीक्षकको कार्यालय |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | उदीयमान चुनौतीहरूलाई सम्बोधन गर्न महालेखा परीक्षकको कार्यालयको संस्थागत क्षमता बढाउने। | लैङ्गिक मुद्दाको लेखापरीक्षण समावेश भएको हुने।<br>▪ महालेखा परीक्षकको कार्यालयका कर्मचारीहरू साइबर सुरक्षा, जलवायु र लैङ्गिक मुद्दाका विभिन्न आयामको लेखापरीक्षणमा दक्ष भएको हुने। | प्रतिशत।<br>▪ साइबर सुरक्षा, जलवायु र लैङ्गिक मुद्दाहरूको लेखापरीक्षणमा प्रशिक्षित महालेखा परीक्षकको कार्यालयको कर्मचारीहरूको सङ्ख्या। | | समसामयिक विषयहरुका लागि छुट्टा छुट्टै खण्ड हुने। | |
| ७.२.३ | कार्यमूलक लेखापरीक्षणलाई सुदृढ पार्ने। | ▪ वार्षिक प्रतिवेदनमा कार्यमूलक लेखापरीक्षणको सङ्ख्या समावेश भएको हुने। | ▪ प्रत्येक वर्ष गरिएको कार्यमूलक लेखापरीक्षणको सङ्ख्या। | ▪ प्रति वर्ष ८-१२ वटा कार्यमूलक लेखापरीक्षण । | प्रति वर्ष ३० कार्यमूलक लेखापरीक्षण भएको हुने। | महालेखा परीक्षकको कार्यालय |
| ७.२.४ | लेखापरीक्षणको मानदण्ड, निर्देशिका र दिग्दर्शन नियमित रूपमा अद्यावधिक गर्ने। | ▪ सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय मानदण्ड (ISSAI) वा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनको व्यावसायिक ढाँचाको घोषणा अनुसार (INTOSAI) मानक | ▪ अद्यावधिक गरिएका र नयाँ विकसित गरिएका मानक निर्देशिकाहरूको सङ्ख्या। | ▪ सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय मापदण्ड र १० भन्दा बढी | आवश्यक परेमा लागु गरिएका मापदण्ड र निर्देशिकाहरू अद्यावधिक भएको हुने। | महालेखा परीक्षकको कार्यालय |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | र निर्देशिकाहरू अद्यावधिक भएको हुने। | | निर्देशिकाहरू लागु गरिएका छन्। | | |
| ७.२.५ | अन्य संवैधानिक निकायहरूसहित सरोकारवालाहरूसँगको सहकार्यलाई सुदृढ पार्ने। | ▪ सहयोगको ढाँचा परिभाषित र सुदृढ पारिएको हुने। | ▪ सहयोगी सरोकारवालाहरूको सङ्ख्या। | ▪ त्यस्तो कुनै सहकार्यको अभिलेख राखिएको छैन। | वित्तीय जवाफदेहितालाई प्रवर्धन गरिएको हुने। | महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय |
| ७.२.६ | अनुगमन लेखापरीक्षण (सम्परीक्षण) र लेखापरीक्षणबाट देखिएका बेरूजुहरू समाधान गर्न सम्बन्धित सार्वजनिक वित्तीय व्यवस्थापन ऐन र नियमहरू संशोधन गर्ने। | ▪ सम्बन्धित ऐन नियम संशोधन गरिएको हुने र अद्यावधिक बेरुजु अंक घटाइएको हुने।<br>▪ लेखापरीक्षण निष्कर्षहरूलाई सम्बोधन गर्न जवाफदेहितामा सुधार गरिएको हुने। | ▪ लेखापरीक्षण सिफारिसहरू लागु गरिएको प्रतिशत।<br>▪ अनुगमन लेखापरीक्षणको सङ्ख्या।<br>▪ अद्यावधिक बेरुजु अंकमा कमी। | ▪ अनुगमनले खापरीक्षण सुस्त रहेको। | नियमित रूपमा अनुगमनलेखापरीक्षण गरिएको हुने। | महालेखा परीक्षकको कार्यालय, सार्वजनिक लेखा समिति |
| ७.२.७ | सर्वकालीन अनुगमन संयन्त्र स्थापना गर्ने र | ▪ वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुअघि र पछि | ▪ एक वर्षमा समाधान गरिएका लेखापरीक्षण | ▪ अनुगमन लेखापरीक्षण | वर्ष भरि अनुगमन गरिएको हुने, र | महालेखा परीक्षकको |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | छुट्टै लेखापरीक्षण अनुगमन प्रतिवेदन तयार गर्ने अभ्यास सुरु गर्ने। | लेखापरीक्षणका निष्कर्षहरूको निरन्तर अनुगमन भएको हुने र छुट्टै अनुगमन प्रतिवेदन पेश गरिएको हुने। | अनियमितताहरूको प्रतिशत।<br>▪ वार्षिक रूपमा अनुगमन प्रतिवेदन प्रकाशित। | को गति सुस्त।<br>▪ अनुगमन प्रतिवेदन छैन। | अनियमितता रकम घटेको हुने। | कार्यालय, अर्थ मन्त्रालय र अन्य मन्त्रालयहरू |
| ७.२.८ | संसदमा लेखापरीक्षण प्रतिवेदनहरू समयमै टेबल गर्न समयमै प्रतिवेदन दिन प्रणाली विकास गर्ने। | ▪ आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र लेखापरीक्षण प्रतिवेदन पेश गरिएको हुने, र १५ दिन भित्र संसदमा लेखापरीक्षण प्रतिवेदन टेबल गरिएको हुने। | ▪ समयसीमा भित्रै प्रतिवेदन पेश | ▪ संसदमा लेखापरीक्षण प्रतिवेदन टेबल गर्न ढिलाइ हुने। | महालेखा परीक्षकको प्रतिवेदन समयमै पेश र संसदमा टेबल गरिएको हुने। | महालेखा परीक्षकको कार्यालय, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७.२.९ | प्रविधिको उपयोग गरेर र कागजविहीन लेखा स्थापना गरेर रिमोट वा फेसलेस लेखा परीक्षणलाई बलियो बनाउने | ▪ लेखा कागजविहीन तरिकाले कायम राखिएको हुने र रिमोट वा फेसलेस लेखा परीक्षण गरिएको हुने। | ▪ कागजविहीन लेखा प्रयोग गर्ने र रिमोट वा फेसलेस लेखापरीक्षण गर्ने संस्थाहरूको सङ्ख्या। | ▪ कागजविहीन लेखा परीक्षण गर्ने गरिएको छैन।<br>▪ रिमोट लेखापरीक्षण | रिमोट वा फेसलेस लेखापरीक्षणको पूर्ण कार्यान्वयन भएको हुने। | महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | | को सीमित सङ्ख्या। | | |
| रणनीतिक उद्देश्य ७.३. वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन र सिफारिसहरूको कार्यान्वयनमा प्रभावकारी संसदीय निगरानी सुनिश्चित गर्ने | | | | का.सू. - ३१ =C | का.सू. - ३१ =C+ | |
| ७.३.१ | सार्वजनिक लेखा समितिको सचिवालयको क्षमता अभिवृद्धि गर्ने। | ▪ उच्च-गुणस्तरको विश्लेषणात्मक, सल्लाहमुखी र प्रशासनिक प्रक्रियाहरू संचालन हुने।<br>▪ सार्वजनिक लेखा समितिको भूमिका थप परिभाषित हुने। | ▪ सार्वजनिक लेखा समितिको अनुसन्धान शाखाद्वारा गरिएका पहलहरूको सङ्ख्या।<br>▪ प्रकाशित प्रतिवेदनहरूको सङ्ख्या।<br>▪ प्रतिवेदन पेश गर्न लाग्ने औसत समय (दिन)। | ▪ सार्वजनिक लेखा समिति सचिवालयमा मानव संसाधनको अपर्याप्त क्षमता।<br>▪ अपर्याप्त प्राविधिक कर्मचारीहरु । | सार्वजनिक लेखा समिति सचिवालय स्रोतसाधन सम्पन्न हुने। | सार्वजनिक लेखा समिति र संसदीय सचिवालय |
| ७.३.२ | संसद सदस्यहरुको निगरानी क्षमता अभिवृद्धि गर्ने। | ▪ लेखापरीक्षण प्रतिवेदनको निगरानी गुणस्तरीय हुने। | ▪ अभिमुखीकरण गरिएका सांसदहरूको सङ्ख्या।<br>▪ लेखापरीक्षण प्रतिवेदन छलफलमा भाग लिने सांसदहरूको सङ्ख्या। | ▪ विद्यमान सांसदहरूको अपर्याप्त प्राविधिक ज्ञान। | सक्षम संसदीय समिति | सार्वजनिक लेखा समिति र अन्य सम्बन्धित समितिहरू |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ७.३.३ | वित्त रणनीतिको आधारमा प्राप्त भएका वित्तीय प्रतिफलहरूको प्रतिवेदन गर्ने संयन्त्र विकास गर्ने। | ▪ परिष्कृत वित्त नीति र बजेट। | ▪ वित्त नीतिको प्रतिफल प्रतिवेदन आन्तरिक रूपमा प्रकाशित। | ▪ हाल नभएको | ▪ वित्त प्रतिफलको आन्तरिक प्रतिवेदन प्रकाशित भएको हुने। | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय |
| ७.३.४ | लेखापरीक्षण कैफियत माथि छलफलमा समय सुनिश्चित गर्ने। | ▪ समयमै बेरूजुको सम्परीक्षण हुने | ▪ महालेखा परीक्षकको प्रतिवेदन छलफल गर्न लागेको समय। | ▪ छलफलमा ढिलाइ हुने गरेको। | ▪ महालेखा परीक्षकका सबै वार्षिक प्रतिवेदनहरू उपर एक वर्षभित्र छलफल हुने। | सार्वजनिक लेखा समिति, महालेखा परीक्षकको कार्यालय |
| ७.३.५ | संसदीय समितिहरूलाई महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन र सार्वजनिक वित्तीय व्यवस्थापन चक्रको अन्य प्रतिवेदनहरुको | ▪ संसदीय छानबिनमा समयानुकूलता र गुणस्तर वृद्धि | ▪ कार्यशाला र अन्तरक्रिया कार्यक्रमहरूको सङ्ख्या। | ▪ आंशिक रूपमा मात्र हुने गरेको | सांसदहरू सार्वजनिक वित्तीय व्यवस्थापनका मुद्दाहरूसँग परिचित भएको हुने।<br><br>कार्यशाला र | संसदीय समितिहरू, अर्थ मन्त्रालय |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | छानबिन गर्न सशक्त बनाउने। | | | | अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन भएको हुने। | |
| ७.३.६ | संसदीय समितिले सम्बन्धित मन्त्रालय र निकायहरूलाई जारी गरेको सिफारिसहरूको कार्यान्वयन स्थितिको अनुगमन गर्न छुट्टै संयन्त्र स्थापना गर्ने। | ▪ सार्वजनिक लेखा समितिद्वारा गरिएका लेखापरीक्षण सिफारिस र निर्णयहरूको अनुगमनमा सुधार हुने<br>▪ वित्तीय निगरानीमा बढ्दो नागरिक संलग्नता भएको। | ▪ संसदीय निगरानिका उपकरण र संयन्त्रहरूको प्रयोग।<br>▪ वार्षिक प्रतिवेदन प्रकाशित।<br>▪ कार्यान्वयन गरिएका सिफारिसहरूको प्रतिशत।<br>▪ सार्वजनिक लेखा समितिद्वारा गरिएका सिफारिसहरूको अनुगमनमा सुधार। | हाल नरहेको। | छुट्टै संयन्त्र स्थापना गरिएको हुने। | सार्वजनिक लेखा समिति |
| ७.३.७ | सार्वजनिक लेखा समितिले प्रयोग गर्ने व्यवस्थापन सूचना प्रणाली (PAC-MIS) को स्तरोन्नति गर्ने र नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली | ▪ सार्वजनिक लेखा समितिले प्रयोग गरेको व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नति गरिएको र प्रयोग गरिएको हुने।<br>▪ सार्वजनिक लेखा समिति व्यवस्थापन सूचना प्रणाली र | ▪ नेपाल लेखापरिक्षण व्यवस्थापन प्रणालीमा सार्वजनिक लेखा समितिको पढ्ने-मात्र पहुँच।<br>▪ सार्वजनिक लेखा समितिले प्रयोग गरेको व्यवस्थापन सूचना प्रणाली र नेपाल | ▪ पहुँच नरहेको | सार्वजनिक लेखा समिति व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नति, सञ्चालन र इन्टरफेस गरिएको हुने। | सार्वजनिक लेखा समिति, महालेखा परीक्षकको कार्यालय |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक | आधाररेखा (२०२५) | लक्ष्य (२०३०) | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | (NAMS) सँग अन्तरआवद्वता स्थापित गर्ने। | नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली अन्तरसञ्चालनयोग्य बनाइएको। | लेखापरीक्षण व्यवस्थापन प्रणालीको अन्तरसञ्चालनयोग्यता। | | | |

अन्तरसम्बन्धित क्षेत्रहरू

यस रणनीतिले नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणको लागि मुख्यतः तीनवटा अन्तरविषयगत क्षेत्रहरू पहिचान गरेको छ। एउटा प्रमुख क्षेत्र **क्षमता विकास** हो। यसमा नेपाल सरकारले तालिमको कमी पहिचान गर्न र तालिम लक्ष्यहरूलाई सरकारी उद्देश्यहरूसँग मिलाउन तालिम आवश्यकता पहिचान सम्वन्धी अध्ययन (TNA) गरेको छ। यस पहलको उद्देश्य सार्वजनिक वित्तीय व्यवस्थापनका प्राविधिक कमजोरीहरूलाई सम्बोधन गरेर स्रोतहरूलाई व्यबस्थित परिचालन गर्ने, कार्यसम्पादन सुधार गर्ने र गुणस्तरीय सेवा प्रदान गर्ने नै हो।

अर्को महत्त्वपूर्ण क्षेत्र **सूचना प्रविधि** हो। सूचना सञ्चार र प्रविधिमा आधारित सार्वजनिक वित्तीय व्यवस्थापनका प्रणालीहरू व्यापक रूपमा विकास गरिएका छन्। यी प्रणालीहरूले बजेटदेखि लेखापरीक्षण, जवाफदेहिता र पारदर्शितासम्मको सम्पूर्ण बजेट चक्रलाई समेट्छन्। एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली अध्ययन प्रतिवेदनद्वारा प्रस्तावित अन्तरिम-अवस्था र अन्तिम-अवस्थाको प्रतिवेदनले सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा सूचना प्रविधि प्रणाली व्यवस्थापनलाई सुधारित र एकीकृत गर्ने लक्ष्य राखेका छन्।

अन्तमा, रणनीतिको केन्द्रबिन्दुमा रहेको छ **जलवायु र लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन**। यसले जलवायु-सम्बन्धित खर्चहरूको अनुगमन (ट्र्याकिङ्) गर्नुपर्ने र बजेट विनियोजन र नीति कार्यान्वयनमार्फत लैङ्गिक समानतालाई प्रवर्धन गर्नुपर्ने आवश्यकतामाथि जोड दिन्छ। यी प्रयासहरूले जलवायु र लैङ्गिक समानताका उद्देश्यहरूसँग वित्तीय नीतिको सामञ्जस्य मिलाउने लक्ष्य राख्छन्।

## अन्तरविषयगत क्षेत्रहरूका लागि नतिजा खाका

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक |
|---|---|---|---|
| अन्तरविषयगत क्षेत्र १: क्षमता विकास | | | |
| १.१ | क्षमता विकासको योजना तर्जुमा र कार्यान्वयन गर्ने (तालिम आवश्यकताको मूल्याङ्कन TNA द्वारा पहिचान भएका विषयगत क्षमता विकास कार्यक्रमहरू आयोजना गर्ने) | ▪ स्तरीकृत क्षमता विकास कार्यक्रम लागु गरिने | ▪ आयोजना गरिएको क्षमता विकास कार्यक्रमहरूको सङ्ख्या<br>▪ क्षमता विकास कार्यक्रमहरू भइसकेपश्चात् गरिने ज्ञानको आदानप्रदान कार्यक्रमको सङ्ख्या |
| १.२ | क्षमता विकास कार्यक्रम/परिणामहरूको आवधिक समीक्षा र निरन्तर सुधारको लागि योजना अद्यावधिक गर्ने | ▪ तीन तहका सरकारी कार्यालयहरूमा प्रभावकारिता र कुशलता बढ्ने<br>▪ पारदर्शिता र शासकीय प्रणाली सम्बन्धीत सूचकहरूमा सुधार हुने | ▪ कार्यक्रममा सहभागिता पश्चात् सोही सेवा केन्द्रमा सेवारत कर्मचारीको प्रतिशत<br>▪ क्षमता विकास योजनाको प्रभावकारिता झल्काउने सफलताका कथा तथा मामिला अध्ययनहरू |
| १.३ | सार्वजनिक वित्तीय व्यवस्थापन तालीम केन्द्रलाई सार्वजनिक वित्तीय व्यवस्थापन क्षेत्रको विशिष्टिकृत संस्थाको रुपमा रूपान्तरण गर्ने | ▪ सार्वजनिक वित्तीय व्यवस्थापन तालीम केन्द्रको संस्थागत क्षमता स्तरोन्नति | ▪ आदानप्रदान गरिएका क्षमता निर्माणसँग सम्बन्धित असल अभ्यासहरू र सिकेका पाठहरूको सङ्ख्या |
| १.४ | विषयगत सेवा समूहहरूको पेश दक्षता अभिवृद्धि गर्ने | ▪ सेवा समूह भित्र व्यावसायिकीकरण<br>▪ प्रत्येक समूहमा प्रमाणीकरण पाठ्यक्रमहरू (जस्तै, आन्तरिक लेखापरीक्षण, कर लेखापरीक्षण) लागु गर्ने। | ▪ व्यावसायिक पाठ्यक्रमहरूको तर्जुमा र कार्यान्वयन<br>▪ तालीम नीतिको परिमार्जन हुने। |
| अन्तरविषयगत क्षेत्र २: सूचना प्रविधि | | | |
| २.१ | एकीकृत वित्तीय व्यवस्थापन | ▪ सार्वजनिक वित्तीय | ▪ अन्तरिम एकीकृत वित्तीय |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक |
|---|---|---|---|
| | सूचना प्रणाली प्रतिवेदनका सिफारिसहरू र कार्ययोजनाको कार्यान्वयन गर्ने | व्यवस्थापनसँग सम्बन्धित विभिन्न सूचना प्राविधिका प्रणालीहरू एकीकृत गरिएको | व्यवस्थापन सूचना प्रणाली प्रतिवेदनको मार्गचित्र लागु र दीर्घकालीन मार्गचित्रको लागि आधार विकास |
| २.२ | सरकारका तीनै तहका विभिन्न सूचना प्रविधि प्रणालीहरूको अन्तर सञ्चालनयोग्यता | ▪ सरकारका तीनै तहका सूचना प्रविधि प्रणालीहरू अन्तरसञ्चालनयोग्य हुने<br>▪ क्षेत्रगत सूचना प्रविधि प्रणालीहरू अन्तरसञ्चालनयोग्य (VRS, बजेट तर्जुमा र प्रतिवेदन प्रणाली)<br>▪ एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल बन्ने | ▪ एकीकरणको लागि सूचना प्रविधि प्रणालीको नीति र पूर्वाधार सक्षम पारिएको हुने |
| २.३ | स्वास्थ्य र शिक्षा क्षेत्रमा विशेष ध्यान केन्द्रित गर्दै गैर बजेटरी एकाइहरूको लागि व्यवस्थापन सूचना प्रणालीको विकास र एकीकरण | ▪ राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीसँग गैर बजेटरी एकाइहरूको प्रणाली एकीकृत भएको | ▪ स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, शिक्षा व्यवस्थापन सूचना प्रणाली लगायत गैर बजेटरी एकाइहरूको अन्य व्यवस्थापन सूचना प्रणालीहरू सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीसँग एकीकरण |
| २.४ | राष्ट्रिय भुक्तानी प्रणाली विकास गर्ने | ▪ सार्वजनिक सेवा र सामाजिक सुरक्षा, छात्रवृत्ति, राहत सहायता, अनुदान, आदि जस्ता सेवा सुविधाहरु एउटै प्रणालीमार्फत प्रदान गरिने | ▪ राष्ट्रिय परिचयपत्र र अन्य सरकारी सूचना प्रविधि प्रणालीहरूसँग राष्ट्रिय भुक्तानी प्रणाली एकीकृत हुने |
| २.५ | सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा विद्युतीय शासन संरचनाको | ▪ सुधार प्रक्रियामा विद्युतीय शासन संरचना सुव्यवस्थित | ▪ आचार संहिता, तथ्याङ्क मानक, र सफ्टवेयर सूत्रीकरणका मापदण्डहरू |

| क्र.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक |
|---|---|---|---|
| | विकास र कार्यान्वयन | हुने | लागु भएको |
| २.६ | सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी जानकारीमा नागरिकको बढ्दो पहुँच | ▪ पारदर्शिता र नागरिक संलग्नताको बढोत्तरी हुने | ▪ नागरिक संलग्नता रणनीति लागु भएको |
| २.७ | सार्वजनिक सेवा वितरण र निर्णय लिने प्रक्रियामा बिग डाटा व्यवस्थापन र बिजिनेस इन्टेलिजेन्सको प्रयोग | ▪ निर्णय लिने प्रक्रियामा सार्वजनिक वित्तीय व्यवस्थापनको तथ्याङ्क प्रयोग हुने<br>▪ नागरिकको पहुँचयुक्त व्यवस्थापन ड्यासबोर्ड बन्ने | ▪ व्यावसायिक जानकारी (बिजिनेस इन्टेलिजेन्स) तथा तथ्याङ्क भण्डारणका (warehouse) अवधारणाहरू लागु भएको<br>▪ सान्दर्भिक मापदण्डहरूद्वारा निर्देशित तथ्याङ्क भण्डारण र तथ्याङ्क वर्गीकरण |
| २.८ | फोरेन्सिक अध्ययनसहित आवधिक रूपमा सूचना प्रविधिको प्राविधिक परीक्षण, जोखिम न्यूनीकरणका उपायहरूको कार्यान्वयन | ▪ सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीहरूमा जोखिम न्यूनीकरणका पक्षहरू समावेश भएको | ▪ आवधिक रूपमा सूचना प्रविधिको प्राविधिक परीक्षण र सुरक्षाजन्य परीक्षण<br>▪ वैध (इथिकल) ह्याकिङमार्फत प्रणाली परीक्षण गर्ने। |
| अन्तरविषयगत क्षेत्र ३: *जलवायु र लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन* | | | |
| ३.१ | लैङ्गिक मुद्दा र जलवायु परिवर्तनप्रति सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप बजेट ढाँचा अद्यावधिक गर्ने | ▪ लैङ्गिक-उत्तरदायी र जलवायु-उत्तरदायी बजेट तर्जुमा हुने<br>▪ प्रमुख बजेटका दस्तावेज र वित्तीय प्रतिवेदनहरूमा लैङ्गिक र जलवायु बजेटको परिणामको लेखाजोखा र प्रतिवेदन गरिने | ▪ गतिविधिहरूको चार्टमा उपसमूह स्तरमा लैङ्गिक र जलवायु कोडहरू समावेश हुने<br>▪ बजेट परिपत्रहरूमा लैङ्गिक-उत्तरदायी बजेटको निर्देशन समावेश हुने<br>▪ सरकारका तीनै तहका योजना र बजेट निर्देशिकाहरूमा जलवायु र लैङ्गिक आयामहरूको अद्यावधिक गर्ने |
| ३.२ | बजेट तर्जुमा र प्रस्तावको क्रममा प्रभाव विश्लेषणका सिफारिसहरू समावेश गर्ने | ▪ राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र | ▪ राष्ट्रिय योजना आयोगको परियोजना छनोट निर्देशिका र अर्थ मन्त्रालयको बजेट |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक |
|---|---|---|---|
| | | सम्बन्धित मन्त्रालयहरूद्वारा तीनै तहमा प्रभाव विश्लेषण गरिने<br>▪ सम्बन्धित मन्त्रालयहरूको वार्षिक प्रतिवेदनमा लैङ्गिक र जलवायु नीतिको प्रभाव समावेश हुने | तर्जुमा निर्देशिकामा प्रभाव विश्लेषण समावेश हुने<br>▪ मध्यमकालीन खर्च संरचना तथा अन्य बजेटसम्बद्ध प्रतिवेदनहरूमा लैङ्गिक र जलवायु बजेट लेखाजोखाको प्रभावको विश्लेषण गरिने |
| ३.३ | लैङ्गिक तथा जलवायु-उत्तरदायी सार्वजनिक लगानी व्यवस्थापन | ▪ सार्वजनिक लगानी व्यवस्थापन (PIM) को लैङ्गिक तथा जलवायु आवश्यकताहरूको दृष्टिकोणबाट मूल्याङ्कन गरिने | ▪ राष्ट्रिय परियोजना बैङ्क निर्देशिकामा लैङ्गिक तथा जलवायु प्रभाव विश्लेषणको लागि एउटा खण्ड समावेश हुने |
| ३.४ | जलवायु परिवर्तन र लैङ्गिक उत्तरदायी सूचकहरूमा आधारित बजेट खाकाको आवधिक मूल्याङ्कन | ▪ लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन (GRPFM) र जलवायु उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन (CRPFM) मूल्याङ्कनका सिफारिसहरूको कार्यान्वयन हुने | ▪ लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन र जलवायु उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापनको खाका तर्जुमा र कार्यान्वयन हुने<br>▪ आवधिक मूल्याङ्कन प्रतिवेदनहरूमा लैङ्गिक तथा जलवायु आयामहरू समावेश हुने |
| ३.५ | खण्डित तथा विस्तृत डाटाबेसको विकास | ▪ लैङ्गिक तथा जलवायु-उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयनतर्फ प्रमाणमा आधारीत निर्णय लिने कार्यमा सहयोगको लागि खण्डित र विस्तृत | ▪ वार्षिक वा वर्षको अन्त्यमा आउने प्रतिवेदनमा सेवा प्रवाहका कार्यक्रमहरूमा लैङ्गिक तथा जलवायुका अधारमा खण्डित जानकारी समावेश हुने |

| क.सं | सुधार गतिविधि | अपेक्षित नतिजा | नतिजा सूचक |
|---|---|---|---|
| | | जानकारीको उपलब्धता भएको। | |
| ३.६ | क्रमिक रूपमा हरित खरिद विधिको अवलम्बन | ▪ खरिद प्रक्रियामा हरित र जलवायु-मैत्री अभ्यासहरू गरिने | ▪ हरित र जलवायु-मैत्री मापदण्ड पूरा गर्ने खरिदको प्रतिशत<br>▪ विद्युतीय सार्वजनिक खरिद प्रणालीद्वारा प्रणाली नियन्त्रणमार्फत जलवायु-उत्तरदायी आवश्यकताहरूको सम्बोधन भएको |
| ३.८ | लैङ्गिक र जलवायु प्रभावहरूमा संसदीय निगरानी र नियन्त्रण | ▪ लैङ्गिक र जलवायु प्रभाव परीक्षण भएको | ▪ महालेखा परीक्षकको कार्यालय र सार्वजनिक लेखा समितिद्वारा छुट्टै लैङ्गिक प्रभाव लेखापरीक्षण गरी छुट्टै प्रतिवेदन जारी गरिएको हुने ।<br>▪ लैङ्गिक लेखापरीक्षणको मामिलामा नेपाल लेखापरीक्षण ऐन, २०७५ को अनुपालन भएको। |

## ५. कार्यान्वयन व्यवस्था

### ५.१ संस्थागत व्यवस्था

राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको सफल कार्यान्वयनको लागि सरकारका सबै तहहरूमा समन्वय सुनिश्चित गर्न सक्ने प्रकारको बलियो संस्थागत व्यवस्था आवश्यक हुन्छ। पछिल्लो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा अर्थ मन्त्रालय FFCD भित्र एक सार्वजनिक वित्तीय व्यवस्थापन सुधार शाखा स्थापना भएको छ। यो शाखाले राष्ट्रिय वित्तीय नीतिहरू अनुरूप सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका योजना तर्जुमा, अनुगमन र मूल्याङ्कनको लागि केन्द्रीय एकाइको रूपमा काम गर्नेछ। सार्वजनिक वित्तीय व्यवस्थापन निर्देशक समिति र प्राविधिक समितिमा प्रदेश र स्थानीय तह प्रतिनिधित्व पनि सुनिश्चित गरिएको छ। यी संरचनात्मक परिवर्तनहरूलाई सम्बोधन गर्न साविकको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्य सञ्चालन निर्देशिका, २०७५ लाई परिमार्जन गरी सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्य सञ्चालन निर्देशिका, २०८२ जारी गरिएको छ।

कार्यान्वयन रणनीति सुव्यवस्थित गर्न र सोको दक्षता बढाउन, एकल द्वार प्रणाली सुरु गरिनेछ। यस एकद्वार प्रणालीले सरकारका तीनै तहहरूमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार सम्बन्धी सबै क्रियाकलापहरू यसै संयन्त्रमार्फत हुने सुनिश्चित गर्नेछ। यो संयन्त्रले सङ्घीय, प्रादेशिक तथा स्थानीय तह र सार्वजनिक वित्तीय व्यवस्थापन सुधारमा सहयोग गर्ने विकास साझेदार संस्थाहरू बीच निर्बाध सञ्चार र तथ्याङ्क आदान-प्रदानलाई सहज बनाउनेछ। यसले स्रोतको दोहोरोपन तथा विकास साझेदार मार्फत एक्ला एक्लै गरिने सुधारका गतिविधिलाई कम गर्न र यसै रणनीतिको प्रभावकारी कार्यान्वयनमा योगदान पुऱ्याउनेछ। प्रादेशिक र स्थानीय तहका हकमा प्रादेशिक र स्थानीय प्राथमिकताहरू राष्ट्रिय उद्देश्यहरू अनुरूप छन् भनी सुनिश्चित गर्दै सार्वजनिक वित्तीय व्यवस्थापन सुधारमा काम गर्न निर्दिष्ट एकाइ गठन गर्न सकिनेछ।

प्रदेश र स्थानीय तहले सङ्घीय सरकारसँगको समन्वयमा आ-आफ्नो सुधार रणनीति विकास गर्न सक्नेछन्। त्यसका लागि यो रणनीतिले एक सन्दर्भ दस्तावेजको रूपमा काम गर्नेछ।

### ५.२. स्रोतको व्यवस्था

सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिलाई प्रभावकारिता र दिगोपना सुनिश्चित गर्न बहुक्षेत्रीय सहयोगको आवश्यकता पर्नेछ। एक मार्गदर्शक दस्तावेजको रूपमा, रणनीतिले समग्र रूपरेखा प्रदान गर्नेछ, र संस्थागत कार्यान्वयन योजनाहरूले कार्यान्वयनको लागि आवश्यक कार्यहरू र सो अनुरूप आवश्यक बजेटको विवरण दिनेछ। प्रत्येक संस्थाले सरकारका सबै तहहरूसँग समन्वय गर्दै र सामूहिक लक्षका आधारमा हुने आफ्नो विशिष्ट योजनामार्फत आवश्यक स्रोतहरूको पहिचान र विनियोजन गर्नेछन्।

रणनीतिलाई कार्यान्वयन गर्न नेपाल सरकारले एकद्वार प्रणालीमार्फत समन्वयात्मक रुपमा विकास साझेदारहरूसँग सहकार्य गर्नेछ।वार्षिक बजेट र राज्य कोषमा समावेश गरी खर्च गरिने विकास प्रभावकारिताको लागि सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (PFMDEP) आफैंमा भने

यस रणनीतिको कार्यान्वयनलाई स्रोत व्यवस्थापन गर्ने धेरै तरिकाहरू मध्ये एक हुनेछ। विकास साझेदारहरूले कुशल स्रोत परिचालन र व्यवस्थापनको लागि एकल द्वार प्रणालीको लाभ उठाउँदै रणनीतिको उद्देश्यपूर्तिका लागि सहयोग गर्न सक्नेछन्।

यसका अलावा नेपाल सरकारले स्रोतको न्यूनता पूरा गर्न र सुधार एजेन्डाको स्वामित्व सुनिश्चित गर्न निरन्तर आवश्यक स्रोतको सुनिश्चितता गर्नेछ। यसमा वाञ्छित परिणामहरू हासिल गर्न संघीय, प्रदेश र स्थानीय तहको बजेटले समेत मद्दत गर्नेछ। यस रणनीतिले घरेलु तथा बाह्य स्रोतलाई संयोजन गर्दै एक उत्थानशील सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली स्थापना गर्ने लक्ष्य राखेको छ।

## ५.३. अनुगमन र मूल्याङ्कन

अनुगमन, मूल्याङ्कन र सिकाइ यस सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको प्रभावकारी कार्यान्वयनको एउटा महत्त्वपूर्ण अवयव हो । अनुगमन, मूल्याङ्कन र सिकाइ योजनाले विगतका सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका पहलहरू र अन्तर्राष्ट्रिय असल अभ्यासहरूबाट सिकिएका पाठहरूलाई एकीकृत गर्दछ, र कार्यान्वयनको क्रममा प्रारम्भिक चेतावनी प्रणालीको रूपमा काम गर्दछ। यो योजना सार्वजनिक खर्च र वित्तीय जवाफदेहिता ढाँचा जस्ता विश्वव्यापी मापदण्डहरूसँग मात्र मिल्दोजुल्दो नभई वैधता र दिगोपनको सुनिश्चितताको लागि भनी यसमा विशेष राष्ट्रीय परिवेश पनि समावेश गरिएका छन्। त्यसैगरी, सार्वजनिक खर्च ट्र्याकिङ सर्वेक्षण (PETS) जस्ता परिमाणात्मक सर्वेक्षणहरू पनि छन् जसले स्रोतलाई उत्पत्तिदेखि गन्तव्यसम्म ट्र्याक गर्ने गर्छ। यस्ता सर्वेक्षणहरूले सार्वजनिक सेवाको आपूर्ति पक्षको मूल्याङ्कन गरी विनियोजित स्रोतहरू मध्ये कति तिनीहरूको अन्तिम गन्तव्यसम्म पुग्छन् र त्यहाँसम्म पुग्न तिनीहरूलाई कति समय लाग्छ भनेर लेखाजोखा गर्ने काम गर्छन्।

अनुगमन, मूल्याङ्कन र सिकाइ प्रणाली, प्रगतिको मूल्याङ्कन गर्ने, अवरोधहरूको पहिचान गर्ने र सुधारका प्रयासहरूले सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा अर्थपूर्ण परिवर्तन ल्याउने कुरा सुनिश्चित गर्नमा केन्द्रित हुन्छ। सार्वजनिक वित्तीय व्यवस्थापन सुधारलाई सघन अनुगमन र मूल्याङ्कनको आवश्यक पर्दछ। यस्ता अनुगमनले संस्थागत र प्रणालीगत परिवर्तनहरू कसरी लागु गरिएका छन् भनेर पहिचान गर्दै सुधारका उपायहरूको कार्यान्वयनलाई समेट्नु पर्ने हुन्छ। निश्चित अवधिमा सजगतापूर्वक स्थापित लक्ष्य र परिणामहरू सहितको दिगो समीक्षा अभ्यासहरूका माध्यमबाट तोकिएको लक्ष्य हासिल गर्न सकिन्छ, र यस पाटोलाई यस संशोधित र अद्यावधिक गरिएको नयाँ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिमा समेट्न सकिन्छ। यसको लागि निम्न कार्यहरू गर्न आवश्यक छ:

१. उद्देश्यहरू अनुरूप कार्यसम्पादनका कोशेढुङ्गा र सूचकहरू तय गर्ने।

२. यी कोसेढुङ्गाहरूको बस्तुपरक मापन गर्ने।

३. सम्भव भएसम्म प्रत्येक वर्ष एक पटक सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसम्पादन प्रतिवेदन तयार पार्ने र यसको प्रसार गर्ने।

४. प्रकृया वा संस्थागत गतिविधिहरूको सट्टा परिणामहरूको मूल्याङ्कन गरेर प्रगति मापन गर्ने।

अनुगमन, मूल्याङ्कन र सिकाइ कार्यको कार्यान्वयन गर्न, मन्त्रिपरिषदबाट सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति स्वीकृत भएको दुई महिना भित्र विस्तृत अनुगमन, मूल्याङ्कन र सिकाइको योजना विकास गरिनेछ। सङ्घीय सरकारको अर्थ मन्त्रालयमातहत रहेको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार इकाई अनुगमन, मूल्याङ्कन र सिकाइको योजना विकास र कार्यान्वयन गर्ने केन्द्रीय निकाय हुनेछ। सार्वजनिक वित्तीय व्यवस्थापन सुधार इकाईमा रहने अनुगमन, मूल्याङ्कन र सिकाइ टोली यस कार्यको लागि जिम्मेवार रहनेछ। यस सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिमा प्रस्तावित अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाको मुख्य विशेषताहरू र ढाँचा अनुसूची २ मा प्रदान गरिएका छन्।

यी संयन्त्रहरू बाहेक, निगरानीको भूमिका अझ विशेष गरी संसदीय समितिहरुः सार्वजनिक लेखा समिति, अर्थ समिति (सङ्घीय र प्रादेशिक) र महालेखापरीक्षकको कार्यालयले गर्ने निगरानी महत्त्वपूर्ण हुनेछ। विभिन्न प्रतिवेदनहरु पेश गर्न लगाई त्यसमा बहस र प्रश्नहरू गर्दै सार्वजनिक वित्तीय व्यवस्थापन लगायतका मुद्दाहरूको उठान र व्याख्या गर्दै/गराउँदै संसदीय समितिहरूको प्रभावकारी सञ्चालन मार्फत सार्वजनिक वित्तीय व्यवस्थापनको संसदीय निगरानीलाई मजबुद बनाउन आवश्यक छ। त्यसै गरी, प्रभावकारी निगरानी र उत्कृष्ट अभ्यास सुनिश्चित गर्न अन्तर्राष्ट्रिय निकायहरू, विकास साझेदार आदिबाट पृष्ठपोषण लिन पनि उत्तिकै आवश्यक छ।

सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको सर्वोच्च निकायको रूपमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिले सुधारका पहलहरूको सुपरिवेक्षण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ। यसले विभिन्न कार्यान्वयन निकायहरूद्वारा गरिएका प्रगतिको मूल्याङ्कन गर्न आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्दछ, र सोही अनुरूप प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सार्वजनिक वित्तीय व्यवस्थापन सुधार इकाई र अन्य सरोकारवालाहरूलाई नीतिगत मार्गदर्शन प्रदान गर्दछ। कार्ययोग्य पूर्वाधार, सुशासन र कार्यान्वयनयोग्य नीतिहरू सुनिश्चित गरी नागरिक समाज, निजी क्षेत्र, व्यावसायिक संस्थाहरू लगायत सबै सरोकारवालाहरूलाई सुधार प्रक्रियामा सक्रिय रूपमा संलग्न गराउन पनि उत्तिकै आवश्यक छ।

यसका अतिरिक्त, सार्वजनिक वित्तीय व्यवस्थापन सुधार शाखाले सरकारको तीनै तहमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका गतिविधिहरूको प्रभावकारी कार्यान्वयनको लागि "सार्वजनिक वित्तीय व्यवस्थापन सुधार सञ्चालन निर्देशिका" को समीक्षा गर्ने र त्यसलाई अद्यावधिक गर्ने कार्य गर्नेछ। एक प्रमुख शाखाको रूपमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार शाखाले प्रभावकारी समन्वय र सहजीकरण मार्फत नियमित रूपमा कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्नेछ।

प्रत्येक कार्यान्वयन इकाईले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको प्रगति नियमित रूपमा ट्र्याक गर्न राष्ट्रिय रणनीतिक ढाँचा र इकाईगत कार्यान्वयन योजनाको आधारमा आफ्नो अनुगमन ढाँचा विकास गर्नेछ। यस्तो ढाँचाको विकास गर्दा देशको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको सुदृढता र सार्वजनिक लगानीको प्रतिफलको बीचको सम्बन्धलाई विशेष ध्यान दिन आवश्यक छ। यसले रणनीतिको कार्यान्वयनको प्रगति र यसको क्रममा सामना गरिएका

चुनौतीहरूको बारेमा सार्वजनिक वित्तीय व्यवस्थापन निर्देशक समितिलाई विस्तृत जानकारी प्रदान गर्दै अर्को चरणमा के-के सुधार गर्ने भन्ने जस्ता प्रश्नाको पनि उत्तर प्रदान गर्दछ।

प्रगतिको समीक्षा गर्न, कार्यान्वयनका क्रममा देखा परेका समस्याहरूको उपर छलफल गर्न र उपयुक्त निर्णयहरू लिनको लागि सम्बन्धित मन्त्रालयहरूको माननीय मन्त्रीको अध्यक्षतामा रहेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को व्यवस्था गरिएको छ। राष्ट्रिय योजना आयोगबाट प्राप्त हुने अनुगमन र मूल्याङ्कन निर्देशिकाले समग्र समीक्षालाई दिशानिर्देश गर्ने गर्दछ। यसले शासकीय प्रणालीको समग्र सुधारको लागि मार्गचित्र प्रदान गर्दै हालको अनुगमन र मूल्याङ्कन प्रणालीलाई मूलधारमा ल्याउन सहयोग गर्नेछ। साथै, आवधिक सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता मूल्याङ्कनले हासिल गरेका प्रगतिलाई चित्रण गर्दै, सोका थप सबल र दुर्बल पक्षहरूको पनि पहिचान गर्दै सार्वजनिक वित्तीय व्यवस्थापन चक्र अन्तर्गत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार प्रक्रियामा आवश्यक सुधारहरूको पनि निक्यौंल गर्नेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

६. अनुसूचीहरू

## अनुसूची १

### तेस्रो सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता मूल्याङ्कन अङ्क

कार्यसम्पादन सूचकका आधारमा तेस्रो सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता मूल्याङ्कनको सारांश

| सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसम्पादन सूचक | | गणनाको विधि | आयाम अनुसार प्राप्ताङ्क | | | | समग्र प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | i. | ii. | iii. | iv. | |
| **१. बजेटको विश्वसनीयता** | | | | | | | |
| का.सू.-१ | कुल खर्च परिणाम | विधि १ | D | | | | D |
| का.सू.- २ | व्यय संरचना परिणाम | विधि १ | D | D | A | | D+ |
| का.सू.-३ | राजस्व परिणाम | विधि २ | D | C | | | D+ |
| **२. सार्वजनिक वित्तको पारदर्शिता** | | | | | | | |
| का.सू.-४ | बजेट वर्गीकरण | विधि १ | A | | | | A |
| का.सू.-५ | बजेट दस्तावेजीकरण | विधि १ | C | | | | C |
| का.सू.-६ | वित्तीय प्रतिवेदनभन्दा बाहिर रहने प्रकारका केन्द्रीय सरकारका गतिविधिहरू | विधि २ | D | D | D | | D |
| का.सू.-७ | उप-राष्ट्रिय सरकारहरूमा हस्तान्तरण | विधि २ | B | C | | | C+ |
| का.सू.-८ | सार्वजनिक सेवाको वितरण बारे कार्यसम्पादनको जानकारी | विधि २ | B | B | A | B | B+ |
| का.सू.-९ | वित्त जानकारीमा सार्वजनिक पहुँच | विधि १ | C | | | | C |
| **३. सम्पत्ति र दायित्वको व्यवस्थापन** | | | | | | | |
| का.सू.-१० | वित्त जोखिम बारे जानकारी | विधि २ | D | D | D | | D |
| का.सू.-११ | सार्वजनिक लगानी व्यवस्थापन | विधि २ | C | B | B | C | C+ |
| का.सू.-१२ | सार्वजनिक सम्पत्ति व्यवस्थापन | विधि २ | B | C | D | | C |
| का.सू.-१३ | ऋण व्यवस्थापन | विधि २ | C | B | D | | C |
| **४. नीतिमा आधारित वित्त रणनीति र बजेट** | | | | | | | |
| का.सू.-१४ | समष्टिगत आर्थिक तथा वित्त पूर्वानुमान | विधि २ | D | C | D | | D+ |
| का.सू.-१५ | वित्त रणनीति | विधि २ | D | D | D | | D |
| का.सू.-१६ | व्यय बजेटमा मध्यमकालीन दृष्टिकोण | विधि २ | C | A | C | D | C+ |

| सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसम्पादन सूचक | | गणनाको विधि | आयाम अनुसार प्राप्ताङ्क | | | | समग्र प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | i. | ii. | iii. | iv. | |
| का.सू.-१७ | बजेट तयारी प्रक्रिया | विधि २ | B | A | C | | B |
| का.सू.-१८ | बजेटको संसदीय छानबिन | विधि १ | C | C | A | B | C+ |
| ५. बजेट कार्यान्वयनम अनुमानयोग्यता र नियन्त्रण | | | | | | | |
| का.सू.-१९ | राजस्व प्रशासन | विधि २ | A | C | D | B | C+ |
| का.सू.-२० | राजस्वको लेखाङ्कन | विधि १ | B | A | C | | C+ |
| का.सू.-२१ | वार्षिक स्रोत विनियोजनको पूर्वानुमान | विधि २ | C | D | A | A | B |
| का.सू.-२२ | व्यय बक्यौता | विधि १ | A | C | | | C+ |
| का.सू.-२३ | तलब नियन्त्रण | विधि १ | B | A | B | C | C+ |
| का.सू.-२४ | खरीद व्यवस्थापन | विधि २ | D | D* | B | B | C |
| का.सू.-२५ | गैर-तलब खर्चमा आन्तरिक नियन्त्रण | विधि २ | C | D | A | | C+ |
| का.सू.-२६ | आन्तरिक लेखापरीक्षण | विधि १ | A | D | A | D | D+ |
| ६. लेखा र रिपोर्टिङ | | | | | | | |
| का.सू.-२७ | वित्तीय तथ्याङ्कको सत्यनिष्ठा | विधि २ | B | NA | B | B | B |
| का.सू.-२८ | वार्षिक बजेट प्रतिवेदनहरू | विधि १ | C | A | C | | C+ |
| का.सू.-२९ | वार्षिक वित्तीय प्रतिवेदनहरू | विधि १ | C | B | C | | C+ |
| ७. बाह्य निरीक्षण र लेखापरीक्षण | | | | | | | |
| का.सू.-३० | बाह्य लेखापरीक्षण | विधि १ | B | D | B | C | D+ |
| का.सू.-३१ | लेखापरीक्षण प्रतिवेदनहरूको व्यवस्थापिकाबाट हुने निरीक्षण | विधि २ | D | C | C | B | C |

## अनुसूची २

### अनुगमन, मूल्याङ्कन र सिकाइ योजनाका मुख्य विशेषताहरू

अनुगमन, मूल्याङ्कन र सिकाइ योजनाले विकासको अनुगमन, कार्यसम्पादनको मूल्याङ्कन र सिकाइको प्रवर्धनलाई मार्गनिर्देश गर्दछ। प्रत्येक गतिविधि सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको समग्र उद्देश्यहरूसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्न यसले नतिजामा आधारित दृष्टिकोण अपनाउँछ। सिकेका पाठहरू निरन्तर रूपमा लागु होऊन् भन्ने हेतुले यस रणनीतिले पारदर्शिता, जिम्मेवारी र लचिलोपनमा खास जोड दिन्छ। यस अतिरिक्त, यसले अनुगमन र मूल्याङ्कन प्रक्रियाको आवश्यक अवयवको रूपमा तथ्याङ्कमा आधारित निर्णय लिने अभ्यास र बहु-सरोकारवालाहरुको सहभागितालाई जोड दिन्छ।

सार्वजनिक वित्तीय व्यवस्थापन सुधार अनुगमन,
मूल्याङ्कन र सिकाइ योजनाका प्रमुख विशेषताहरू




### क. ज्ञानको व्यवस्थापन चक्र अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाको मूल हिस्सा

ज्ञानको व्यवस्थापन अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाको आधार हो। यसले सुधारका लागि तथ्याङ्क र सिकाइहरूको प्रभावकारी उपयोग सुनिश्चित गर्दछ। यस चक्रका अवयवहरू निम्नानुसार रहेका छन्:

- **ज्ञानको उत्पादनः** सुधारको प्रगति मापन गर्न एकीकृत तथ्याङ्कआधार (डाटाबेस), वित्तीय प्रतिवेदन, लेखा परीक्षण, र सरोकारवालाहरूको प्रतिक्रियासहित विभिन्न स्रोतहरूबाट खण्डीकृत तथ्याङ्क र प्रमाणहरू सङ्कलन।
- **ज्ञानको अभिलेखनः** संस्थागत स्मृति सुरक्षित गर्न कार्यान्वयनको क्रममा सिकेका पाठहरू, मुद्दागत आधारमा पहिचान गरिएका विषयहरू, सफलताका कथाहरू, त्यस्तै गरी उत्तम अभ्यासहरू, र चुनौतीहरूको अभिलेखीकरण।
- **ज्ञानको भण्डारणः** पुनः प्राप्त गर्न र प्रयोग गर्न सजिलो ढाँचामा तथ्याङ्क र प्रमाणहरू भण्डारण गर्न पहुँचयोग्य भण्डारको स्थापना।
- **ज्ञानको प्रसारः** सबै तहका सरोकारवालाहरूलाई संलग्न गराउन कार्यशाला, प्रतिवेदन, र विद्युतीय माध्यमहरूमार्फत निष्कर्षहरूको प्रसार।

* **ज्ञानको प्रयोगः** निर्णय प्रक्रियालाई सुधार गर्न, नीतिहरू परिष्कृत गर्न र सुधार प्रक्रियाको प्रभावकारिता बढाउन ज्ञान चक्रबाट पहिचान गरिएका सिकाइहरूको अनुप्रयोग।

**ख. सिकाइसम्बन्धी प्रश्नहरूले अनुगमन, मूल्याङ्कन र सिकाइका कार्यहरूलाई परिस्कृत गर्ने।**

अनुगमन, मूल्याङ्कन र सिकाइको योजना रणनीतिको प्रभावकारिता मूल्याङ्कन गर्न तयार गरिएका सिकाइका प्रश्नहरूद्वारा सञ्चालित हुन्छ। यी मार्गदर्शक प्रश्नहरूले प्रगति मापन गर्न र सुधारका क्षेत्रहरू पहिचान गर्न मद्दत गर्छन्। उदाहरणका लागिः

* सेवा प्रवाहमा उत्कृष्टता हासिल गर्न सहयोग पुऱ्याउने किसिमको विश्वसनीय सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली प्राप्त गर्ने हिसाबले कार्यान्वयन कत्तिको सफल भएको छ?
* कुन नीति, संस्थागत ढाँचा, वा प्रक्रियाले प्रगतिमा योगदान वा बाधा पुऱ्याएका छन्?

अनुगमन, मूल्याङ्कन र सिकाइको योजनामा उल्लिखित यी र अन्य प्रश्नहरूको जवाफले रणनीति विकसित चुनौती र अवसरहरूप्रति अनुकूल र उत्तरदायी रहन्छ भन्ने कुरा सुनिश्चित गर्दछन्।

वार्षिक समीक्षा सिकाइका प्रश्नहरूमा आधारित हुनेछन् र ती समीक्षाले आगामी वर्षहरूमा सिकाइका प्रश्नहरूलाई परिमार्जित गर्दै लानेछन्। यस बाहेक, समग्र सिकाइका प्रश्नहरूले सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति कार्यान्वयनको स्वतन्त्र मूल्याङ्कनलाई पनि मार्गदर्शन गर्नेछन्।

**ग. प्राथमिकताdf अन्तरसङ्गठनात्मक र अन्तरसरकारी तवरमा सिकाइको आदानप्रदान।**

यो अनुगमन, मूल्याङ्कन र सिकाइको योजना सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको सफलताको लागि विभिन्न संस्था र सरकारी तहहरू बीच सिकाइको आदानप्रदान आवश्यक छ भन्ने सिद्धान्तमा आधारित छ। रणनीतिमा परिकल्पना गरिएका सुधारका कार्यहरू राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखा नियन्त्रकको कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र सार्वजनिक लेखा समिति जस्ता विभिन्न निकायहरूमार्फत कार्यान्वयन गरिनेछ। संस्थाहरूका बीचमा अनुभव, असल अभ्यास र चुनौतीहरूको आदानप्रदानले नवीनता र सामूहिक वृद्धिलाई बढावा दिन्छ। यसले सबै तहका स्थानीय सरकार र संस्थाहरूको उदेश्यमा एकरूपता कायम भएको सुनिश्चित गर्दछ र देशभर सुधारलाई झनै प्रभावकारी बनाउँछ। अन्तरसरकारी र अन्तरसङ्गठनात्मक तवरमा सिकाइको आदानप्रदानलाई व्यवस्थित गर्ने संयन्त्र र प्रक्रिया यस अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाको हिस्सा हुनेछन्।

घ. नतिजामा आधारित अनुगमन, मूल्याङ्कन र सिकाइको ढाँचा एक प्रमुख आधार।

अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाले नतिजामा आधारित अनुगमन, मूल्याङ्कन र सिकाइको ढाँचा अपनाउँछ जसले योजनाबद्ध गतिविधिहरू मात्र पूरा गर्नुको सट्टा नतिजाहरू (प्रतिफल, परिणाम, र प्रभाव) लाई प्राथमिकता दिन्छ। काम कार्यवाहिहरूको उपलब्धिको निरन्तर निगरानी आफैमा महत्वपूर्ण विषय हो, तर नतिजामा आधारित अनुगमन, मूल्याङ्कन र सिकाइको ढाँचाले ती सुधारका गतिविधिहरूको महत्त्व निक्यौंल गर्न मद्दत गर्दछ। यसले कार्यान्वयन गर्ने संस्था र सरोकारवालाहरूलाई सुधार गतिविधिले वान्छित नतिजा प्राप्त गरे/नगरेको हेर्न मद्दत गर्दछ। यसले पूर्वनिर्धारित सूचकहरू विरुद्ध प्रगति मापन गरेर नतिजाहरू पछ्याउँछ। यसो गर्नाले प्रत्येक सुधारको कार्यले अर्थपूर्ण रूपमा उद्देश्यको पूर्तिमा योगदान पुगेको, ध्यान पुगेको, र जवाफदेहिता सिर्जना भएको सुनिश्चित गर्दछ।

ङ. सार्वजनिक वित्तीय व्यवस्थापनका मानक (विश्वव्यापी) सूचकहरूका साथै परिवेश-विशेष सूचकहरूको पनि ट्र्याकिङ ।

अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाले सार्वजनिक वित्तीय व्यवस्थापनका लागि विश्वव्यापी रूपमा मान्यता प्राप्त सूचकहरू, जस्तै सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिताबाट प्राप्त सूचकहरूलाई नेपालको आफ्नै परिप्रेक्ष अनुरूप अनुकूलित सूचकहरूसँग एकीकृत गर्दछ। यी सूचकहरूलाई मिश्रण गर्नाले वास्तविक आवश्यकताहरूलाई उचित विचार गरी अनुगमन, मूल्याङ्कन र सिकाइको डाटाबेस र प्रगति प्रतिवेदेनहरूको अन्तर्राष्ट्रिय मापदण्डहरूसँगको ऐक्यावद्दता सुनिश्चित गर्दछ।

च. तथ्याङ्कको खण्डीकरण एउटा प्राथमिकता।

अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाले समावेशिता लगायत अन्य महत्वका मुद्दाहरूलाई पर्याप्त ध्यान दिइएको सुनिश्चित गर्न भूगोल, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, र सरकारी स्तरका आधारमा तथ्याङ्कको खण्डीकरण गर्छ। यसले विसंगतिहरूको पहिचान र विशेष मुद्दाहरूलाई लक्षित गर्ने कार्यहरूको डिजाइनमा सहयोग गरेर समतामूलक प्रगति सुनिश्चित गर्दछ। तथ्याङ्कको खण्डीकरणको योजनाको विवरण नतिजामा आधारित अनुगमन, मूल्याङ्कन र सिकाइको ढाँचामा वर्णन गरिएको छ।

छ. प्रत्येक कार्यान्वयन गर्ने संस्था कार्ययोजनाको प्रगति अनुगमन र रिपोर्टिङको लागि उत्तरदायी हुने।

अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाले सबै कार्यान्वयन गर्ने संस्थाको सहमतिअनुरूप तयार भएको कार्ययोजनाको प्रगति अनुगमनमा संलग्नता सुनिश्चित गर्दछ र नियमित रूपमा सोको प्रतिवेदनको सुनिश्चितता पनि प्रदान गर्दछ। हरेक संस्थाको कार्यवाहिको ट्र्याकिङको आधार उनीहरूकै आ-आफ्नै विषयगत कार्ययोजना हुनेछन्। हरेक निकायको संलग्नताले उनिहरूको जिम्मेवारीमा स्पष्टता ल्याउनुका साथै जवाफदेहिताको संयन्त्रको रूपमा पनि काम गर्दछ, जसले निरन्तर र स्पष्ट रूपमा प्रगतिको ट्र्याकिङ र सञ्चार गर्ने कार्यमा मद्दत गर्दछ।

ज. अनुगमन, मूल्याङ्कन र सिकाइको योजनामा बहु-सरोकारवाला संलग्नताको लागि पनि संयन्त्र समावेश।

अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाले सरकार, नागरिक समाज, विकासका साझेदारहरू र निजी क्षेत्रका सरोकारवालाहरूलाई संलग्न गराउन एक संरचित संयन्त्र समावेश गर्दछ। यो सहभागितामूलक दृष्टिकोणले वैचारिक विविधताको सुनिश्चित गर्दछ र सुधार प्रक्रियामा पारदर्शिता, विश्वास र सहकार्यलाई बढावा दिन्छ।

अनुगमन, मूल्याङ्कन र सिकाइको योजनाको प्रमुख कार्यका रूपमा अनुगमन कार्यअन्तर्गत पर्ने आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण, संसदीय निरीक्षण र बाह्य प्रतिक्रियाका अलावा आवधिक समीक्षा र आन्तरिक आलोचना पनि हुनेछन् । त्यस्तै, सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति कार्यान्वयनको स्वतन्त्र मूल्याङ्कन गरिनेछ।